# वैदेशिक रोजगारीमा संलग्न महिलाहरुको अवस्था, चुनौती र जोखिम पक्षसम्बन्धी अनुसन्धान

# प्रतिवेदन



Tribhuvan University
Gender Studies Department
2009

त्रिभुवन विश्वविद्यालय
**लैङ्गिक अध्ययन विभाग**

डा. सुदीप सिंह नकर्मी, विवेका थापा, सन्जोग ठकुरी

# वैदेशिक रोजगारीमा संलग्न महिलाहरुको अवस्था, चुनौती र जोखिम पक्षसम्बन्धी अनुसन्धान

# प्रतिवेदन



प्रस्तुत गरिएको निकाय


**राष्ट्रिय महिला आयोग**

**रामशाह पथ, काठमाडौं**


---

प्रतिवेदन पेश गर्ने निकाय


**डा. सुदीप सिंह नकर्मी, विवेका थापा, सन्जोग ठकुरी**

**त्रिभुवन विश्वविद्यालय**

**लैङ्गिक अध्ययन विभाग**

**बल्खु, काठमाडौं**



**वि.सं २०८१ असार**

# कृतज्ञता

लैङ्गिक अध्ययन विभागले लैङ्गिक अवस्थाको दृष्टिबाट नेपाली समाजको अध्ययन, अनुसन्धान तथा खोजमूलक कार्य गर्ने गर्दछ भने स्नातकोत्तर तहदेखि दर्शनाचार्य-विद्यावारिधिसम्मको अध्ययन अध्यापन पनि गराउँदै आइरहेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था, चुनौती र आगामी बाटोको सन्दर्भमा राष्ट्रिय महिला आयोगसँगको सहकार्यमा यो अध्ययन हामीले सम्पन्न गरेका छौँ । यस अध्ययनले नेपालको वैदेशिक रोजगारीसम्बन्धी नीति, कार्यक्रम र योजनामा खास टेवा पुऱ्याउने हामीले विश्वास लिएका छौँ ।

नेपालका तीन जिल्लाहरू मकवानपुर, सिन्धुपाल्चोक र झापा जिल्लाका ९० जना महिलाहरूबीच गरिएको यस अध्ययनले वैदेशिक रोजगारीका खोजीमा रहेका, हाल कार्यरत र काम गरी नेपाल फर्किसकेका महिलाहरूको अवस्थाको चित्रण गरेको छ । यस अध्ययनले एकातर्फ सङ्घीय स्तरको योजना र कार्यक्रमलाई सघाउ पुऱ्याउनेछ भने अर्कोतर्फ प्रदेश र स्थानीय तहमा समेत यसका निष्कर्ष र सुझावहरूको अवलम्बनबाट फाइदा पुग्ने देखिन्छ ।

हामी, लैङ्गिक अध्ययन विभाग यस अवसरका लागि राष्ट्रिय महिला आयोगका सम्पूर्ण माननीय सदस्यज्यूहरू, सचिवज्यू र कर्मचारीहरूप्रति कृतज्ञता व्यक्त गर्दछौँ । यस अध्ययनको क्रममा तीनै जिल्लाका सरकारी तथा गैरसरकारी निकायका महानुभावहरू, मुख्य सूचनादाताहरू, हामीसँग आफ्ना कथाहरू साट्नुहुने महिला दिदीबहिनीहरूलाई पनि हामी सम्झन चाहन्छौँ । यसै गरी तथ्याङ्क सङ्कलन गर्ने क्रममा उहाँहरूसम्म पुग्न सहजीकरण गरी दिनुहुने सम्पूर्णप्रति हामी आभारी छौँ । यस अध्ययनका लागि यस विभागअन्तर्गत स्नातकोत्तर तहमा अध्ययनरत अध्ययन टोलीमा सहभागी भई विभिन्न जिल्लाहरूमा गई सूचना सङ्कलन गर्नुहुने विद्यार्थीहरू क्रमशः झापा जिल्लामा जानुहुने साहारा शिवाकोटी र स्मिता यादव, मकवानपुर जिल्लामा जानुहुने सुयशा अधिकारी र सुस्मिता हुमागाईं र सिन्धुपाल्चोक जिल्लामा जानुहुने सञ्जिता बज्राचार्य र मन्दिरा बानियाँ तथा द्वितीय तथ्याङ्क सङ्कलनमा सहयोग गर्नुहुने मनिका विश्वकर्मा, फिल्डबाट आएका तथ्याङ्क विश्लेषण गर्न सहयोग गर्नुहुने किरण भट्टराई, भाषा सम्पादनका लागि पुष्पराज राई, साजसज्जाका लागि एड क्रियु मिडिया प्रा. लि. लगायत सबैमा हाम्रो तर्फबाट विशेष धन्यवाद ज्ञापन गर्दछौँ । साथै विभागको तर्फबाट आर्थिक व्यवस्थापनमा सहयोग गरिदिनुहुने विभागका लेखा शाखाका सन्तोषकुमार अधिकारी तथा व्यवस्थापन कार्यमा सहयोग गरिदिनुहुने कार्यालय सहयोगी लिला नेपाललाई पनि धन्यवाद दिन चाहन्छौँ ।

डा. सुदीप सिंह नकर्मी

विवेका थापा

सन्जोग ठकुरी

# विषयसूची


**१. परिचय तथा अध्ययन विधि** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ अध्ययनको उद्देश्य ........ ३

१.३ अध्ययनको क्षेत्र ........ ३

१.४ अध्ययनको सीमा ........ ४

१.५ अध्ययनको प्रक्रिया ........ ४

१.६ अध्ययनको विधि ........ ५

१.७ अध्ययनको नैतिक आधार ........ ६

१.७.१ स्वयंसेवी सहभागिता ........ ६

१.७.२ लचकता, पारदर्शिता र उत्तरदायी ........ ६

१.७.३ हानि नगर्ने बाचा ........ ६

१.७.४ पूर्ण र पूर्वजानकारी ........ ६

१.७.५ गोपनीयताको सम्मान ........ ६

१.७.६ सांस्कृतिक संवेदनशीलता ........ ६

१.७.७ समानता, समावेशिता र अन्तरसम्बद्धताप्रति सचेत ........ ६

**२. नेपालमा वैदेशिक रोजगारीको नीतिगत व्यवस्था** ........ ७

२.१ रोजगार र उत्प्रेरणा ........ ७

२.२ रोजगारका अवसरहरूमा असमान पहुँच ........ ७

२.२.१ सन् १९८५ देखि १९९८ सम्म ........ ८

२.२.२ सन् १९९९ देखि २०१० सम्म ........ ८

२.२.३ सन् २०११ देखि २०१४ सम्म ........ ९

२.२.४ सन् २०१४ पश्चात् ........ ९

२.३ वैदेशिक रोजगारीका सम्बन्धमा नीतिगत व्यवस्था ........ १०

२.४ गैरसरकारी संस्थाको सहयोग ........ १२

२.५ चुनौतीहरू ........ १३

२.६ वर्तमान अवस्थामा चुनौती र समाधान ........ १५

२.६.१ शिक्षा र साक्षरता ........ १५

२.६.२ सामाजिक समावेशीकरण ........ १५

२.६.३ महिला सशक्तीकरण ........ १६

२.६.४ स्वास्थ्य सेवा र सुविधाहरू ...... १६

२.६.५ आर्थिक विकास र उद्यमशीलता ...... १७

**३. अध्ययनको नतिजा** ...... १९

३.१ अध्ययनमा सहभागी महिलाको उमेर र भूगोल ...... १९

३.२ अध्ययनमा सहभागी महिलाको जात/जातिको विवरण ...... १९

३.३ अध्ययनमा सहभागी महिलाको पारिवारिक पृष्ठभूमि ...... २०

३.४ वैवाहिक अवस्था ...... २०

३.५ शैक्षिक अवस्था ...... २०

३.६ रोजगार मुलुक ...... २१

३.७ सूचनाका स्रोतहरू ...... २२

३.८ विदेश भ्रमण र फ्री भिसा ...... २२

३.९ खर्च र बचत ...... २२

३.१० पारिवारिक जिम्मेवारी ...... २३

३.११ सम्पत्ति ...... २३

३.१२ उपलब्ध सुविधाहरू ...... २३

३.१३ अध्ययनको क्रममा वैदेशिक रोजगारीमा रहेका महिलाहरूले विदेशमा रहँदा भोगेका मुख्य समस्या ...... २४

३.१४ भावनात्मक चुनौतीहरू ...... २४

३.१५ पारिवारिक प्रतिक्रिया ...... २५

३.१६ वैदेशिक रोजगारीमा महिलालाई चुनौती ...... २५

३.१७ कामको प्रकृति ...... २६

३.१८ तयारी र निर्णय ...... २६

३.१९ बिदेसिने माध्यम ...... २७

३.२० वैदेशिक भ्रमणमा खर्च ...... २७

३.२१ वार्षिक कमाइ ...... २८

३.२२ बालबच्चासँगको सम्बन्ध ...... २९

३.२३ महिलामाथिको सामाजिक दृष्टिकोण ...... २९

३.२४ वैदेशिक रोजगारीको सकारात्मक परिवर्तन ...... ३०

**४. अध्ययनको निष्कर्ष र सुझाव** ...... ३१

४.१ अध्ययनको निष्कर्ष ...... ३१

४.१.१ झापा जिल्लाको मुख्य निष्कर्षहरू ...... ३१

४.१.२ मकवानपुर जिल्लाको मुख्य निष्कर्षहरू ...... ३४

४.१.३ सिन्धुपाल्चोक जिल्लाको मुख्य निष्कर्षहरू ...... ३८

४.२ सुझाव ...... ३९

४.२.१ नीति कार्यान्वयन ...... ३९

४.२.२ कानुनी उपाय ........ ४०

४.२.३ सीप विकास कार्यक्रमहरू ........ ४०

४.२.४ शिक्षा र चेतना ........ ४१

४.२.५ स्वरोजगारको वातावरण सिर्जना ........ ४१

४.२.६ सुरक्षित वैदेशिक रोजगार ........ ४१

४.२.७ जोखिम पक्षहरूको अध्ययर्न ........ ४१

४.२.८ महिला सशक्तीकरण ........ ४१

४.२.९ सामुदायिक समर्थन र मनोवैज्ञानिक परामर्श ........ ४१

४.२.१० उद्धार र पुनर्स्थापना ........ ४२

४.२.११ पुरूषसँगको सहकार्य र संलग्नता ........ ४२

**५. अनुसूची** ........ ४३

अनुसूची १ : अध्ययन टोली ........ ४३

अनुसूची २ : वैदेशिक रोजगारीमा संलग्न भई हाल नेपाल फर्कनुभएका महिलाहरूको व्यक्तिगत अन्तर्वार्ताको प्रश्नावली ........ ४४

अनुसूची ३ : वैदेशिक रोजगारीमा हाल संलग्न महिलाहरूको व्यक्तिगत अन्तर्वार्ताको प्रश्नावली ........ ५५

अनुसूची ४ : वैदेशिक रोजगारीमा जान तयारी गरिरहनुभएका महिलाहरूको व्यक्तिगत अन्तर्वार्ताको प्रश्नावली ........ ६६

अनुसूची ५ : मुख्य सूचना स्रोतव्यक्तिको अन्तर्वार्ताको प्रश्नावली ........ ७३

अनुसूची ६ : मुख्य सूचनादाताहरूको नामावली ........ ७६

**सन्दर्भ सूची** ........ ७७

# १. परिचय तथा अध्ययन विधि

## १.१ पृष्ठभूमि

नेपालको संविधानमा महिलाको अधिकारलाई मौलिक हकको रूपमा व्याख्या गरिएको छ भने महिला आयोगले संवैधानिक आयोगको रूपमा मान्यता प्राप्त गरेको छ । संविधानको धारा ३३ र ३४ ले क्रमशः नागरिकको रोजगारको हक र श्रमसम्बन्धी अधिकारको समेत सुनिश्चितता गरेको छ । नेपालले २०४६ सालको जनआन्दोलनपश्चात् आर्थिक उदारीकरणको नीति लिएसँगै खुला अर्थतन्त्रमा मुलुक अघि बढ्नु र दसवर्षे जनआन्दोलनको क्रममा आन्तरिक द्वन्द्व र बढ्दो बेरोजगारीका कारण कामका लागि बिदेसिने क्रम पनि बढ्न थाल्यो । वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा मात्र श्रम स्वीकृति लिएर ७ लाख ७१ हजार ३२७ युवा बिदेसिएको तथ्याङ्क सार्वजनिक भएको छ अर्थात् प्रत्येक मिनेट २ जना युवा श्रम स्वीकृति लिएर नेपालबाट विदेशी मुलुक पुग्ने गरेको छ । सँगसँगै बिनाअनुमति, गैरकानुनी ढङ्गबाट जाने ठुलो सङ्ख्या भने सरकारको तथ्याङ्कमा आउँदैन जसमा ठुलो सङ्ख्या महिलाको रहेको अनुमान गरिन्छ (Ghimire, 2023) ।

नेपाल सरकारले घरेलु कामदारको रूपमा खाडी मुलुक जाने महिलाहरूलाई विगत ३२ वर्षदेखि विभिन्न प्रकारको प्रतिबन्ध गर्दै आइरहेको छ । जसले गर्दा महिलाहरूले विभिन्न आर्थिक, सामाजिक, मानसिक जस्ता समस्याहरूबाट गुज्रिनु परिरहेको छ । सन् १९८५ देखि १९९८ (वि.सं. २०४२-२०५५) मा वैदेशिक रोजगारीमा जाने सबै महिलाले परिवारका सदस्यको अनुमति लिएको हुनुपर्ने नियम थियो । जसले गर्दा पारिवारिक अनुमति नभएका महिलाहरूले वैदेशिक रोजगारमा जान पाएनन् । यसले गर्दा महिलामाथि लैङ्गिक विभेद भएको समेत विषय उठेको थियो । अध्यागमन विभागले अध्यागमन कार्यविधि, २०६५ अन्तर्गत नेपाली महिलाका लागि जारी गर्दै आएको भ्रमण भिसासम्बन्धी संशोधन गर्ने प्रस्ताव गृह मन्त्रालयमा पठाएको थियो । प्रस्तावमा ४० वर्षमुनिका महिला विदेश भ्रमण वा खाडी मुलुक जानका लागि परिवार र वडाको सहमति अर्थात् सिफारिस पत्र चाहिने प्रावधानसहितको संशोधन प्रस्ताव अध्यागमन विभागले गृह मन्त्रालयलाई पठाएको थियो । यसबारे सामाजिक सञ्जालमा महिला अधिकारसम्बन्धी सङ्घसंस्थाहरूले समेत आपत्ति जनाएका थिए । सन् १९९८ देखि २००३ सालमा फेरि श्रम विभागले नयाँ नियमावली जारी गऱ्यो । जसको कारण वैदेशिक रोजगारका क्रममा महिला कामदारलाई खाडी मुलुक जान पूर्ण रूपमा सरकारले प्रतिबन्ध गरेको थियो । राज्यको यो नियमले झन् घरेलु कामदारको रूपमा जान लागेका महिलालाई पूर्ण रूपमा समस्या बनायो । सरकारले खाडी मुलुकमा घरेलु कामदारको रूपमा गएका महिलामाथि ज्यादती बढ्न थालेपछि यस्तो प्रतिबन्ध लगाएको बताउँदै आएको छ । यसले गर्दा प्रतिबन्ध नियम आउनुअघि घरेलु कामदारको रूपमा खाडी मुलुक गएका महिलाहरूलाई पनि नेपाल फर्कन समस्या भएको थियो । सन् २०२२ फेब्रुअरीमा मन्त्रीस्तरीय निर्णयबाट घरेलु कामदारलाई स्वदेश फर्कन र पुनः श्रम स्वीकृति लिएर रोजगारदाता कहाँ जान दिन सहजीकरण गर्ने व्यवस्था गरियो । तथापि विविध कानुनी अड्चन र व्यवधानका कारण महिलाहरू विदेशमै बस्न बाध्य भए ।

सन् २००९ को जनवरीदेखि मे महिनासम्म सरकारले महिलालाई घरेलु कामदारको रूपमा लेबनान (खाडी मुलुक) जान पूर्ण रूपमा प्रतिबन्ध गरायो । सन् २०१२ देखि २०१४ मे महिनासम्म वैदेशिक रोजगारीको क्रममा खाडी मुलुकमा घरेलु कामदारको रूपमा जान चाहने महिलाको न्यूनतम उमेर ३० वर्षभन्दा माथि हुनुपर्ने गरी बढाइयो । यसको कारण झन् ३० वर्षमुनिका महिला कामदारलाई ठुलो अन्याय भएको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका श्रमविज्ञ डा. केशव बस्याल यसलाई राज्यको महिलाप्रतिको संरक्षणवादी दृष्टिकोणको प्रतिफल भएको र यो समस्याग्रस्त रहेको बताउनुहुन्छ ।[1] सन् २०११ मा माइती नेपालमा चेलीबेटी खोजतलासका लागि १ हजार ५ सय २६ निवेदन परेका थिए जसमध्ये ७० प्रतिशत खाडी मुलुकमा गएका महिला थिए । प्रहरी प्रशासनले मानव तस्करलाई पक्राउ गर्न नसक्दा महिला सजिलै खाडी पुग्ने गरेको आफन्तको गुनासो रहेको माइती नेपालले उल्लेख गरेको छ । अवैधानिक तरिकाले खाडी मुलुकमा जाने महिलाको तथ्याङ्क सरकारी निकायमा नहुने भएकाले पनि यस क्षेत्रबाट खाडी गएकाको यकिन तथ्याङ्क छैन (Nath, 2011) । सन् २०१४ देखि २०१५ मा सरकारले फेरि वैदेशिक रोजगारका लागि खाडी मुलुकमा महिलाहरूलाई घरेलु कामदारको रूपमा जान पूर्ण रूपमा प्रतिबन्ध गरायो भने सन् २०१५ देखि २०१७ मार्चसम्ममा फेरि सरकारले उमेरहद नियम ल्यायो । २५ वर्षभन्दा कम उमेरका महिलालाई खाडी मुलुकमा कामदारको रूपमा काम गर्न निषेध गरियो । साथै, घरेलु कामदारको रूपमा जाने विवाहित महिलाको बच्चा दुई वर्षभन्दा कम हुन नहुने जस्ता व्यवस्था गऱ्यो । पुरुष विदेश जाँदा भने यस्तो नियम नहुने र महिला विदेश जाने बेला चाहिँ यस्तो नियमले

१ मिति २०८१ ज्येष्ठ ११ गते मुख्य सूचनादातासँगको अन्तर्वार्ताको क्रममा डा. केशव बस्यालसँगको अन्तर्वार्तामा आधारित

महिलापुरूरूषमाथि नै विभेद भएको देखाउँछ । साथै, सरकारको यस्तो नियमहरूले बढी मात्रामा महिलाहरूको स्वतन्त्रताको अधिकार खासेको देखिन्छ । यस कारण महिलामाथि लैङ्गिक विभेद भएको भन्ने विषय उठेको थियो ।

वि.सं. २०७४ चैत २२ गतेदेखि लागु हुने गरी सरकारले सन् २०१७ (२०७४) सालमा आएपछि मात्र घरेलु कामदारको रूपमा खाडी मुलुकमा पुरूष पनि जान नपाउने प्रतिबन्ध गरायो । यो नियमअनुसार खाडी मुलुकमा घरेलु कामदारको रूपमा महिला पुरूष दुवै जान नपाउने गरी पूर्ण रूपमा प्रतिबन्ध गरायो । वि. सं. २०७४ कात्तिक १ गते जोर्डनसँग नेपाल सरकारले श्रम सम्झौता गऱ्यो । श्रममन्त्री फरमुल्लाह मन्सुर र जोर्डनका समकक्षी डा. अली गेजावीबीच जोर्डनको श्रम मन्त्रालयमा सम्झौतामा हस्ताक्षर भएको थियो । जोर्डनमा गार्मेन्टको क्षेत्रमा नेपाली महिला कामदारको माग उच्च छ । जोर्डनबाहेक अन्य खाडी मुलुकमा घरेलु कामदारको रूपमा महिलालाई जान प्रतिबन्ध छ । बिबिसी नेपालको समाचारमा उल्लेख भएअनुसार, सन् २०१८ अगस्टको पहिलो हप्तामा दिल्ली महिला आयोगले भारत हुँदै वैदेशिक रोजगारीमा जान लागेका ७१ जना नेपाली महिलाको उद्धार गरेको थियो । त्यस्तै जुलाई २४ मा आयोगले दिल्लीबाट कुवेत र इराक पठाउन भन्दै अलपत्र पारिएका १६ जना नेपाली महिलाको उद्धार गरेको थियो । उद्धार भएका महिलाहरू १८ देखि २२ वर्षसम्मका थिए । यी महिलाहरूलाई राम्रो काम लगाइदिने भन्दै दलालीहरूले फकाइफुलाइ खाडी मुलुक लैजान लागिएको थियो । रासससमा प्रकाशित समाचारका अनुसार, वि.सं. २०७७ साउनमा माइती नेपालले बन्दाबन्दीको समयमा भारतको मणिपुर हुँदै म्यानमार पुऱ्याएर खाडी मुलुकमा घरेलु कामदारमा जान लागेका २१ जना नेपाली महिलाको उद्धार गरेको थियो । यी महिलाहरू भारतमा अलपत्र परेका थिए । माइती नेपाल, नेपालगन्जका संयोजक केशव कोइरालाले वि.सं. २०७५ सालमा एक वर्षको तथ्याङ्क सार्वजनिक गरे । रोजगारका लागि भारत तथा खाडी मुलुक पुग्ने नेपाली महिला हराउने क्रम बढेको बताए । उनका अनुसार, अघिल्लो वर्ष (वि. सं. २०७४) ८ सय ३४ जना हराएको निवेदन आएको थियो । माइती नेपालको तथ्याङ्क अनुसार, एक वर्षमा खोजतलासका लागि परेको निवेदनमा १८ वर्षमुनिका ३ सय ३२ जना थिए । देशसञ्चार डटकममा प्रकाशित रिपोर्टअनुसार बेचबिखनका लागि गाउँगाउँ जानुका साथै दलालहरूले सामाजिक सञ्जालको समेत प्रयोग गर्ने गरेको तथ्य प्रकाशमा आएको थियो । भारत तथा खाडी मुलुक पुगेर सम्पर्कविहीन हुनेमा लुम्बिनी प्रदेश, बाँके जिल्लाका धेरै छन् । एक वर्षमा बाँकेबाट १ सय ९४ जना घरपरिवारबाट सम्पर्कविहीन भएका छन् । सुर्खेतबाट १ सय ३३, बर्दियाबाट १ सय १३, दाङबाट ९१ जना, रूकुमबाट ५५, दैलेखबाट ५९, जाजरकोटबाट ४६, सल्यानबाट ५० जना, जुम्लाबाट १७ जना, कैलालीबाट २६ जना छन् । यसै गरी कालिकोटका २० जना, रोल्पाका १९ जना कामका लागि विदेशमा गएर हराएका छन् ।

वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक रोजगारीको क्रममा जाने कामदार महिलाको पक्षमा जम्मा तीनवटा नियमले मात्र न्याय दिलाउन खोजेको देखिन्छ । ऐनको परिच्छेद-१, दफा ८ अन्तर्गत वैदेशिक रोजगारीमा कामदार पठाउँदा लैङ्गिक विभेद गरिने छैन तर रोजगारदाता संस्थाबाट पुरूष वा महिला कामदारमध्ये कुनै एकको मात्र माग भई आएकोमा प्राप्त मागपत्र बमोजिमका कामदार वैदेशिक रोजगारीमा पठाउन बाधा पर्ने छैन भनिएको छ । यसरी लिङ्गको आधारमा विभेद गर्न नपाइने भनिए तापनि राज्यले महिला पुरूषबाहेक यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका बारेमा केही मतलब देखाएको छैन । यसरी बाँझिएको नियमले पुरूषलाई जसरी अलिकति मात्र अधिकार महिलाले पाएको देखिन्छ । माथिको नियमावली हेर्दा पुरूष बराबर अर्थात् महिलालाई जसरी पुरूषलाई कानुनी रूपमा प्रतिबन्ध लगाएको छैन । त्यस्तै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका बारेमा भने वैदेशिक रोजगारका लागि जान पाउने नपाउने भनेर केही नियम बनाएको छैन । तर व्यावहारिक रूपमा हेर्दा यो समुदायलाई कागजपत्रको माध्यमबाट महिला भएर पुरूष किन भनेको अर्थात् पुरूष भएर महिला किन भनेर प्रश्नहरू सोधेर विभिन्न वैदेशिक एजेन्सी, विमानस्थलमा विभेद गर्ने समुदायको गुनासो छ । यस्तो विभेद प्रायः वैदेशिक रोजगारीमा जाने समुदायको व्यक्तिहरूले धेरै समयदेखि भोग्दै आएका छन् । तर श्रम मन्त्रालय, वैदेशिक रोजगार विभागले समुदायमाथि भएको विभेदलाई बुझ्न नसकेको देखिन्छ । यस्तै विशेष सुविधा तथा आरक्षण प्रदान गर्ने सम्बन्धी दफामा वैदेशिक रोजगारीमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्ने भनिएको छ । ऐनमा वैदेशिक रोजगारीमा कामदार पठाउँदा संस्थाले नेपाल सरकारद्वारा तोके बमोजिमको सङ्ख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नुपर्ने भनिएको छ ।

सरकारले वैदेशिक रोजगारीमा जाने महिलालाई अभिमुखीकरण तालिम निःशुल्क गराएको छ । अर्थात् महिला कामदारले रकम तिरेर तालिम लिए पनि उनीहरूको रकम फिर्ता हुने व्यवस्था छ । यही क्रममा सरकारले वैदेशिक रोजगारीमा पुगेका महिलालाई सामाजिक, पारिवारिक रूपमा समस्या परेको खण्डमा सरकारले महिला पक्षलाई सकारात्मक तरिकाले वकालत गर्नुपर्ने पनि नियमले बताउँछ । सोही ऐनले वैदेशिक रोजगारीमा गएका महिला कामदारहरूका लागि भनेर शिशु स्याहार केन्द्रको व्यवस्था

गरिने भनिएको छ । तर व्यावहारिक रूपमा हेर्दा यो व्यवस्था भएको देखिँदैन । त्यसै गरी ऐनको परिच्छेद-७, कोष सम्बन्धी व्यवस्थाअनुसार, अनुसूची २६, कोषको प्रयोग (ग) मा वैदेशिक रोजगारीमा गएका महिला कामदारको बालबच्चाको उचित संरक्षणका लागि शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गर्ने व्यवस्था छ भनी उल्लेख गरिएको छ । कानुनले वैदेशिक रोजगारीको क्रममा खाडी मुलुकमा घरेलु कामदारको रूपमा महिलालाई लगाइएको प्रतिबन्ध कानुन विपरीत रहेको छ । कानुनले मलेसिया, खाडी मुलुकमा महिलालाई घरेलु कामदारको रूपमा जान दिनुपर्ने भन्छ । तर सरकारले अझै पनि खाडी मुलुकमा घरेलु कामदारमा जान महिलामाथि लागेको प्रतिबन्ध फुकुवा गरेको छैन । जसको कारण खाडी मुलुकमा अधिकांश महिलाहरू लुकेर, दलालीको ललाइफकाइमा घरेलु कामदारको रूपमा जाने गरेका छन् । उनीहरू घरेलु हिंसा, मानसिक हिंसा, यौन हिंसा, शारीरिक शोषण जस्ता समस्यामा परेका छन् । साथै, सरकारले प्रतिबन्ध लगाउनुअघि नै खाडी मुलुकमा घरेलु कामदारको रूपमा गएका महिलाहरूको सुरक्षा र संरक्षणका लागि श्रम तथा रोजगार मन्त्रालयले नीति नियममा ओगटेको देखिँदैन ।

नेपालको सामाजिक आन्दोलन, राज्यको शिक्षा, स्वास्थ्य, लैङ्गिक समानताजस्ता मुद्दामा क्रमिक रूपमा कार्यक्रमहरू प्राथमिकतामा पर्नाले र अर्कोतर्फ समाजमा विद्यमान असमानता, विभेद, लैङ्गिक हिंसा र बेरोजगारी लगायतका कारणले महिलाहरूमा समेत वैदेशिक रोजगारीमा आकर्षण र चासो बढी उल्लेख्य रूपमा देखिन्छ । एकातर्फ महिलाहरू खुला अर्थतन्त्रसँगसँगै रोजगारी र वैदेशिक रोजगारीमा प्रवेश गर्ने क्रम बढ्नु र अर्कोतर्फ कमजोर सामाजिक र नीतिगत व्यवस्था तथा समाज र विशेषतः राज्यको महिलाप्रति हेर्ने संरक्षणवादी दृष्टिकोणले गर्दा गैरकानुनी ढङ्गबाट उनीहरू बिदेसिने क्रम बढ्दै जाँदा महिलामाथि हुने हिंसा बढ्ने गरेको देखिन्छ । तसर्थ कामका सिलसिलामा बिदेसिएका, बिदेसिने क्रममा रहेका र विदेशमा काम गरी नेपाल फर्केका महिला तथा तिनका परिवारहरूसँग छलफल गरी कसरी महिलाहरूको वैदेशिक रोजगारीको अवस्थालाई अझ सहज र सुरक्षित बनाउन सकिन्छ भन्ने विषयमा आवश्यक अध्ययन र अनुसन्धान गरी यस क्षेत्रमा आगामी दिनका निम्ति नेपाल सरकारलाई सुझाव प्रदान गर्ने उद्देश्यका साथ राष्ट्रिय महिला आयोगसँगको समन्वयमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको लैङ्गिक अध्ययन विभागद्वारा यो अध्ययन सम्पन्न गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था, समस्या, चुनौती र जोखिम पक्षको अध्ययन तथा अनुसन्धान गरी सो क्षेत्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा पृष्ठपोषण उपलब्ध गराउनु यसको समग्र उद्देश्य रहेको छ भने यसका मुख्य मुख्य उद्देश्यहरूलाई निम्न प्रकारले उल्लेख गरिएका छन् :

- वैदेशिक रोजगारीमा संलग्न महिलाहरूका लागि विद्यमान नीति, कानुन तथा कार्यक्रमहरूको अध्ययन गरी नीतिगत खाडल तथा अन्तर पत्ता लगाउनु,
- वैदेशिक रोजगारीमा रहेका महिलाहरूको अवस्था, समस्या, चुनौतीका बारेमा जानकारी प्राप्त गरी सोका लागि आगामी दिनमा चाल्नु पर्ने कदमका बारेमा जानकारी प्राप्त गर्नु,
- अध्ययनबाट आएका उपलब्धिको आधारमा वस्तुनिष्ठ र कार्यान्वयन योग्य सुझावसहितको पूर्ण प्रतिवेदन तयार गर्नु ।

## १.३ अध्ययनको क्षेत्र

यस प्रक्रियामा राष्ट्रिय महिला आयोगले निर्देशित गरेबमोजिमका बागमती प्रदेशको मकवानपुर र सिन्धुपाल्चोक जिल्ला र कोशी प्रदेशको झापा जिल्लाका साइप्रस, जोर्डन, लेबनान, कुवेत, साउदी, कतार, ओमान, इराक र मलेसिया[२] मा रहेका प्रत्येक जिल्लाका ३० जना श्रमिक (वैदेशिक रोजागरमा जान लागेका : Potential, वैदेशिक रोजागरमा हाल कार्यरत : Current र वैदेशिक रोजगारीमा काम गरी नेपाल फर्किएका : Returnee Migrants) तथा उनका परिवार (Families left behind) माझ यो अध्ययन सञ्चालन गरिएको हो । यहाँ Potential श्रमिक भन्नाले श्रम स्वीकृतिको प्रतीक्षामा रहेका वा स्वीकृति प्राप्त गरी बिदेसिन तयार रहेका महिलाहरू पर्दछन् भने Current श्रमिकका रूपमा हाल उल्लिखित मुलुकमा कार्यरत महिला श्रमिकहरू पर्दछन् । त्यसै गरी Returnee Migrants भन्नाले उल्लिखित देशहरूमा काम गरी नेपाल फर्केका र हाल नेपालमै बसेका महिलाहरू पर्दछन् । यसले नेपालमै केही काम गरिरहेका, बेरोजगार अवस्थामा रहेका वा हाल पुनः सोही वा अर्को मुलुक जान प्रयासरत महिला श्रमिक समेतलाई जनाउँदछ । साथसाथै, अध्ययनले श्रमिकका परिवारसमेतलाई समेटेको छ ।

२ राष्ट्रिय महिला आयोग र अध्ययन टोलीसँगको बैठकमा आयोगका सचिवज्यूले कतार, ओमान, इराक र मलेसिया पनि थप गर्नुभएको हो ।

## १.४ अध्ययनको सीमा

- यस अध्ययन निश्चित समयसीमामा रही निश्चित स्थानमा गरिनु पर्ने भएकोले यसले नेपालका सबै आप्रवासीहरूको विचारको प्रतिनिधित्व नगर्न सक्दछ ।
- अध्ययन झापा, मकवानपुर र सिन्धुपाल्चोकमा मात्र गरिएको भएर अध्ययनले सोही जिल्लाका पनि महिलाको विषयलाई मात्र प्रतिनिधित्व गर्नेछ ।
- अध्ययनको क्रममा वैदेशिक रोजगारीमा गइसकेका, जान लागेका र हाल रोजगारमा रहेका महिलाहरूमध्ये प्रत्येक समूहबाट प्रत्येक जिल्लामा १०/१० जनाको दरले ३० जनासँग मात्र छलफल गरिएको भएर यसले समग्र आप्रवासनमा रहेका वा जान लागेका महिलाको प्रतिनिधित्व नगर्न सक्दछ ।

## १.५ अध्ययनको प्रक्रिया

यस अध्ययनका लागि प्रस्तावना तथा महिला आयोगमा भएका बैठकहरूका आधारमा विभागले विभिन्न प्रक्रियाहरू पुरा गरी कार्य सम्पन्न गरेको छ । प्रक्रियागत रुपमा अवलम्बन गरिएको कार्यप्रक्रियाका बारेमा तल चर्चा गरिएको छ ।

- **प्रस्तावनामाथि राष्ट्रिय महिला आयोग र लैङ्गिक अध्ययन विभागबीच छलफल र सम्झौता**

  महिला आयोगको बैठककक्षमा लैङ्गिक अध्ययन विभाग र महिला आयोगका प्रतिनिधिहरूबीच विभागले तयार पारेको प्रस्तावनापत्रमा आधारित भई आयोगले परिकल्पना गरेको प्रक्रिया र उद्देश्यमा रही छलफल गरी आगामी बाटो तय गरिएको थियो ।

- **प्रारम्भिक प्रतिवेदनमाथि प्रस्तुतीकरण तथा सुझाव सङ्कलन**

  सम्झौताअनुरूप विभागले प्रारम्भिक प्रतिवेदन तयार पारी महिला आयोगमा बुझाएको थियो । उक्त प्रतिवेदनमा अध्ययन गर्ने टोली, समयसीमा, अवलम्बन गरिने प्रक्रियाका साथसाथै मुख्य सूचनादाता तथा समुदायमा महिलाहरूसँग गरिने अन्तर्वार्ताका लागि तयार पारिएको प्रश्नावलीको प्रारम्भिक खाकासमेत संलग्न गरिएको थियो । सोही प्रतिवेदनमा उल्लेख भएका विषयवस्तुहरूमाथि पुनः आयोगको सुझाव सङ्कलन गरी विभागको अध्ययन टोलीले विभिन्न जिल्लाहरूमा गरिने अन्तर्वार्ताहरूको प्रश्नावलीको अन्तिम रूप तयार पारेको थियो भने आयोगबाट सिफारिस भएका सङ्घ तथा जिल्लाका लागि मुख्य सूचनादाता तथा समन्वयकर्ताहरूको सम्पर्क विवरणसमेत सङ्कलन गरिएको थियो ।

- **जिल्लाजिल्लामा समन्वय**

  आयोगबाट प्राप्त सम्पर्क विवरण तथा विभाग आफैले सङ्कलन गरेको विवरणका आधारमा जिल्लाजिल्लामा अध्ययन टोलीको भ्रमणअघि समन्वयकर्ता अर्थात् स्थानीय सहजकर्ताहरूसँग समन्वय गरिएको थियो । यस क्रममा विभिन्न पालिकाका जनप्रतिनिधिहरू, जिल्ला प्रशासन कार्यालयमा रहेका काउन्सिलर, सामी परियोजनाअन्तर्गतका जिल्ला संयोजक, नेपाल सरकारको रोजगार संयोजक लगायतसँग समन्वय गरिएको थियो ।

- **अध्ययन टोलीका लागि अभिमुखीकरण कार्यक्रम**

  अध्ययन टोलीको प्रमुख डा. सुदीप सिंह नकर्मीको नेतृत्वमा लैङ्गिक अध्ययन विभागमा फिल्डमा जानुपूर्व अध्ययनको उद्देश्य, प्रक्रिया, प्रश्नावली आदिका विषयमा जानकारी दिने हेतुले स्नातकोत्तर तहमा अध्ययनरत छनोट गरिएका ६ जना विद्यार्थीहरूका निम्ति एकदिने अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो । अभिमुखीकरणको सहजीकरण अध्ययन टोली नेता डा. नकर्मीसँगसँगै टोलीका उपप्रमुखद्वय विवेका थापा र सन्जोग ठकुरीले गर्नुभएको थियो ।

- **व्यक्तिगत अन्तर्वार्ता (महिला) र मुख्य सूचनादातासँगको अन्तर्वार्ता**

  अभिमुखीकरणपश्चात् सबै जिल्लामा दुई-दुई जनाको टोली बनाई तीनवटै जिल्लामा परिचालन गरिएको थियो । सबै जिल्लामा १०/१० जनाको दरले वैदेशिक रोजगारीमा गई फर्केका, जान लागेका र हाल कार्यरत महिलाहरूसँगको अन्तर्वार्ता, छनोट गरिएको तीन महिलासँगको विस्तृत अन्तर्वार्ता र मुख्य सूचनादाताहरूसँगको अन्तर्वार्ता सम्पन्न गरियो ।

- **फिल्डको तथ्याङ्कलाई सफ्टवेयरमा राखी विश्लेषण**

  जिल्लाबाट आएको तथ्याङ्कहरूलाई सबै फिल्डमा रहनुभएका अध्ययन टोलीबाट सङ्कलन गरी तत्पश्चात् त्यसलाई एसपीएसएस सफ्टवेयरमा राखी तथ्याङ्क विश्लेषण गरियो ।

- **अन्तिम प्रतिवेदनको मस्यौदा तयारी**

  सफ्टवेयरबाट आएको विश्लेषण, अन्तर्वार्ताहरूको क्रममा व्यक्त गरिएका विचार र विभिन्न अध्ययन तथा नीतिहरूको अध्ययनका आधारमा अन्तिम प्रतिवेदन तयार गरी मस्यौदा महिला आयोगमा पेस गरिएको थियो । उक्त मस्यौदा प्रतिवेदनमा आधारित रही राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा आयोगका सदस्य, सचिव लगायतका सम्बन्धित कर्मचारी, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधिहरूको सहभागितामा छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

- **प्रतिवेदनमाथि आयोगको सुझाव समावेश गरी अन्तिम प्रतिवेदन प्रस्तुति**

  प्राप्त सुझावहरूका आधारमा अन्तिम प्रतिवदेन तयार पारी राष्ट्रिय महिला आयोगमा लैङ्गिक अध्ययन विभागको तर्फबाट पेस गरी कार्यक्रम सम्पन्न गरियो ।

## १.६ अध्ययनको विधि

- **व्यक्तिगत अन्तर्वार्ता (Personal Interview)**

  पूर्वनिर्धारित योजनामा समूहगत छलफल अर्थात् Focused Group Discussion भए तापनि अध्ययन टोलीको अध्ययन तथा राष्ट्रिय महिला आयोगसँगको छलफल तथा सुझावपश्चात् व्यक्तिगत अन्तर्वार्ता गर्ने निर्णय गरियो । उक्त अन्तर्वार्ताका लागि तीन वटा समूहका महिलाहरूका निम्ति तीन फरक सेटका प्रश्नहरू तयार गरिएका थिए । तीन प्रकारका श्रमिक महिला तथा उनका परिवारका सदस्यहरू गरी प्रत्येक जिल्लामा १०-१० जना गरी ३० जना (जम्मा ९० जना) सँग छलफल गरियो । व्यक्तिगत अन्तर्वार्ताका लागि तयार गरिएको तीन सेट प्रश्नहरू अनुसूचीमा समावेश गरिएका छन् ।

- **मुख्य सूचनादातासँगको अन्तर्वार्ता**

  मुख्य सूचनादातासँगको अन्तर्वार्ता अर्थात् Key Informant Interview लाई दुई चरणमा सम्पन्न गरियो । मुख्य सूचनादाताको रूपमा रोजगार संयोजक, जिल्ला प्रशासन कार्यालयमा कार्यरत रोजगार सम्बन्धित कर्मचारी, सङ्घसंस्था प्रतिनिधिहरू रहेका छन् । त्यसै गरी सङ्घीय तहमा समेत विभिन्न सरकारी निकाय र गैरसरकारी निकायमा रहनुभएका महिला आप्रवासनको क्षेत्रमा कार्यरत व्यक्तिहरूसँग समेत अन्तर्वार्ता गरिएको थियो । यस क्रममा जम्मा १८ जना मुख्य सूचनादाताहरूसँग अन्तर्वार्ता गरिएको छ । अन्तर्वार्ताका लागि निर्देशित प्रश्न अनुसूची खण्डमा समावेश गरिएको छ ।

- **विस्तृत अन्तर्वार्ता**

  व्यक्तिगत अन्तर्वार्ताको क्रममा आएका सहभागीहरूमध्येबाट प्रत्येक जिल्लाबाट तीन जनासँग विस्तृत अन्तर्वार्ता अर्थात् In-depth interview सम्पन्न गरियो । यसका लागि हरेक जिल्लाका Potential, Current र Returnee Migrants गरी तीन जना छनोट गरी उहाँहरूसँग थप कुराकानी गरिएको थियो । यस विधिअन्तर्गत जम्मा ९ जनासँग विस्तृत अन्तर्वार्ता सम्पन्न भयो ।

- **स्थलगत अवलोकन**

  अध्ययन टोली छलफल तथा तथ्याङ्क सङ्कलनको क्रममा समुदाय, सरकारी निकायमा समन्वय, अन्तर्वार्ता, छलफल आदिका लागि यात्रा गर्दाका क्रममा अध्ययनको उद्देश्यसँग मेल खाने विषयवस्तु र अवस्थाहरूको समेत अवलोकन गरी त्यसलाई पनि अध्ययनको विधि मानी अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## १.७ अध्ययनको नैतिक आधार

अध्ययनको क्रममा प्राज्ञिक अध्ययनको दायरा र नियमलाई ध्यानमा राख्दै निम्न नैतिक आधारहरूको अधिनमा रही अध्ययन सम्पन्न गरिएको छ ।

### १.७.१ स्वयंसेवी सहभागिता

अध्ययनको क्रममा गरिएको कुनै पनि अन्तर्वार्तामा सहभागी हुन तथा प्रश्नको उत्तर दिनका लागि सहभागीलाई बाध्य पारिएको थिएन । हरेक सहभागी आफुखुसी अध्ययनमा सहभागी हुन पाउने र कुनै पनि प्रश्नको जबाफ नदिन वा कुनै पनि समय अन्तर्वार्ता छाडेर जान पाइने नियम बनाइएको थियो ।

### १.७.२ लचकता, पारदर्शिता र उत्तरदायी

स्थानीय स्तरमा घर, पालिका, टोल, जिल्ला प्रशासन कार्यालय आदिमा महिलाहरूको अनुकूलताका आधारमा अध्ययन टोलीले अन्तर्वार्ता सम्पन्न गरिएको थियो । साथै, अध्ययनका सीमा र उद्देश्यमाथि समेत स्पष्ट सूचना दिई कुनै पनि किसिमको नीतिगत वा कार्यक्रमगत बाचा गरिएको थिएन ।

### १.७.३ हानि नगर्ने बाचा

अध्ययनको क्रममा अनुसन्धानदाताबाट अन्तर्वार्ता दिने व्यक्तिमाथि कुनै पनि किसिमको हानि नहोस् भन्नका खातिर अभिमुखीकरणको बेलामा नै अध्ययन टोलीलाई सचेत बनाइएको थियो । कस्ता शब्द, विचार, हाउभाउबाट अन्तर्वार्ता दिने व्यक्ति असुरक्षित महसुस गर्न सक्दछन् भन्नेबारेमा पूर्वसचेत गराई सोहीअनुरुप जिल्लाजिल्लामा खटाइएको थियो ।




### १.७.४ पूर्ण र पूर्वजानकारी

अध्ययन टोलीलाई जिल्ला जानुपूर्व नै अध्ययनका बारेमा पूर्ण जानकारी दिइएको थियो भने जिल्ला जिल्लामा पनि यात्राअघि नै स्थानीय समन्वयकर्ताहरूसँग छलफल गरी मुख्य सूचनादाता र महिलाहरूलाई पूर्वजानकारी दिइएको थियो । प्रत्येक अन्तर्वार्ताको सुरुवातमा पनि अध्ययनको पूर्ण जानकारी दिई व्यक्तिको अनुमतिपश्चात् मात्र अन्तर्वार्ता सुरु गरिएको थियो ।

### १.७.५ गोपनीयताको सम्मान

अध्ययनको क्रममा सहभागी भएका महिलाहरूको नाम कहीँ पनि उल्लेख गरिएको छैन भने मुख्य सूचनादाताहरूमा पनि नाम उल्लेख गर्न सहमति प्रदान गर्नुहुने व्यक्तिको मात्र नाम उल्लेख गरिएको छ ।

### १.७.६ सांस्कृतिक संवेदनशीलता

पालिका, समुदायहरूमा जाँदा हामीले बोलिने भाषा, हाम्रा हाउभाउहरूमा गइएको समुदाय तथा व्यक्तिप्रति असंवेदनशील हुने गरी प्रस्तुत नहोऊन् भन्नका खातिर विशेष संवेदनशीलता अपनाइएको थियो ।

### १.७.७ समानता, समावेशिता र अन्तरसम्बद्धताप्रति सचेत

माथि उल्लिखित सबै आधारहरूलाई समेटी अध्ययनको क्रममा यथासक्य समावेशिताको कुरालाई मध्यनजर गरिएको छ भने सबै जिल्ला र समूहबाट बराबर मात्रामा अन्तर्वार्ता सम्पन्न गरिएको छ । साथै अध्ययन गर्दा र विश्लेषणको क्रममा प्राप्त सूचनाहरूलाई आधार मानी अन्तरसम्बद्धता (intersectionality) समेत विशेष ध्यान दिइएको छ ।

# २. नेपालमा वैदेशिक रोजगारीको नीतिगत व्यवस्था

## २.१ रोजगार र उत्प्रेरणा

सन् १९८० देखि १९९० को दशकमा, नेपालमा रोजगार सिर्जनामा सरकारी क्षेत्रले प्रमुख भूमिका खेलेको थियो । यस अवधिमा सरकारले ग्रामीण विकासलाई प्राथमिकता दिँदै विभिन्न विकास परियोजनाहरू सञ्चालन गरेको थियो । यी परियोजनाहरूमा ग्रामीण जनसङ्ख्यालाई सक्रिय रूपमा संलग्न गर्दै रोजगारका अवसरहरू सिर्जना गरिएको थियो । विशेष गरी सडक निर्माण, सिँचाइ परियोजना र कृषि विकास कार्यक्रमहरूमा स्थानीय जनताको व्यापक सहभागिता सुनिश्चित गरिएको थियो । सडक निर्माण परियोजनाहरूले ग्रामीण भेगलाई बजारसँग जोड्न मद्दत पुऱ्याएको थियो, जसका कारण स्थानीय उत्पादनको व्यापार बढेको थियो । सिँचाइ परियोजनाहरूले कृषिको उत्पादनशिलता बढाएको थियो भने कृषि विकास कार्यक्रमहरूले आधुनिक कृषि प्रविधिको प्रयोगलाई प्रोत्साहन दिएका थिए । यसले गर्दा ग्रामीण अर्थतन्त्रमा ठोस सुधार आएको थियो, जसले स्थानीय जनसङ्ख्याको जीविकोपार्जनमा सकारात्मक प्रभाव पारेको थियो ।

सन् २००० देखि २०१० को दशकमा निजी क्षेत्र र वैदेशिक रोजगारीले रोजगार सिर्जनामा महत्त्वपूर्ण भूमिका खेल्न थाले । औद्योगिकीकरण र सेवा क्षेत्रको विस्तारले नेपालमा रोजगारका अवसरहरू वृद्धि गऱ्यो । विशेष गरी निर्माण, पर्यटन, र सेवा क्षेत्रका उद्योगहरूले धेरै रोजगार सिर्जना गरे । निर्माण क्षेत्रमा ठूला भवनहरू, सडकहरू र जलविद्युत् परियोजनाहरूले ठूलो सङ्ख्यामा श्रमिकहरूलाई रोजगार प्रदान गरेका थिए । पर्यटन क्षेत्रले होटल, रेस्टुरेन्ट, तथा अन्य सेवाहरूमा थुप्रै रोजगार सिर्जना गरेको थियो । साथै, वैदेशिक रोजगारमा जाने युवाहरूको सङ्ख्या उल्लेखनीय रूपमा वृद्धि भयो । खाडी मुलुकहरू, मलेसिया, कोरिया र जापान जस्ता देशहरूमा काम गर्न जाने नेपालीहरूको सङ्ख्या बढ्दै गयो, जसले देशमा रेमिट्यान्सको रूपमा ठूलो मात्रामा विदेशी मुद्रा भित्र्याउन सहयोग गऱ्यो । वैदेशिक रोजगारीले युवाहरू र तिनका परिवारलाई आर्थिक रूपमा सशक्त बनाएको थियो । रेमिट्यान्सको रूपमा आएको पैसाले घर निर्माण, शिक्षा, स्वास्थ्य सेवा र साना व्यवसायहरूमा लगानी गर्न प्रेरित गऱ्यो, जसले देशको आर्थिक स्थायित्व र विकासमा योगदान पुऱ्यायो ।

## २.२ रोजगारका अवसरहरूमा असमान पहुँच

उपलब्ध रोजगारका अवसरहरूमा सबैलाई समान पहुँच भएको देखिँदैन । विशेष गरी ग्रामीण भेगका मानिसहरू, महिलाहरू, र आर्थिक रूपमा कमजोर वर्गका व्यक्तिहरूले रोजगारका अवसरहरूमा पहुँच पाउन कठिनाइ भोग्नुपरेको छ जसका कारण अधिकांश अनौपचारिक क्षेत्रमा काम गर्न बाध्य छन् । यो असमानता विभिन्न कारणहरूले उत्पन्न भएको हो । शिक्षा र सीपको कमी, स्थानीय स्तरमा उद्योगहरूको अभाव, वैदेशिक रोजगारीका लागि आवश्यक सम्पर्क र स्रोत साधनहरूको अभाव जस्ता कारणहरूले यसलाई थप बल दिएका छन् । शिक्षा र सीपको अभाव ग्रामीण भेगका मानिसहरू, महिलाहरू र आर्थिक रूपमा कमजोर वर्गका व्यक्तिहरूका लागि रोजगारका अवसरहरूमा पहुँचको प्रमुख अवरोध हो । ग्रामीण क्षेत्रमा शिक्षाको पहुँच र गुणस्तर सीमित भएको कारणले गर्दा यहाँका मानिसहरू रोजगारीका लागि आवश्यक सीप र ज्ञान हासिल गर्न सक्दैनन् । साथै, स्थानीय स्तरमा उद्योगहरूको अभावले गर्दा यहाँका जनताका लागि रोजगारीका अवसरहरू सीमित हुन्छन् । यो अभावले उनीहरूलाई वैदेशिक रोजगारीमा निर्भर रहन बाध्य बनाउँछ । तर, वैदेशिक रोजगारीका लागि आवश्यक सम्पर्क र साधनहरूको अभावले गर्दा आर्थिक रूपमा कमजोर वर्गका व्यक्तिहरू र ग्रामीण क्षेत्रका मानिसहरूलाई अझ बढी समस्यामा पार्दछ ।

महिलाहरूको सन्दर्भमा नेपाल सरकारले विगत ३२ वर्षदेखि घरेलु कामदारको रूपमा खाडी मुलुक जाने महिलाहरूलाई विभिन्न प्रकारका प्रतिबन्धहरू लगाउँदै आएको छ । यस्ता नीतिहरूले महिलाहरूलाई रोजगारका अवसरहरूमा पहुँचको दृष्टिकोणबाट अझ बढी असमान बनाएको छ । यी प्रतिबन्धहरूले महिलाहरूलाई आर्थिक, सामाजिक र मानसिक समस्याहरूबाट गुज्रिन बाध्य पारेका छन् । नीतिगत दृष्टिकोणबाट हेर्दा, १९९० को दशकदेखि हालसम्मका विभिन्न समयमा सरकारको नीति महिलाहरूको वैदेशिक रोजगारीमा प्रतिबन्ध लगाउनेतर्फ केन्द्रित रहेको छ । प्रारम्भमा, सुरक्षा र संरक्षणको नाममा लगाइएको प्रतिबन्धले महिलाहरूलाई वैदेशिक रोजगारीका अवसरहरूबाट वञ्चित गऱ्यो जसले महिलाहरूको आर्थिक सशक्तीकरणमा अवरोध पुऱ्याएको छ । पछिल्ला वर्षहरूमा यस्ता नीतिहरूमा केही सुधार भए तापनि महिलाहरूको वैदेशिक रोजगारीमा सहज पहुँच सुनिश्चित गर्न अझै धेरै काम गर्नुपर्ने आवश्यकता छ ।

उपलब्ध रोजगारका अवसरहरूमा सबैलाई समान पहुँचको सुनिश्चितता अझै पनि चुनौतीपूर्ण रहेको छ । विशेष गरी ग्रामीण

भेगका मानिसहरू, महिलाहरू र आर्थिक रूपमा कमजोर वर्गका व्यक्तिहरूले शिक्षा र सीपको अभाव, स्थानीय उद्योगहरूको अभाव र वैदेशिक रोजगारीका लागि आवश्यक सम्पर्क र साधनहरूको कमी जस्ता समस्याहरूका कारण रोजगारका अवसरहरूमा समान पहुँच पाउन कठिनाइ भोगिरहेका छन् । सरकारको नीतिहरूमा सुधार गर्दै यी समूहहरूको पहुँच बढाउन आवश्यक छ ।

### *२.२.१ सन् १९८५ देखि १९९८ सम्म*

सन् १९८५ देखि १९९८ (वि.सं. २०४२–२०५५) सम्म, नेपालमा वैदेशिक रोजगारीमा जाने महिलाहरूले परिवारका सदस्यहरूको अनुमति लिनुपर्ने नियम लागू गरिएको थियो । यस नीतिले पारिवारिक अनुमति नभएका महिलाहरूलाई वैदेशिक रोजगारीमा जानबाट वञ्चित गर्‍यो, जसले महिलामाथि लिङ्गका आधारमा हुने विभेदलाई संस्थागत गर्‍यो । यो विभेदकारी नीति लागू हुँदा महिलाहरूले वैदेशिक रोजगारीको अवसर प्राप्त गर्न कठिनाइको सामना गर्नुपरेको थियो । नागरिक समाज र महिला अधिकारकर्मीहरूले यस नियमको विरोधमा आवाज उठाएका थिए । उनीहरूले राज्यको यो नीति महिलामाथि अन्यायपूर्ण रहेको र यो विभेदकारी नियम खारेज गर्नुपर्ने माग गरेका थिए । महिला अधिकारका पक्षधरहरूले महिला सशक्तीकरण र समानताको पक्षमा तर्क गर्दै, यस्ता नीतिहरूले महिलाको स्वतन्त्रतामा बाधा पुर्‍याउने र आर्थिक रूपमा उनीहरूलाई पछाडि पार्ने बताएका थिए ।

समग्रमा सन् १९८५ देखि १९९८ सम्मको अवधिमा लागू गरिएको पारिवारिक अनुमतिसम्बन्धी नियमले महिलामाथि लिङ्गका आधारमा विभेद गरेको स्पष्ट देखिन्छ । यसले महिलाहरूलाई वैदेशिक रोजगारीमा जानबाट रोकेको मात्र होइन, उनीहरूको आर्थिक स्वतन्त्रता र सशक्तीकरणमा समेत अवरोध पुर्‍याएको छ । नागरिक समाजले यस विभेदकारी नीतिको विरोधमा आवाज उठाएपछि यो विषय व्यापक रूपमा बहसको विषयसमेत बनेको छ ।

### *२.२.२ सन् १९९८ देखि २०१० सम्म*

सन् २००८ (वि.सं. २०६५) मा अध्यागमन विभागले अध्यागमन कार्यविधिअन्तर्गत नेपाली महिलाहरूका लागि भ्रमण भिसासम्बन्धी प्रावधानमा संशोधन गर्ने प्रस्ताव गृह मन्त्रालयमा पठायो । यो प्रस्तावमा ४० वर्षमुनिका महिलाहरूले विदेश भ्रमण वा खाडी मुलुक जानका लागि परिवार र वडाको सहमति अर्थात् सिफारिस पत्र आवश्यक पर्ने प्रावधान राखिएको थियो । महिला पुनर्स्थापना केन्द्र (ओरेक) सहित विभिन्न संस्थाहरूले यस प्रस्तावको विरोध गरे । यसले महिलाहरूको आर्थिक अवसरहरूलाई सीमित बनायो र उनीहरूको सशक्तीकरणमा बाधा पुर्‍यायो भन्दै नागरिक समाजले यो विषयमा विरोध जनाउँदै महिलाहरूको सुरक्षाका लागि वैकल्पिक उपायहरू अवलम्बन गर्नुपर्ने माग राख्यो ।

यस समयमा श्रम विभागले नयाँ नियमावली जारी गर्दै खाडी मुलुकमा महिला कामदारलाई पूर्ण रूपमा जान प्रतिबन्ध लगायो । सरकारले यो कदम उठाउने मुख्य कारण खाडी मुलुकमा घरेलु कामदारको रूपमा गएका महिलामाथि बढ्दो ज्यादती थियो । नयाँ नियमावलीले महिलाहरूलाई वैदेशिक रोजगारीमा जान अझ कठिन बनायो । खाडी मुलुकमा घरेलु कामदारको रूपमा काम गर्ने महिलाहरूले विभिन्न प्रकारका हिंसा र शोषणको सामना गर्नुपरेको तथ्यलाई सरकारले प्रतिबन्धको कारण बतायो । तर, यो प्रतिबन्धले महिलाहरूको रोजगारीको अवसरलाई सीमित मात्र होइन, उनीहरूको आर्थिक स्वतन्त्रता र सशक्तीकरणमा पनि बाधा पुर्‍यायो । नागरिक समाज र महिला अधिकारकर्मीहरूले सरकारको यस निर्णयको विरोध गरे । उनीहरूले प्रतिबन्धको सट्टा महिलाहरूलाई सुरक्षा दिने उपायहरूमा ध्यान दिनुपर्ने तर्क गरे । यस्ता प्रतिबन्धले महिलाहरूलाई वैदेशिक रोजगारीका अवसरबाट वञ्चित गर्ने मात्र नभई अवैध मार्गबाट विदेश जान बाध्य पार्ने जोखिम पनि बढाउने उनीहरूको भनाइ थियो ।

सन् २००३ देखि २०१० सम्म सरकारले महिला कामदारहरूका लागि खाडी मुलुकमा जान लागेको प्रतिबन्धमा केही मात्रामा सहजता ल्यायो । यद्यपि, यो आंशिक मात्र थियो, जसले गर्दा घरेलु कामदारका रूपमा जान चाहने महिलाहरूलाई खाडी मुलुक जान अनुमति दिइयो । तर, यो समयावधिमा पनि पहिलेका प्रतिबन्धहरू पूर्ण रूपमा फुकुवा भएका थिएनन् । यसका कारण, नेपाल-भारतको दलालहरूको सञ्जालले महिलाहरूलाई झुक्क्याएर, प्रलोभनमा पारेर र अलपत्र पारेर विभिन्न किसिमका हिंसाहरूको सामना गराएको पाइयो ।

सन् २००९ को जनवरीदेखि मे महिनासम्म, सरकारले महिलाहरूलाई घरेलु कामदारका रूपमा लेबनान जान पूर्ण रूपमा प्रतिबन्ध लगायो । यो प्रतिबन्धले महिलाहरूको सुरक्षाका लागि गरिएको कदम भनेर सरकारद्वारा भनिए  तापनि, यसले धेरै महिलाहरूको रोजगारीका अवसरहरूमा बाधा पुर्‍यायो । विभिन्न दलालहरूले महिलाहरूलाई वैध मार्गबाट विदेश जान नसक्ने स्थिति सिर्जना

भएपछि अवैध मार्ग र माध्यमहरू प्रयोग गर्न बाध्य पारे । यसले महिलाहरूलाई थप जोखिम र हिंसाको सामना गर्नुपर्ने स्थिति ल्यायो ।

समग्रमा सन् २००३ देखि २०१० सम्मको अवधिमा सरकारले खाडी मुलुकमा महिला कामदारका लागि आंशिक रूपमा प्रतिबन्ध हटाएको भए पनि यो प्रयत्न अपर्याप्त साबित भयो । प्रतिबन्धहरू पूर्ण रूपमा फुकुवा नभएकाले महिलाहरूले अझै पनि विभिन्न प्रकारका जोखिम र अवरोधहरूको सामना गर्नुपर्‍यो । नेपाल–भारत दलालहरूको गतिविधिले महिलाहरूलाई झुक्क्याएर, फकाएर र हिंसामा पारेर वैदेशिक रोजगारमा थप समस्या उत्पन्न गर्‍यो । यसले गर्दा महिला कामदारहरूको सुरक्षाका लागि थप उपायहरू अवलम्बन गर्न आवश्यक रहेको देखिन्छ ।

### *२.२.३ सन् २०१० देखि सन् २०१४ सम्म*

सन् २०१२ देखि २०१४ को मे महिनासम्म सरकारले खाडी मुलुकमा घरेलु कामदारका रूपमा जाने महिलाहरूको लागि उमेरको हदबन्दी बढाएर ३० वर्ष तोक्यो । यस नीतिले ३० वर्षभन्दा कम उमेरका महिलाहरूलाई घरेलु कामदारका रूपमा जानबाट रोक्यो, जसले गर्दा ती महिलाहरूमा ठूलो अन्याय भएको मानिन्छ । सन् २०११ मा माइती नेपालमा हराइरहेका महिलाहरूको खोजतलासका लागि १,५२६ निवेदनहरू दर्ता भएका थिए, जसमा ७० प्रतिशत महिला खाडी मुलुकमा गएका थिए । मानव तस्करहरूले भारतमा भिसा बनाएर नेपाली महिलाहरूलाई खाडी मुलुक पुर्‍याउने गरेको तथ्य उजागर भयो। प्रहरी प्रशासनले मानव तस्करहरूलाई पक्राउ गर्न नसक्दा महिलाहरू सजिलै खाडी मुलुकमा पुगिरहेका थिए । माइती नेपालले उल्लेख गरेअनुसार, अवैधानिक तरिकाले खाडी मुलुक जाने महिलाहरूको तथ्याङ्क सरकारी निकायसँग उपलब्ध नभएकाले यकिन तथ्याङ्क अभाव रहेको छ।

यस नीतिले ३० वर्षभन्दा कम उमेरका महिलाहरूलाई वैध माध्यमबाट विदेश जानबाट वञ्चित गरेपछि उनीहरूले अवैध र जोखिमपूर्ण माध्यमहरू रोज्न बाध्य भए । मानव तस्करहरूको सञ्जालले यस स्थितिको फाइदा उठाउँदै महिलाहरूलाई भारत हुँदै खाडी मुलुकमा पठाएको थियो । यसले गर्दा महिलाहरूले विभिन्न किसिमका हिंसा र शोषणको सामना गर्नुपरेको थियो । सरकारी निकायसँग अवैध माध्यमबाट जाने महिलाहरूको यकिन तथ्याङ्क नभएकाले यस समस्याको वास्तविक परिमाण थाहा पाउन कठिन भएको छ ।

समग्रमा सन् २०१२ देखि २०१४ सम्मको उमेर सीमा वृद्धिसम्बन्धी नियमले ३० वर्षभन्दा कम उमेरका महिलाहरूलाई ठूलो अन्याय गर्‍यो । यसले उनीहरूको वैदेशिक रोजगारीको अवसरलाई सीमित मात्र होइन, उनीहरूलाई अवैध माध्यमहरू प्रयोग गर्न बाध्य पार्‍यो । मानव तस्करीको जोखिम बढेको देखिन्छ, जसमा प्रहरी प्रशासनको कमजोरीले समस्या थप जटिल बनाएको छ। सरकारसँग यकिन तथ्याङ्कको अभावले यस समस्याको समाधानमा चुनौती थपेको छ।[३]

### *२.२.४ सन् २०१४ पश्चात*

सन् २०१४ देखि २०१५ सम्म सरकारले खाडी मुलुकमा महिलाहरूलाई घरेलु कामदारको रूपमा जान पूर्ण रूपमा प्रतिबन्ध लगायो । त्यसपछि सन् २०१५ देखि २०१७ को मार्च महिनासम्म सरकारले उमेरको हदबन्दीसहित नयाँ नियम जारी गर्‍यो । यस नियमअनुसार, २५ वर्षभन्दा कम उमेरका महिलाहरूलाई खाडी मुलुकमा कामदारका रूपमा काम गर्न निषेध गरियो । साथै, घरेलु कामदारका रूपमा जाने विवाहित महिलाहरूका लागि, उनीहरूको बच्चा २ वर्षभन्दा कम उमेरको नहुनुपर्ने प्रावधान राखियो । यस प्रकारका नियमहरूले पुरुषहरू विदेश जानको लागि कुनै प्रतिबन्ध नहुँदा, महिलाहरूका लागि भने कठोर नियम लागू हुनुले महिला–पुरुषबीचको विभेद स्पष्ट देखाउँछ । यस्ता नियमहरूले महिलाहरूको गतिशीलतामाथि अंकुश लगाउने सरकारको अभिप्राय प्रकट गर्दछ । महिलाहरूको आर्थिक अवसर र स्वतन्त्रतामा बाधा पुर्‍याउँदै यी नियमहरूले लिङ्गका आधारमा विभेदलाई संस्थागत गरेको छ ।

सन् २०१७ (वि.सं. २०७४) मा आएर मात्र सरकारले घरेलु कामदारको रूपमा खाडी मुलुकमा पुरुषहरूलाई पनि जान नपाउने गरी पूर्ण प्रतिबन्ध गर्‍यो । यो नयाँ नियम वि.सं. २०७४ चैत २२ गतेदेखि लागू भयो, जसअनुसार खाडी मुलुकमा घरेलु कामदारका रूपमा महिला र पुरुष दुवै जान पाउने छैनन् । यस नयाँ प्रतिबन्धले खाडी मुलुकमा घरेलु कामदारका रूपमा काम गर्न जान चाहने सबै व्यक्तिमाथि पूर्ण रोक लगायो । यद्यपि, यसले पहिल्यैदेखि देखिएको लिङ्ग आधारित विभेदलाई सम्बोधन गर्ने प्रयास गरे तापनि, यसले समग्रमा नेपाली कामदारहरूको वैदेशिक रोजगारीका अवसरलाई सीमित बनायो ।

---

३. https://ekantipur.com/printedition/2011/12/28/260014.html

२०७४ कात्तिक १[४] गते नेपाल सरकारले जोर्डनसँग श्रम सम्झौता गऱ्यो । यस सम्झौतामा नेपालका श्रममन्त्री फरमुल्लाह मन्सुर र जोर्डनका श्रममन्त्री डा. अली गेजावीबीच जोर्डनको श्रम मन्त्रालयमा हस्ताक्षर भयो। जोर्डनमा विशेष गरी गार्मेन्ट उद्योगमा नेपाली महिला कामदारहरूको उच्च माग रहेको छ, जसले गर्दा नेपाली महिलाहरूलाई जोर्डनमा रोजगारीका लागि जान नयाँ अवसर प्राप्त भएको छ । यो श्रम सम्झौतापछि नेपाली महिलाहरूले जोर्डनमा घरेलु कामदारका रूपमा पनि काम गर्ने अवसर पाए। यसअघि, नेपाली महिलाहरूले जोर्डनमा घरेलु कामदारका रूपमा काम गर्ने अनुमति पाएका थिएनन् । यो सम्झौताले नेपाली महिलाहरूको लागि नयाँ रोजगारका अवसरहरू खोलिदिएको छ, जसले उनीहरूको आर्थिक सशक्तिकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। जोर्डनसँगको श्रम सम्झौताले नेपाली महिला कामदारहरूको लागि सुरक्षित र वैधानिक रूपमा रोजगारका लागि विदेश जान सहयोग पुऱ्याएको छ । यसले दुवै देशबीचको श्रम सम्बन्धलाई अझ बलियो बनाएको छ र नेपाली कामदारहरूको सुरक्षालाई प्राथमिकता दिएको छ । यो सम्झौताले नेपाली महिलाहरूको रोजगारीको अवसर विस्तार गर्दै उनीहरूको आर्थिक अवस्थालाई सुधार्न मद्दत पुऱ्याउनेछ ।

२०१८ अगस्टका[५] पहिलो हप्तामा दिल्ली महिला आयोगले भारत हुँदै वैदेशिक रोजगारीमा जान लागेका ७१ जना नेपाली महिलाको उद्धार गरे । त्यस्तै जुलाई २४ मा आयोगले दिल्लीबाट कुवेत र इराक पठाउन भन्दै अलपत्र पारिएका १६ जना नेपाली महिलाको उद्धार गरे । उद्धार भएका महिलाहरू १८ देखि २२ वर्षसम्म उमेर समुहका थिए । यसरी उद्धार भएका महिलाहरूलाई दलालीहरूले फकाइफुलाई विदेशमा राम्रो पैसा आउने काम लगाइदिने भन्दै खाडी मुलुकमा लैजान लागेका थिए ।

यसै गरी २०७७ साउनमा, माइती नेपालले बन्दाबन्दीको समयमा भारतबाट २१ जना महिलाहरूलाई उद्धार गरेको थियो । यी महिलाहरूले भारतको मणिपुरबाट म्यानमार जान लागेकी थिए, जहाँ उनीहरूले खाडी मुलुकहरूमा घरेलु कामदारको रूपमा काम गर्न खोजेका थिए । उनीहरू भारतमा अलपत्र परेका थिए । माइती नेपालले यस घटनामा उद्धार गर्दा उनीहरूको सुरक्षा, संरक्षण र सहायताको भार उठाएको थियो। उनीहरूको उद्धारले मानवीय अधिकारको संरक्षणमा मद्दत पुऱ्याएको थियो।[६]

माइती नेपालले योभन्दा दुई वर्षअघि सालमा पनि नेपालको बेचबिखनमा गएका महिलाहरूको तथ्याङ्क सार्वजनिक गरेको थियो । त्यसका अनुसार, भारतमा खाडी मुलुकहरूमा जाने नेपाली महिलाहरूको सङ्ख्या वृद्धिशील छ । दलालहरूले 'राम्रो काम र दाम' पाइने भन्दै खाडी मुलुकमा जान लाग्ने विभिन्न गाउँमा गएर महिलाहरूलाई प्रलोभनमा फसाउने गरेको थियो । दलालहरूले १८ वर्षमुनिका बालिकाहरूलाई बढीमा आफ्नो रोजाइमा पार्ने गरेका थिए । एक वर्षमा, १८ वर्षमुनिका ३ सय ३२ बालिकाहरू थिए । दलालहरूले सामाजिक सञ्जालहरू जस्तैः इमो, फेसबुक, इन्स्टाग्रामबाट बालिकाहरूलाई ललाईफकाई गरी फसाउने गरेका थिए । यसरी फसाइनेमा बाँके जिल्लाका बालिकाहरू धेरै पाइएको छ । तथ्याङ्कअनुसार एक वर्षमा बाँके जिल्लाबाट १ सय ९४, सुर्खेतबाट १ सय ३३, बर्दियाबाट १ सय १३, दाङबाट ९१, रूकुमबाट ५५, दैलेखबाट ५९, जाजरकोटबाट ४६, सल्यानबाट ५०, जुम्लाबाट १७, कैलालीबाट २६, कालिकोटबाट २० र रोल्पाबाट १९ बालिकाहरूले वैदेशिक रोजगारीको लागि बेपत्ता भएका छन् ।[७]

नेपाल सरकारले महिलामाथि लगाएको प्रतिबन्धका कारण नियम आउनुअघि खाडी मुलुक गएका घरेलु कामदार महिलाहरूलाई स्वदेश फर्कन समस्या भएको थियो । त्यसै कारणले यसरी महिलाहरू बेपत्ता भएको हुन सक्छ । तर, खाडी मुलुकमा गएका महिलाहरू आफ्नो देश नेपाल फर्किएपछि सरकारले आफ्नो काममा फर्काउन र पुनः श्रम स्वीकृति लिएर रोजगारदाताहरूको पासमा जान दिन सहजीकरण गरेको थियो ।

## २.३ वैदेशिक रोजगारीका सम्बन्धमा नीतिगत व्यवस्था

वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक रोजगारीका क्रममा जाने महिला कामदारको पक्षमा जम्मा तीनवटा नियमले मात्र न्याय दिलाउन खोजिएको देखिन्छ । पहिलो हो, ऐनको परिच्छेद-१, दफा ८ जसमा ऐनबमोजिम वैदेशिक रोजगारीमा कामदार पठाउँदा लैङ्गिक विभेद गरिने छैन भनी उल्लेख गरिएको छ । तर रोजगारदाता संस्थाबाट पुरुष वा महिला कामदारमध्ये कुनै एकको मात्र माग भई आएकोमा प्राप्त मागपत्रबमोजिमका कामदार वैदेशिक रोजगारीमा पठाउन बाधा पर्ने छैन पनि भनिएको

४. https://ekantipur.com/news/2017/10/18/20171018155453.html

५. https://www.bbc.com/nepali/news-46452024, 2018

६. himalkhabar.com, 2077

७. https://deshsanchar.com/2018/12/31/140440/2075

छ । तर ऐनले महिला र पुरुषका बारेमा मात्र उल्लेख गर्दा यो ऐन लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका विषयमा भने मौन रहेको देखिन्छ अर्कोतर्फ महिलालाई जसरी पुरुषलाई कानुनी रूपमा प्रतिबन्ध लगाएको पनि देखिँदैन । त्यस्तै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका बारेमा भने वैदेशिक रोजगारका लागि जान पाउने नपाउने भनेर केही नियम बनाएको छैन । तर व्यावहारिक रूपमा हेर्दा यो समुदायलाई कागजपत्रको माध्यमबाट महिला भएर पुरुष किन भनेको र पुरुष भएर महिला किन भनेर प्रश्नहरू सोधेर विभिन्न वैदेशिक एजेन्सी, विमानस्थलमा विभेद गर्ने समुदायको गुनासो छ । यस्तो विभेद प्रायः वैदेशिक रोजगारीमा जाने समुदायको व्यक्तिहरूले धेरै समयदेखि भोग्दै आएका छन् । तर श्रम मन्त्रालय, वैदेशिक रोजगार विभागले समुदायमाथि भएको विभेदलाई बुझ्न नसकेको देखिन्छ ।

ऐनले विशेष सुविधा तथा आरक्षण प्रदान गर्ने सम्बन्धमा वैदेशिक रोजगारीमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्ने भनिएको छ । परिच्छेद २ अनुसार, वैदेशिक रोजगारीमा कामदार पठाउँदा संस्थाले नेपाल सरकारद्वारा तोके बमोजिमको सङ्ख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नुपर्ने भनिएको छ । यसै गरी वैदेशिक रोजगारीमा जाने महिलालाई सरकारले अभिमुखीकरण तालिम निःशुल्क समेत गराएको छ । जसका कारण महिला कामदारले रकम तिरेर तालिम लिए पनि उनीहरूको रकम फिर्ता हुने व्यवस्था छ । यही क्रममा सरकारले वैदेशिक रोजगारीमा पुगेका महिलालाई सामाजिक, पारिवारिक रूपमा समस्या परेको खण्डमा सरकारले महिला पक्षलाई सकारात्मक तरिकाले वकालत गर्नुपर्ने पनि नियमले बताउँछ । वैदेशिक रोजगारीमा गएका महिला कामदारहरूका लागि भनेर शिशु स्याहार केन्द्रको व्यवस्था गरिने भनिएको छ । ऐनकै परिच्छेद-७ को कोषसम्बन्धी व्यवस्थाअनुसार, अनुसूची २६को कोषको प्रयोग (ग) मा भनिएको अनुसार, वैदेशिक रोजगारीमा गएका महिला कामदारको बालबच्चाको उचित संरक्षणका लागि शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गर्ने व्यवस्था छ । तर व्यावहारिक रूपमा हेर्दा यो व्यवस्था भएको देखिँदैन ।

वैदेशिक रोजगार नीति २०६८ मा आवश्यक सीप एवं सूचनाको अभाव र खुला सिमानाका कारण महिलाहरू खाडी मुलुक जाने गरेको उल्लेख गरिएको छ । जसले गर्दा महिलाहरू जोखिमयुक्त काममा लगाइने, महिला संलग्न हुने रोजगारलाई हेर्ने नकारात्मक सामाजिक दृष्टिकोण, शारीरिक शोषण एवं यौन दुर्व्यवहार र शोषणबाट पीडित हुनु पर्ने जस्ता समस्याहरू भोग्नुपरेको देखिन्छ । यस्तो समस्याको जड भनेको घरेलु कामदारलाई श्रम कानुनको दायरामा नल्याउँदा कानुनी संरक्षण पाउनमा कठिनाइ हुनु, खाडी मुलुकमा पर्याप्त सुरक्षित गृह स्थापना गर्न नसक्नु र भएका सुरक्षित गृहबाट समेत महिला कामदारहरूलाई अपेक्षित सेवा र सुरक्षा प्रदान गर्ने कार्य हुन नसकेको हो । साथै वैदेशिक रोजगारीमा जाने नेपाली महिला कामदारहरूको भाषागत दक्षता, सीप र प्रतिस्पर्धी क्षमताको अभावका कारण न्यून तलब सुविधा पाउने, असुरक्षित तथा जोखिमपूर्ण काममा संलग्न हुनुपर्ने जस्ता कुराहरूले आधारभूत मानव अधिकारको उपभोग गर्न कठिन स्थिति देखा परेको समेत वैदेशिक रोजगार नीति, २०६८ मा उल्लेख गरिएको छ । घरेलु कामदार महिलामाथि हुने यौनजन्य दुर्व्यवहार, शारीरिक हिंसा, आर्थिक शोषण हुनु भनेको कानुनी संरक्षण नहुनु र महिला रोजगारलाई हेर्ने सामाजिक दृष्टिकोण मुख्य समस्या हो भनी उक्त नीतिमा उल्लेख गरिएको छ ।[८]

नेपालको संविधानको धारा ३८ मा महिलाको हक उल्लेख गरी संविधानतः महिलाको अधिकारलाई मौलिक हकको रूपमा राज्यले व्यवस्था गरेको छ । धारा ३८ को उपधारा ५ मा महिलाको रोजगारका साथसाथै सकारात्मक विभेदका आधारमा विशेष अवसरको प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ । तसर्थ घरेलु कामदारलाई खाडी मुलुकमा जान नदिनु संविधानविपरीत भएको कानुनविद्हरू बताउँछन् ।

अधिवक्ता सोम लुइटेलसँगको अन्तर्वार्तामा उहाँले रोजगारी गुमाई अलपत्र परेका वैदेशिक रोजगारीमा गएका कामदारको उद्धार गरी सुरक्षित राख्नका लागि सुरक्षित गृह सञ्चालन गर्ने व्यवस्था भएको बताउँछन् । साथै वैदेशिक रोजगारीको क्रममा एक हजारभन्दा धेरै महिला कामदार गएको मुलुकमा श्रम सहचारी नियुक्त गर्ने व्यवस्था रहेको लुइटेल बताउँछन् । सरकारले चार वटा मुलुकमा भने सुरक्षित गृहको व्यवस्था गरिसकेको छ । लुइटेल वैदेशिक रोजगारीमा समस्या परेकाहरूलाई निःशुल्क कानुनी सहायता दिन्छन् ।

यसै गरी माइती नेपालकी सञ्चार विभागकी सबिता भट्टराईसँगको अन्तर्वार्ताको क्रममा उनका अनुसार, खाडी मुलुकमा अधिकांश महिलाहरू घरेलु कामदारका लागि नेपाल-भारत सीमा हुँदै ज्यानको जोखिम मोलेर जान्छन् । जसको कारण महिलाहरू भारतमै

८. वैदेशिक रोजगार नीति, २०६८

अलपत्र पर्ने, बेचिने भट्टराई बताउँछिन् । माइती नेपालले वैदेशिक रोजगारीको मुद्दामा, खाडीमा जान लागेका महिला र शोषणमा परिरहेका बेला खाडीबाट महिलाको उद्धार गर्दै आएको छ । खाडीबाट उद्धार भएका महिलाहरू बढी मात्रामा घरेलु हिंसा र यौन हिंसामा परेको भट्टराईले जानकारी दिन्छिन् ।

कानुनले वैदेशिक रोजगारीको क्रममा खाडी मुलुकमा घरेलु कामदारको रूपमा महिलालाई लगाइएको प्रतिबन्ध कानुनविपरीत रहेको छ । कानुनले मलेसिया, खाडी मुलुकमा महिलालाई घरेलु कामदारको रूपमा जान दिनुपर्ने भन्छ । सरकारले अझै पनि खाडी मुलुकमा घरेलु कामदारमा जान पाउने महिलालाई प्रतिबन्ध फुकुवा गरेको छैन । जसको कारण खाडी मुलुकमा अधिकांश महिलाहरू लुकेर, दलालीको ललाइफकाइमा घरेलु कामदारको रूपमा जाने गरेका छन् । जसको कारण उनीहरूमाथि घरेलु हिंसा, मानसिक हिंसा, यौन हिंसा, शारीरिक शोषण जस्ता समस्यामा परेका छन् । साथै सरकारले प्रतिबन्ध लगाउनुअघि नै खाडी मुलुकमा घरेलु कामदारको रूपमा गएका महिलाहरूको सुरक्षा र संरक्षणका लागि श्रम तथा रोजगार मन्त्रालको नीति नियममा यो विषयलाई ओगेटेको देखिँदैन । शिशु स्याहार केन्द्र अझ राम्रोसँग व्यवस्थापन गरी महिला कामदारहरूको बालबच्चालाई बेचबिखन, शिक्षादीक्षा, परामर्श, यौन, शारीरिक, मानसिक हिंसा जस्ता कुराहरूबाट सुरक्षित गर्नुपर्छ । खाडी मुलुकमा सरकारले महिलामैत्री र लिङ्गको आधारमा विभेद नहुने गरी सम्झौता गरी महिलाहरूको सुरक्षा, संरक्षण गरी महिलाहरूलाई खाडी मुलुकमा जान दिनुपर्छ । वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई लक्षित गरी उनीहरूलाई प्राथमिकतामा राखेर वैदेशिक रोजगारसम्बन्धी नीतिनियम तय हुनुपर्छ । वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई सरकारी तवरले नै विदेश पठाउने नियम हुनुपर्छ । साथै वैदेशिक रोजगारीमा गएका महिलाहरूलाई विभिन्न लाञ्छना, आरोप तथा सामाजिक रूपमा नकारात्मक रूपले हेरिने परिवेशलाई हटाउनुपर्छ । उनीहरूको परिवार, छरछिमेक, नातेदारलाई सरकारले महिलाको पक्षमा रहेर सकारात्मक कुराहरूबारे परामर्श दिने व्यवस्था लागु गर्नुपर्छ ।

## २.४ गैरसरकारी संस्थाको सहयोग

वैदेशिक रोजगारीको क्रममा खाडी मुलुकमा घरेलु कामदारको रूपमा जाने महिलाहरूका लागि हक अधिकारका लागि काम गर्ने विभिन्न गैरसरकारी सङ्घसंस्थाहरू छन् । नेपालमा वैदेशिक रोजगारीमा रहेका महिलाहरूको हक अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरूमध्ये माइती नेपाल, पौरखी नेपाल र आमकास नेपाल प्रमुख संस्थाहरू हुन् । तिनै संस्थाहरूको तथ्याङ्कका साथसाथै श्रम मन्त्रालयको वार्षिक प्रतिवेदनलाई पनि यस प्रतिवेदनमा अध्ययनको क्रममा विश्लेषण गरिएको छ ।

> पौरखी नेपाल एक गैरसरकारी संस्था हो । यसले आप्रवासी कामदार महिला र उनीहरूको रोजगारीको अवस्थाका विषयमा कार्य गर्दछ । वैदेशिक रोजगारीमा गएका महिलाहरूलाई सुरक्षित गर्नका लागि विभिन्न किसिमको परामर्श, सल्लाह, वकालत गर्ने समेत गर्छ । संस्थाको अध्ययन अनुसार हालसम्म २५ लाख नेपाली महिला श्रमिक वैदेशिक रोजगारीमा छन् । हाल पौरखी नेपालले सम्पन्न गरेको परियोजना 'हामी चाहन्छौँ भविष्य' अनुसार संस्थाले ३०० जनालाई उद्यमशीलता विकास सम्बन्धी तालिम र व्यावसायिक सीप प्रदान गर्ने लक्ष्य राखेको थियो । हाल धादिङ र सिन्धुपाल्चोक जिल्लामा लागु भइरहेको यो परियोजनामा ३०० जना महिला सहभागी थिए, जसमा १५० जना आप्रवासी महिला र १५० जना बेचबिखनबाट बचेका थिए ।

पौरखी नेपालले दिएको जानकारी अनुसार, खाडी मुलुकमा जाने घरेलु कामदारहरू महिलाहरूलाई सन् २००९ देखि २०१९ सम्म २६८० जनालाई उद्धार गरिएको थियो । त्यस्तै गरी सन् २०२० देखि २०२३ सम्म ५९ जना महिला कामदारहरूलाई उद्धार गरेको थियो । यसरी पौरखी नेपालले उद्धार गरेका महिलाहरू धादिङ, चितवन, सिन्धुपाल्चोक, काभ्रे, सिन्धुली, दाङ, बाँके, बर्दिया, मकवानपुर, सुनसरी, मोरङ, कपिलवस्तु र नुवाकोटका जिल्लाका रहेका छन् । उनीहरू १८ देखि ४० वर्ष उमेर समूहका रहेका छन् । यस्तै उनीहरूलाई साउदी अरब, ओमन, कुवेत, यूएइ र लेबनानबाट उद्धार भएको पौरखी नेपालका परियोजना संयोजक मनिष केसीले जानकारी दिए । केसीका अनुसार उद्धार भएका महिलाहरूमाथि शारीरिक उत्पीडन, मानसिक यातना, श्रम शोषण र आर्थिक शोषण, आधुनिक दासत्व र जबरजस्ती श्रम भएको छ । उद्धार भएका घरेलु कामदार महिलाहरूलाई पौरखी नेपालले आश्रय गृह, निःशुल्क कानुनी सहायता समर्थन, मनोसामाजिक परामर्श, मानवीय सहायता, व्यावसायिक प्रशिक्षण/क्षमता निर्माण र नेतृत्व प्रशिक्षण जस्ता सेवासुविधाहरू दिँदै आएको छ । खाडी मुलुकबाट महिलाहरूलाई उद्धार गर्न ज्यादै चुनौती हुने केसी बताउँछन् । कोषको अभाव, सीमित जनशक्ति, न्याय प्रक्रियामा ढिलाइ, सरकारी ऐन र नीतिको कार्यान्वयनको अभाव लगायत महिलाहरूलाई सम्पर्क गर्न चुनौती हुन्छ ।

आमकास नेपालसँगको अन्तर्वार्ताको क्रममा उहाँहरूको अध्ययन घरेलु कामदार महिलाहरू प्रायः २० देखि ५५ वर्ष उमेर समूहका छन् । आमकासले खाडी मुलुकको कुवेत, ओमान, दुबई, जोर्डन, साउदी अरेबिया, कतार, मलेसिया, इराक, भारतजस्ता देशहरूबाट घरेलु कामदार महिलाहरूको उद्धार गर्दै आएको छ, जसमा ७० प्रतिशत घरेलु कामदार महिलाहरू कुवेतमा देखिएका छन् । वर्षमा लगभग ३०० जना घरेलु कामदार महिलाको उद्धार गरिने आमकास नेपालकी कार्यकारी निर्देशक बिजया राई श्रेष्ठ बताउँछिन् ।

यस्तै आप्रवासी महिला कामदार समूह नेपाल (आमकास नेपाल) ले पनि खाडी मुलुकमा घरेलु कामदार महिलाको हक अधिकारका लागि काम गर्दछ । संस्थाले खाडी मुलुक गएका घरेलु कामदार महिलाहरूमध्ये वि.सं. २०७९ देखि २०८० सम्म १५४ महिलालाई आश्रय सेवाहरू प्रदान गरेको थियो । त्यस्तै वि.सं. २०७७ देखि २०७८ सम्म ३८४ महिलालाई आश्रय सेवाहरू प्रदान दिएको थियो । उद्धार गरिएका घरेलु कामदार महिलाहरु काठमाडौँ उपत्यकाबाहिरका जिल्लाहरू बाँके, बर्दिया, झापा, इलाम, दाङ, धादिङ, कपिलवस्तु, काभ्रे, मकवानपुर, मोरङ, नवलपरासी, प्युठान र सुनसरी लगायत अन्य जिल्लाहरू समावेश भएको देखिने कुरा आमकास नेपालका कानुनी अधिकारी सदीक्षा महर्जनले जानकारी दिएकी छन् ।

आमकास नेपालका अनुसार उद्धार भएका घरेलु कामदार महिलाहरू यौन दुर्व्यवहार, ज्याला चोरी, श्रम शोषण, शारीरिक/मौखिक दुर्व्यवहार, स्वास्थ्य समस्याहरू, गैरकानुनी/जेलमा फस्ने समस्याहरू, महिनौँसम्म कामको पर्खाइमा बस्नुपर्ने समस्याहरू सामना गर्नुपरेको छ । यसरी उद्धार भएका महिलाहरूलाई संस्थाले विभिन्न किसिमको सेवासुविधा समेत दिँदै आएको छ ।

## २.५ चुनौतीहरू

आमकास नेपालको महिलाहरूलाई आश्रय सेवाहरू, स्वास्थ्य सहयोग र मनोसामाजिक परामर्श, कानुनी सहयोग, उद्धार, पुनर्स्थापना, पुनर्संस्थापन र पुनः एकीकरण सूचना प्रसार, वकालत, जागरूकता, फिर्ता भएका महिला कामदारहरूको नेटवर्किङ र क्षमता निर्माण जस्ता सेवाहरू दिँदै आएको छ । यसरी उद्धार




गर्न र उद्धार भइसकेका महिलाहरूलाई सेवा दिन धेरै चुनौती सामना गर्नुपरेको आमकास नेपालको गुनासो छ । वि.सं. २०८० चैत २७ गते गोरखापत्र दैनिकमा प्रकाशित समाचार अनुसार आमकास नेपालले गत चैत (वि.सं. २०८०) मा गरेको अध्ययन अनुसार संस्थाको अल्पकालीन आश्रय स्थल (सेल्टर) मा १७२ जना महिलाहरू आएका थिए, जसमा ७५ प्रतिशत घरेलु कामदार महिलाहरू कागजातविहीन थिए । यस्तो हुनुमा सरकारले घरेलु काममा जानेलाई लगाएको बन्देजले निम्त्याएको जोखिमले भएको संस्थाले बताएको थियो । यसरी कागजातविहीन भएकाहरू श्रम शोषण, ज्याला ठगी, मानव तस्करी तथा शारीरिक हिंसाको जोखिममा पर्ने

बढी सम्भावना हुने गरेको बिजया राई श्रेष्ठको भनाइ छ । गत चैतमा आमकास नेपालले कुवेत, ओमान र युएईबाट १९ जनालाई उद्धार गरेको थियो ।[९]

नेपालमा आमकास नेपालजस्तै धेरै सङ्घसंस्थाले घरेलु कामदार महिलाहरूका लागि काम गर्दै आइरहेको छ । यी संस्थाहरूले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) महासन्धि १८९ अनुमोदन गर्नुपर्ने भन्दै नेपाल सरकारलाई झकझकाइरहेको छ । आइएलओ संयुक्त राष्ट्रसङ्घको एक अङ्ग हो । यसले श्रमिक, सरकार र रोजगारदाताबीच समन्वय गरी शोषण र दमनबाट सुरक्षित गर्ने काम गर्दै आइरहेको छ । आइएलओ महासन्धि १८९ लाई अनुमोदन गर्नका लागि सन् २०१८ नोभेम्बरमा घरेलु कामदारका अगुवाहरू, आप्रवासी कामदारहरू, आप्रवासी अधिकारवादी संस्थाहरू, ट्रेड युनियनहरू र महिला अधिकारकर्मी संस्थाहरूका प्रतिनिधिहरूले घरेलु कामदारहरूको समस्या पहिचानबारे छलफल गरेका थिए । जसमा आइएलओ महासन्धि १८९ अनुमोदन गर्न र सो महासन्धिमा रहेका प्रावधानहरू नेपालको कानुनमा समावेश गरी तत्काल प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकारलाई माग गरेका थिए । उनीहरूले घरेलु कामदारका लागि मर्यादित काम, घरेलु कामदारका लागि सामाजिक सुरक्षा र आप्रवासी घरेलु कामदारका लागि उक्त महासन्धि १८९ लागु गर्न सरकारसँग माग गरेको थियो ।

आप्रवासी घरेलु कामदारका अधिकार सुनिश्चित गर्न नेपाल सरकारलाई गन्तव्य मुलुकसँग द्विपक्षीय सम्झौता गरी लागु गर्न, रोजगार सम्झौतामा काम गर्ने समय, विश्राम, बिदाहरू, पारिश्रमिक, पारिवारिक सम्पर्क, सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा जस्ता रोजगारीका न्यूनतम मापदण्ड अनिवार्य समावेश गरेको हुनुपर्ने, महिलाहरूलाई घरेलु कामका लागि खाडी मुलुकमा जान लगाइएको प्रतिबन्धका कारण आवश्यक कागजातबिना र अनियमित रूपमा हुने श्रम आप्रवासन बढ्न गई घरेलु कामका लागि हुने आप्रवासन असुरक्षित भएकाले सो प्रतिबन्ध छिट्टै रद्द गर्नुपर्ने र घरेलु कामदार महिला आप्रवासी कामदारको सुरक्षा तथा अधिकारको प्रत्याभूति गराउन नेपाल सरकारलाई माग गरेको थियो । संस्थाहरूले २०७५ कार्तिक २९ गते प्रेस विज्ञप्तिमार्फत यी मागहरू राखेका थिए ।[१०]

तालिका १: वैदेशिक श्रम स्वीकृति लिने कामदारहरू

| देश | २०७८ फाल्गुनसम्म | |
|---|---|---|
| | पुरुष | महिला |
| कतार | १२५६४१९ | २१५८८ |
| मलेसिया | १२३१४२७ | २७४६१ |
| साउदी अरब | १०४११५० | ७८३७ |
| युएइ | ६०४१६० | ७१४१३ |
| कुवेत | ११३५६८ | ४३६२४ |
| वहराइन | ५८०९३ | ५०५८ |
| ओमान | ३४७२३ | ६२१९ |
| दक्षिण कोरिया | ९२९०० | ५५१४ |
| लेवनान | १२२० | ११५४२ |
| इजरायल | २३९४ | ४६१९ |
| अफगानिस्तान | १४४७८ | ५६ |
| जापान | १८९९० | ११९६ |
| अन्यदेशहरू | ८७९२९२ | ११०२५५ |
| **जम्मा** | **५३४८८१४** | **३१६४१२** |

स्रोत: आर्थिक सर्वेक्षण, २०७८/७९

वैदेशिक रोजगार नीति, २०६८ को पुनरावलोकन अध्ययन प्रतिवेदन, २०७९ अनुसार यो प्रतिवेदनले पनि नेपाल सरकारले वैदेशिक रोजगार नीति नियमलाई सुधार गर्नुपर्ने भनिएको छ । घरेलु कामदारको रूपमा वैदेशिक रोजगारीमा जाने महिलाहरूमाथि हुने श्रम शोषण, हिंसा, समान ज्यालाको व्यवस्था गर्नुपर्ने बताउँछ । साथै घरेलु कामदारलाई बन्दी जस्तो व्यवहार गर्ने, पासपोर्ट नदिने, अधिक समय काम लगाउने, विश्राम गर्न नदिने, उपचार नगराउनेजस्ता कुराहरूलाई नीतिमा समावेश गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यस्तै श्रम मन्त्रालयको वार्षिक प्रतिवेदनअनुसार नेपाल सरकारले वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति पाएकाहरूलाई मात्र ध्यान दिएको देखिन्छ । श्रम मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालसँगको अन्तर्वार्ताको क्रममा उहाँका अनुसार खाडी मुलुक जोर्डनमा भने घरेलु कामदारको रूपमा महिलाहरू वैदेशिक रोजगारीमा गइरहेका छन् । तर कति जना हालसम्म घरेलु कामदारका लागि जोर्डन गए भन्ने तथ्याङ्क मन्त्रालयसँग छैन । साथै घरेलु कामदारको रूपमा वैदेशिक रोजगारीका लागि खाडी मुलुक जानेहरूबारे मन्त्रालयलाई कुनै मतलब नभएको समेत भुसाल बताउँछन् । उनले भने, 'हामीले कानुनी रूपमा वैदेशिक रोजगारीमा जानेहरूको मात्र तथ्याङ्क राख्छौँ । कानुनविपरीत जाने र श्रम स्वीकृति नभएको मुलुकमा जानेहरूका बारेमा हामीसँग तथ्याङ्क हुँदैन ।' मन्त्रालयको प्रतिवेदनमा पनि श्रम स्वीकृति भएका मुलुकका बारेमा मात्र उल्लेख भएको देखिन्छ ।[११]

९. अनलाइन, 2080.

१०. pressreport, 2018.

११. वार्षिक प्रतिवेदन २०७९-२०८० ( प्रतिवेदन, २०८१ बेशाख २७ )

## २.६ वर्तमान अवस्थामा चुनौती र समाधान

### *२.६.१ शिक्षा र साक्षरता*

नेपालले शिक्षा क्षेत्रमा महिला साक्षरताको प्रवर्धन गर्न विभिन्न अन्तर्राष्ट्रिय समझौताहरूमा हस्ताक्षर गरेको छ । यसमा प्रमुख रूपमा सिडअ (CEDAW) र आइएलओ महासन्धी (ILO) समावेश छन् । सिडअले महिलामाथि हुने सबै प्रकारका विभेदहरू उन्मूलन गर्ने उद्देश्य राखेको छ, जसले शिक्षा क्षेत्रमा महिलाको समान सहभागिता सुनिश्चित गर्न सरकारलाई प्रतिबद्ध गराएको छ । आइएलओले महिला श्रमिकहरूको अधिकार र सुरक्षाको संरक्षण गर्ने उद्देश्य राखेको छ । यी सम्झौताहरूले महिलाको शिक्षामा विशेष ध्यान दिने र लैङ्गिक समानता कायम गर्न नेपाललाई प्रेरित गरेका छन् ।

नेपालले शिक्षामा समानता ल्याउन र बालिका शिक्षालाई प्राथमिकता दिन विभिन्न प्रयासहरू गरेको छ । यसअन्तर्गत विद्यालय शिक्षामा सुधार कार्यक्रम (School Sector Reform Program – SSRP) ले बालिका शिक्षामा विशेष ध्यान दिएको छ । यस कार्यक्रमअन्तर्गत बालिकाहरूलाई विद्यालयमा भर्ना गराउने, उनीहरूको शैक्षिक आवश्यकताहरू पूरा गर्ने र बालिका शिक्षामा सहुलियत प्रदान गर्ने कार्यहरू गरिएका छन् । साथै, प्राथमिक र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क बनाउने नीति लागु गरेर सरकारले बालिका शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

२०१० को दशकमा, स्थानीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले महिला साक्षरतामा ठुलो योगदान पुऱ्याएका थिए । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू जस्तैः रुम टू रिड (Room to Read) र सेभ द चिल्ड्रेन (Save the Children) ले बालिका शिक्षा र महिला साक्षरतामा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् । यिनले विद्यालयहरूमा पुस्तकालय स्थापना, शिक्षक प्रशिक्षण, बालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने र बालिका शिक्षामा विशेष ध्यान दिने कार्यहरू गरेका छन् । स्थानीय गैरसरकारी संस्थाहरूले पनि ग्रामीण भेगमा शिक्षाको पहुँच वृद्धि गर्न र महिला साक्षरतामा योगदान पुऱ्याउँदै आएका छन् ।

ग्रामीण भेगमा शिक्षाको पहुँच वृद्धि गर्न सरकारको महत्त्वपूर्ण भूमिका रहेको छ । सरकारको ग्रामीण शिक्षामा सुधार कार्यक्रम अन्तर्गत ग्रामीण क्षेत्रमा सामुदायिक विद्यालयहरूको स्थापना, शिक्षकहरूको प्रशिक्षण र विद्यालयहरूको भौतिक संरचना सुधार गर्न विभिन्न विकास परियोजनाहरू सञ्चालन गरिएका छन् । यी कार्यक्रमहरूले ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षा प्रदान गर्न र शिक्षाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । समग्रमा नेपालले शिक्षा र साक्षरता क्षेत्रमा महत्त्वपूर्ण प्रगति हासिल गरेको छ, तर अझै पनि ग्रामीण भेग र कमजोर समुदायहरूमा शिक्षा पहुँचमा चुनौतीहरू विद्यमान छन् ।

### *२.६.२ सामाजिक समावेशीकरण*

मानव स्रोतहरू (व्यक्तिगत सीप, ज्ञान र क्षमता) र सामाजिक पुँजी (समाजमा रहेका सञ्जाल, सम्बन्ध र मान्यता) कुनै पनि समाजको विकासका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छन् । २००० को दशकमा मानव स्रोतहरूको विकासमा विशेष ध्यान दिइएको थियो । व्यक्तिहरूको सीप र क्षमताहरू वृद्धि गर्न विभिन्न कार्यक्रम र नीतिहरू लागु गरिए । २००६ मा सरकारले सामाजिक पुँजीलाई सुदृढ पार्न विशेष पहलहरू गरेको थियो, जसले समुदायका स्रोत र पूर्वाधारहरूको सुधारमा ध्यान दिए । यी पहलहरूको परिणामस्वरूप सामाजिक पुँजी र मानव स्रोतहरूको विकासमा उल्लेखनीय प्रभाव पऱ्यो, जसले समुदायको भलाइ र व्यक्तिको क्षमतामा सुधार ल्याएको सङ्केत गर्दछ । सार्वजनिक र निजी क्षेत्र दुवैले यस विकासमा महत्त्त्वपूर्ण भूमिका खेले र विभिन्न सरोकारवालाहरूको सहयोगी प्रयासहरूले यी सुधारहरूलाई सम्भव बनायो । यद्यपि प्रगति भए तापनि सामाजिक र मानव स्रोतहरूको सम्भावना पूर्ण रूपमा प्राप्त गर्न चुनौतीहरू थिए । यी चुनौतीहरू पार गर्न निरन्तर प्रयास र नवीनतम दृष्टिकोणहरू आवश्यक थिए । मानव स्रोतहरूको सुधारले प्रतिस्पर्धी र सक्षम कार्यबल निर्माण गर्छ, जुन आर्थिक विकास र सामाजिक प्रगतिका लागि आवश्यक छ । उच्च सामाजिक पुँजीले राम्रो सामुदायिक संलग्नता, सुधारिएको सार्वजनिक सेवा र उच्च जीवनस्तरको सुनिश्चितता दिन्छ । विभिन्न क्षेत्रहरूबीच सहयोगलाई प्रोत्साहित गरेर दिगो प्रगति हासिल गर्न सकिन्छ । २००० को दशकको अनुभवले देखाउँछ कि सही नीतिहरू र सहयोगी प्रयासहरूले सामाजिक र मानव विकासमा उल्लेखनीय प्रगति सम्भव छ ।

२००० को दशकमा, विशेष गरी दलित, जनजाति र अन्य पिछडिएका समूहहरूको सशक्तीकरणका लागि विभिन्न कानुन र नीतिहरू लागु गरिएका थिए । यसमा २००७ को अन्तरिम संविधानले महत्त्वपूर्ण भूमिका खेलेको थियो, जसले विभिन्न सामाजिक समूहहरूको अधिकार सुनिश्चित गरेको थियो । दलित, जनजाति र महिलाहरूलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा समान अवसर दिन विभिन्न आरक्षण प्रणालीहरू, शैक्षिक छात्रवृत्ति कार्यक्रमहरू र ग्रामीण क्षेत्रमा सशक्तीकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिएका थिए । यस्ता प्रयासहरूले सामाजिक विभाजनलाई घटाउन र समावेशी समाज निर्माणमा ठुलो

योगदान पुऱ्याए । तथापि, यस क्षेत्रमा अझै धेरै काम गर्नुपर्ने आवश्यकता रहेको छ, किनकि विविध सामाजिक समूहहरूको वास्तविक सशक्तीकरण अझै पनि चुनौतीपूर्ण देखिन्छ ।

### *२.६.३ महिला सशक्तीकरण*

नेपालमा १९९० र २००० को दशकको विकास अवधिमा ग्रामीण विकासमा विशेष प्राथमिकता दिइएको थियो । यो अवधिमा, ग्रामीण क्षेत्रको सुधारका लागि विभिन्न पहल र कार्यक्रमहरू कार्यान्वयन गरिए । २००६ मा ग्रामीण विकासका प्रयासहरू विशेष महत्त्वपूर्ण थिए, जसमा ग्रामीण समुदायहरूको समग्र सुधारका लागि शिक्षा, स्वास्थ्य सेवा, र पूर्वाधार विकासमा व्यापक ध्यान दिइयो । यस परिप्रेक्ष्यमा, ग्रामीण क्षेत्रहरूको विकासले समग्र सामाजिक र आर्थिक उन्नयनमा महत्त्वपूर्ण योगदान पुऱ्यायो । नेपालको ग्रामीण विकासमा १९९० र २००० को दशक महत्त्वपूर्ण रहे । यी दशकहरूमा ग्रामीण क्षेत्रका विकासका लागि थुप्रै नीति र कार्यक्रमहरू लागु गरिए । २००६ मा ग्रामीण समुदायहरूको जीवनस्तर सुधार गर्न शिक्षा, स्वास्थ्य सेवा र पूर्वाधार विकासमा व्यापक पहलहरू गरिए । यी प्रयासहरूले ग्रामीण क्षेत्रको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेले ।

ग्रामीण शिक्षा क्षेत्रमा विशेष ध्यान दिइयो, जसले गर्दा ग्रामीण क्षेत्रका बालबालिका र युवाहरूले गुणस्तरीय शिक्षा पाउने अवसर प्राप्त गरे । स्वास्थ्य सेवामा सुधार गरिनुका साथै ग्रामीण स्वास्थ्य केन्द्रहरूको स्थापनाले स्थानीय समुदायहरूको स्वास्थ्य स्तरमा सुधार ल्यायो । ग्रामीण पूर्वाधार विकासमा पनि व्यापक ध्यान दिइयो, जसले गर्दा यातायात, सञ्चार र अन्य आवश्यक सेवाहरूमा पहुँच बढ्यो । सामाजिक पुँजीको विकासमा पनि ध्यान दिइयो, जसले गर्दा समुदायहरूबीचको विश्वास, आपसी समझदारी, र सहयोगमा वृद्धि भयो । यसले ग्रामीण क्षेत्रको सामाजिक संरचनालाई मजबुत बनाउन मद्दत पुऱ्यायो । ग्रामीण क्षेत्रका मानिसहरूको जीवनस्तर सुधार गर्नका लागि शिक्षा, स्वास्थ्य सेवा र पूर्वाधार विकासमा गरिएका यी प्रयासहरूले समग्र सामाजिक र आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्यायो ।

यस परिप्रेक्ष्यमा १९९० र २००० को दशकको ग्रामीण विकासका प्रयासहरूले नेपालमा ग्रामीण क्षेत्रको समग्र सुधारमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यी पहलहरूले ग्रामीण समुदायहरूको जीवनस्तर सुधार गर्न, सामाजिक पुँजी विकास गर्न र समग्र आर्थिक उन्नयनमा उल्लेखनीय योगदान पुऱ्याएको छ । महिला सशक्तीकरणका क्षेत्रमा १९९० र २००० को दशकमा उल्लेखनीय प्रगति भएको देखिन्छ । यो अवधिमा महिला साक्षरता दरमा वृद्धि, स्वास्थ्य सेवामा पहुँच र आर्थिक सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए । २००६ मा महिला हिंसाविद्धका कानुनहरू कडाइका साथ लागु गरिएपछि महिलामाथि हुने हिंसाको घटना घटाउन महत्त्वपूर्ण भूमिका खेलेको थियो । नेपालमा महिलाहरूलाई समान अवसर प्रदान गर्न महिला शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्वको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए । ग्रामीण क्षेत्रमा महिलाहरूलाई साक्षरता अभियान, स्वास्थ्य जागरूकता कार्यक्रम र स्वरोजगारको अवसर प्रदान गरेर उनीहरूको सामाजिक र आर्थिक स्थिति सुधार गर्न प्रयास गरिएको थियो । यद्यपि, महिलाहरूको सशक्तीकरणमा अझै पनि विभिन्न सांस्कृतिक र सामाजिक बाधाहरू रहेकाले थप प्रयास आवश्यक देखिन्छ ।

### *२.६.४ स्वास्थ्य सेवा र सुविधाहरू*

नेपाल सरकारले सामाजिक विकासका विभिन्न पहलहरू मार्फत स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन महत्त्वपूर्ण प्रयासहरू गरेको छ । विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिएका छन् । २०२१ मा राष्ट्रिय स्वास्थ्य नीतिअन्तर्गत स्वास्थ्य सेवामा सुधार र विस्तार गर्न विशेष ध्यान दिइएको थियो । यस अवधिमा स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधार गर्न उल्लेखनीय कार्यहरू गरिए ।

नेपाल सरकारले ग्रामीण तथा दुर्गम क्षेत्रका स्वास्थ्य सेवामा सुधार ल्याउन थुप्रै प्रयासहरू गरेको छ । २०२१ मा राष्ट्रिय स्वास्थ्य नीति अन्तर्गत स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधार गर्न व्यापक कार्यक्रमहरू लागु गरिएका थिए । यसले गर्दा दुर्गम क्षेत्रका मानिसहरूले पनि गुणस्तरीय स्वास्थ्य सेवा पाउने अवसर प्राप्त गरे । स्वास्थ्य क्षेत्रको सुधारका लागि सरकारले विभिन्न रणनीतिहरू अपनायो । स्वास्थ्य सेवा केन्द्रहरूको सङ्ख्या बढाएर र स्वास्थ्यकर्मीहरूको तालिममा विशेष ध्यान दिइयो । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा केन्द्रहरूको स्थापना र स्वास्थ्यकर्मीहरूको तालिमले स्थानीय समुदायको स्वास्थ्य स्तरमा सुधार ल्यायो ।

त्यस्तै, मातृ तथा शिशु स्वास्थ्यमा सुधार ल्याउन विशेष पहल गरिए । मातृ मृत्युदर र शिशु मृत्युदर घटाउन विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिए । सुत्केरी स्वास्थ्य सेवा र पोषण कार्यक्रमहरूमार्फत गर्भवती महिलाहरूलाई आवश्यक सेवा र जानकारी प्रदान गरियो । स्वास्थ्य सेवामा प्राविधिक सुधारका साथै समुदायमा स्वास्थ्य सचेतना कार्यक्रमहरू पनि सञ्चालन गरिए । यसले गर्दा

स्थानीय समुदायहरूमा स्वास्थ्य सम्बन्धी जानकारी र सेवाको पहुँच वृद्धि भयो । कोभिड-१९ महामारीको सन्दर्भमा, स्वास्थ्य सेवा प्रणालीलाई मजबुत बनाउन सरकारले विभिन्न कदमहरू चाल्यो । परीक्षण, उपचार र खोप कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनले महामारी नियन्त्रणमा मद्दत पुऱ्यायो ।

नेपाल सरकारले स्वास्थ्य सेवामा सुधार ल्याउन र ग्रामीण तथा दुर्गम क्षेत्रका मानिसहरूको जीवनस्तर उकास्न थुप्रै महत्त्वपूर्ण पहलहरू गरेको छ । स्वास्थ्य सेवा केन्द्रहरूको स्थापना, स्वास्थ्यकर्मीहरूको तालिम, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमहरू र स्वास्थ्य सचेतना अभियानहरूले नेपालको स्वास्थ्य सेवा क्षेत्रमा उल्लेखनीय सुधार ल्याएको छ ।

स्वास्थ्य सेवामा पहुँच र सुविधाहरूमा सुधार गर्न नेपाल सरकारले विभिन्न योजना लागु गरेको छ । विशेष गरी ग्रामीण भेगमा मातृ मृत्युदर घटाउन र बाल स्वास्थ्यमा सुधार गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए । २०१० को दशकमा, राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमको सुरुवातले सर्वसाधारणमा स्वास्थ्य सेवाको पहुँचलाई वृद्धि गरेको छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य चौकीहरूको स्थापना, जनस्वास्थ्य अभियानहरू र मातृ-शिशु स्वास्थ्य कार्यक्रमहरूले स्वास्थ्य सेवाको पहुँचमा सुधार ल्याएको छ । स्वास्थ्य क्षेत्रमा गरिएको यी प्रयासहरूले ग्रामीण भेगका जनताको स्वास्थ्य स्तरमा महत्त्वपूर्ण सुधार ल्याएको छ, तर अझै पनि स्वास्थ्य सेवामा समान पहुँचको चुनौती रहिरहेको छ ।

### *२.६.५ आर्थिक विकास र उद्यमशीलता*

२००० र २०१० को दशकमा सामाजिक सुरक्षा र ग्रामीण विकासका क्षेत्रमा उल्लेखनीय प्रगति भएको थियो । विशेष गरी सामाजिक सुरक्षा कार्यक्रमहरू र ग्रामीण क्षेत्रमा विकासका पहलहरूलाई प्राथमिकता दिइयो । वृद्ध, अशक्त र अन्य हाम्रा जनसाङ्ख्यिक समूहहरूको जीवनस्तर सुधार गर्न सामाजिक सुरक्षा योजनाहरू कार्यान्वयन गरिए । साथै, कृषि र ग्रामीण विकासका लागि स्थानीय स्तरमा विकास कार्यक्रमहरू सुरु गरिए । यसले समुदायको आर्थिक र सामाजिक स्थितिमा सकारात्मक परिवर्तन ल्यायो ।

२००० र २०१० को दशकमा नेपालमा सामाजिक सुरक्षा र ग्रामीण विकासको क्षेत्रमा व्यापक सुधार र प्रगति भएको थियो । यस अवधिमा वृद्ध, अशक्त, विधवा, एकल महिला र विपन्न वर्गका लागि सामाजिक सुरक्षा कार्यक्रमहरू लागु गरिए । यी कार्यक्रमहरूले समाजका अति आवश्यक वर्गहरूको जीवनस्तरमा सुधार ल्यायो । वृद्धभत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता जस्ता सामाजिक सुरक्षा योजनाहरूले लाभग्राहीहरूको आर्थिक अवस्था सुधार गर्न महत्त्त्वपूर्ण भूमिका खेले । त्यस्तै, ग्रामीण विकासका क्षेत्रमा विभिन्न पहलहरू सञ्चालन गरिए । कृषि उत्पादन बढाउन र ग्रामीण क्षेत्रको आर्थिक स्थितिमा सुधार ल्याउन थुप्रै कार्यक्रमहरू लागु गरिए । ग्रामीण क्षेत्रका किसानहरूलाई उन्नत बीउबिजन, मल, र सिँचाइ सुविधाहरूको पहुँचमा वृद्धि गरियो । यसले कृषि उत्पादनमा वृद्धि गऱ्यो र ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पाऱ्यो । सामाजिक संस्थाहरू र सहकारी संस्थाहरूको विकासमा पनि विशेष ध्यान दिइयो । सहकारी संस्थाहरूले ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्न र आर्थिक क्रियाकलापहरूलाई प्रवर्धन गर्न मद्दत पुऱ्याए । सामुदायिक विकासका कार्यक्रमहरूले स्थानीय स्तरमा जनसहभागिता बढाउने काम गरे । यसले गर्दा समुदायमा स्वामित्व र सहभागिता वृद्धि भएको छ, जुन दिगो विकासका लागि अत्यावश्यक छ । सामाजिक सुरक्षा कार्यक्रमहरूको कार्यान्वयन र ग्रामीण विकासका पहलहरूले समाजमा ठुलो परिवर्तन ल्याए । सामाजिक सुरक्षा योजनाहरूले लाभग्राहीहरूको आर्थिक सुरक्षा सुनिश्चित गऱ्यो भने ग्रामीण विकास कार्यक्रमहरूले समुदायको आर्थिक स्थितिमा सुधार ल्यायो ।

२००० र २०१० को दशकमा आर्थिक विकास र उद्यमशीलतामा उल्लेखनीय प्रगति भएको छ । वैदेशिक लगानी आकर्षण गर्न र लघु तथा मझौला उद्योगलाई प्रवर्धन गर्न विभिन्न नीतिहरू लागु भएका छन् । कृषि र पर्यटन जस्ता क्षेत्रमा स्थानीय उद्यमशीलताको विकासले ग्रामीण भेगमा आर्थिक गतिविधिहरूलाई बढावा दिएको छ । माइक्रो फाइनान्स र सहकारी संस्थाहरूको स्थापना र विस्तारले ग्रामीण अर्थतन्त्रमा सुधार ल्याएको छ । स्थानीय उत्पादनलाई बढावा दिने, कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्ने र पर्यटन क्षेत्रलाई विकास गर्ने जस्ता प्रयासहरूले नेपालको आर्थिक स्थिति सुधार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यद्यपि यी प्रगति निरन्तरता दिन र सबै वर्गका जनतामा आर्थिक लाभ पुऱ्याउन अझै धेरै काम गर्नुपर्ने आवश्यकता छ ।

नेपालले पछिल्लो केही दशकमा विभिन्न क्षेत्रहरूमा गरेको प्रयास र त्यसका परिणामहरूको विश्लेषण गर्दा धेरै सकारात्मक परिवर्तनहरू आएको देखिन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक समावेशीकरण, महिला सशक्तीकरण र आर्थिक विकासका क्षेत्रमा भएका यी प्रयासहरूले नेपालको सामाजिक संरचनामा महत्त्वपूर्ण सुधार ल्याएको छ र जनताको जीवनस्तरमा वृद्धि गरेको छ । शिक्षा क्षेत्रमा गरिएका सुधारहरूले देशभरि साक्षरताको दरमा वृद्धि गरेको छ । गाउँगाउँमा विद्यालयको स्थापना, बालिका

शिक्षामा विशेष ध्यान र शिक्षाको पहुँचलाई बढावा दिन विभिन्न कार्यक्रमहरूको सफल कार्यान्वयनले समग्र समाजलाई लाभान्वित गरेको छ । शिक्षा क्षेत्रमा गरिएका यस्ता प्रयासहरूले भावी पुस्तालाई सक्षम बनाउने र देशको समग्र विकासमा योगदान पुऱ्याउने आधार तयार गरेका छन् । स्वास्थ्य क्षेत्रमा पनि सरकारको ध्यान महत्त्वपूर्ण रूपमा केन्द्रित भएको छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच बढाउन स्वास्थ्य चौकीहरू स्थापना गर्नु, मातृ मृत्युदर र बाल मृत्युदर घटाउन मातृ-शिशु स्वास्थ्य कार्यक्रमहरूको सञ्चालन र राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमको सुरुवातले जनताको स्वास्थ्य सेवाको पहुँचलाई सुधार गरेको छ । स्वास्थ्य सेवामा गरिएका यस्ता प्रयासहरूले जनताको स्वास्थ्य स्तरमा महत्त्वपूर्ण सुधार ल्याएको छ, जसले समग्र आर्थिक र सामाजिक विकासमा पनि योगदान पुऱ्याएको छ ।

रोजगारीको क्षेत्रमा सरकारी र निजी क्षेत्रले गरिएका प्रयासहरूले ठूला रोजगारी अवसरहरू सिर्जना गरेका छन् । सरकारी योजनाहरूले ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ भने निजी क्षेत्र र वैदेशिक रोजगारले जनतालाई आर्थिक रूपमा सबल बनाएको छ । वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले पनि देशको अर्थतन्त्रलाई मजबुत बनाएको छ । सामाजिक समावेशीकरणका प्रयासहरूले विभिन्न जातीय, लैङ्गिक र सामाजिक समूहहरूको सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । दलित, जनजाति र पिछडिएका समूहहरूको हकअधिकार सुनिश्चित गर्न गरिएका कानुनी र नीतिगत सुधारहरूले समावेशी समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । महिला सशक्तीकरणका क्षेत्रमा भएका प्रयासहरूले महिलाहरूलाई शैक्षिक, स्वास्थ्य र आर्थिक क्षेत्रमा समान अवसर दिन सक्षम बनाएका छन् । महिला हिंसाविरूद्धका कानुनहरूको कडाइ, महिलाको शिक्षा र स्वास्थ्य सेवामा सुधार र आर्थिक सशक्तीकरणका कार्यक्रमहरूले महिलाहरूको जीवनस्तरमा सुधार ल्याएको छ । आर्थिक विकास र उद्यमशीलताका क्षेत्रमा गरिएका प्रयासहरूले देशको अर्थतन्त्रलाई मजबुत बनाएको छ । वैदेशिक लगानी आकर्षण गर्न, लघु तथा मझौला उद्योगलाई प्रवर्धन गर्न र ग्रामीण उद्यमशीलताको विकास गर्न गरिएका प्रयासहरूले आर्थिक गतिविधिलाई बढावा दिएको छ । माइक्रो फाइनान्स र सहकारी संस्थाहरूको विस्तारले पनि ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ ।

तथापि, यी परिवर्तनहरूलाई निरन्तरता दिन र सुधार गर्न सरकार, गैरसरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय समुदायको सहकार्य आवश्यक देखिन्छ । विभिन्न क्षेत्रहरूमा अझै धेरै चुनौतीहरू बाँकी रहेका छन् । शिक्षा र स्वास्थ्य सेवामा समान पहुँच, महिला र पिछडिएका समूहहरूको वास्तविक सशक्तीकरण, रोजगारीको अवसरहरूको विस्तार र आर्थिक विकासमा सबै वर्गहरूको सहभागिता जस्ता चुनौतीहरूको समाधान गर्न निरन्तर प्रयास गर्नुपर्ने देखिन्छ । यसका लागि दीर्घकालीन योजना, प्रभावकारी कार्यान्वयन र सबै पक्षहरूको समन्वय अत्यावश्यक छ । यसरी नेपालले आफ्नो विकास यात्रामा उल्लेखनीय प्रगति गरेको भए तापनि अझै पनि समावेशी र दिगो विकासका लागि धेरै काम गर्नुपर्ने आवश्यकता रहेको छ । समग्र विकासको लक्ष्य प्राप्त गर्न सबै पक्षहरूले एकजुट भएर काम गर्नु पर्ने आवश्यकता छ ।

# ३. अध्ययनको नतिजा

## ३.१ अध्ययनमा सहभागी महिलाको उमेर र भूगोल

यस अध्ययनमा राष्ट्रिय महिला आयोगले निर्दिष्ट गरेबमोजिमका तीन जिल्लाहरू क्रमशः बागमती प्रदेशका दुई जिल्ला सिन्धुपाल्चोक र मकवानपुर तथा कोशी प्रदेशको एक जिल्ला झापामा ९० जना महिलाहरूसँग अध्ययन गरिएको थियो । प्रत्येक जिल्लामा ३० जना महिलाहरू सहभागी गराइएको थियो, जसमा १० जना वैदेशिक रोजगारबाट फर्किएका, १० जना हाल पनि वैदेशिक रोजगारीमा संलग्न र १० जना वैदेशिक रोजगारीमा काम गर्नका लागि प्रयासरत महिलाहरू थिए । अध्ययनको क्रममा सोधिएको प्रश्नका आधारमा सबैभन्दा कम उमेरमा १९ वर्षकी किशोरी थिइन् भने ठुलो उमेरमा ४४ वर्षकी महिला थिइन् । १९ वर्षकी किशोरी हाल जानका लागि प्रयासरत छिन् भने ४४ वर्षकी महिला हाल वैदेशिक रोजगारीमा संलग्न छिन् ।

औसतमा अध्ययनमा सहभागी महिलाहरूको उमेर वैदेशिक रोजगारबाट फर्किसकेकाहरूको औसत उमेर ४० देखिन्छ भने हाल कार्यरत महिलाहरूको उमेर ३१ देखिन आएको छ । वैदेशिक रोजगारीमा जान चाहने महिलाको औसत उमेर २८ देखिन आएको छ । त्यसै गरी अध्ययनमा सहभागी महिलाहरूको औसत उच्चतम उमेर र न्यूनतम उमेर क्रमशः फर्किसकेका, जान लागेका र हाल कार्यरत समूहमा ५२ र २१, ३८ र १९ र ४४ र २१ वर्ष देखिन आएको छ ।

## ३.२ अध्ययनमा सहभागी महिलाको जात/जातिको विवरण

अध्ययनको क्रममा हाल वैदेशिक रोजगारीमा रहेका महिलाहरूमध्ये ६० प्रतिशत महिला जनजाति समुदायका थिए भने २७ प्रतिशत दलित र १३ प्रतिशत क्षत्री समुदायका रहेका छन् । हाल जान चाहनेहरूमा पनि ६० प्रतिशत जनजाति समुदायका नै रहेका छन् भने २६.७ प्रतिशत दलित समुदायका र १३.३ प्रतिशत क्षत्री समुदायका रहेको बताए । वैदेशिक रोजगारीमा गएर फर्केका महिलाहरूमध्ये अनुसन्धानको क्रममा सहभागीमध्ये ८० प्रतिशत जनजाति समुदायका रहेका छन् भने १३.३ प्रतिशत महिला क्षत्री र ६.७ प्रतिशत ब्राह्मण समुदायका रहेका छन् । यसले हाम्रो अध्ययनमा जनजाति समुदायका महिलाहरूको उल्लेख्य मात्रामा अध्ययन गरिएको जिल्ला र देशहरूमा वैदेशिक रोजगारीमा जाने प्रचलन रहेको देखिन आउँछ ।



## ३.३ अध्ययनमा सहभागी महिलाको पारिवारिक पृष्ठभूमि




अध्ययनमा सहभागी महिलाहरूअन्तर्गत ६० प्रतिशत महिलाहरू एकल परिवारका देखिन आएको छ भने ३८ प्रतिशत महिलाहरू संयुक्त परिवारमा रहेको देखिन आउँछ । मात्र २ प्रतिशत महिलाहरू संयुक्त परिवारबाट आएको देखिन आउँछ । हाल वैदेशिक रोजगारीमा रहेका र बिदेसिन लागेका महिलाहरूमा भने पारिवारिक पृष्ठभूमि उस्तै देखिन आएको छ अर्थात् १२ महिला एकल परिवारका र १८ महिला संयुक्त परिवारका थिए । २ जना महिलाहरू जो संयुक्त परिवारबाट थिए उनीहरू पहिले वैदेशिक रोजगारीमा रही हाल फर्किसकेको परिवारबाट रहेका छन् ।

## ३.४ वैवाहिक अवस्था

| रोजगारको अवस्था | वैवाहिक स्थिति | | | |
|---|---|---|---|---|
| | अविवाहित | श्रीमान्सँगै | सम्बन्धविच्छेद | जम्मा |
| फर्किएका | १ | २७ | २ | ३० |
| जान लागेका | ५ | २३ | २ | ३० |
| हाल कार्यरत | ५ | २३ | २ | ३० |
| जम्मा | ११ | ७३ | ६ | ९० |

वैवाहिक स्थितिको अवस्था हेर्दा खेरि वैदेशिक रोजगारीमा संलग्न अधिकांश महिलाहरू हाल पनि श्रीमान्सँग रहेको देखिन आएको छ । मात्र ६.६ प्रतिशत महिलाहरू सम्बन्धविच्छेद गरेको देखिन्छ भने ११ जना महिलाहरू जो अध्ययनरत तथा अविवाहित थिए । महिलाहरू विदेशमा काम गर्न गएकाले सम्बन्धविच्छेद बढ्दो छ भन्ने परिभाषालाई यस तथ्याङ्कले भने चुनौती दिएको छ । किनकि ८१ प्रतिशत महिलाहरू अझै पनि विवाहित छन् र श्रीमान्सँग सम्बन्धविच्छेद पनि भएको छैन ।

## ३.५ शैक्षिक अवस्था

शैक्षिक अवस्थाको सन्दर्भमा जम्मा ९० जना महिलाहरूमध्ये ३६ जना महिलाहरूले आधारभूत तहको शिक्षा प्राप्त गरेपश्चात् विदेशका कामका लागि गएको देखिन आएको छ । यो सङ्ख्या सबैभन्दा उच्च सङ्ख्या हो । त्यसपश्चात् माध्यमिक तहमा अध्ययन गर्ने महिलाहरूको सङ्ख्या बढी देखिन्छ, जसमा २३ महिलाहरूले माध्यमिक तह अध्ययन गरेपश्चात् वैदेशिक रोजगारीमा संलग्न भएका छन् । उच्च शिक्षा अध्ययन गर्ने सङ्ख्या वैदेशिक रोजगारीमा गई फर्किएका महिलाहरूको तुलनामा हाल कार्यरत




र जान लागेका महिलाहरूमा बढी देखिन्छ यसले पछिल्लो समय उच्च शिक्षा हासिल गरेर मात्र वैदेशिक रोजगारीमा महिलाहरू जान लागेको सङ्केत पनि गर्दछ । तथापि अध्ययनमा सहभागी महिलाहरूमध्ये झन्डै ४ प्रतिशत महिलाहरू निरक्षर थिए ।

## ३.६ रोजगार मुलुक

तीन जिल्लामा बसोबास गर्ने महिलाहरूमध्ये विभिन्न मुलुकहरूमा कामको सिलसिलामा जानुभएका/जान लागेकाहरूमा सबैभन्दा धेरै कुवेत देखिन आएको छ, जुन ३३ प्रतिशत रहेको छ भने सबैभन्दा कम काम गर्न गएका मुलुकहरूमा ओमान, इराक र लेबनान देखिएका छन् । ती सबै मुलुकहरूमा क्रमशः ३, १ र १ जना मात्र महिला देखिएका छन् । कुवेतपछिको अर्को ठुलो मुलुकका रूपमा संयुक्त अरब इमिरेट्स देखिन्छ जहाँ ९० मध्ये २० महिलाहरू संलग्न भएका र जान चाहेका छन् । वैदेशिक रोजगारबाट फर्केका र हाल कार्यरतको संख्या कुवेतमा धेरै देखिन्छ (२४ जना) भने हाल जान लागेका महिलाहरूको संख्या संयुक्त अरब इमिरेट्समा धेरै (११ जना) देखिन आएको छ ।



## ३.७ सूचनाका स्रोतहरू

वैदेशिक रोजगारीका लागि महिलाहरूको सूचनाको स्रोत नातागोता देखिएको छ । ४७ प्रतिशत महिलाहरूले आफ्ना नातागोताबाट आफु जान लागेको देशका बारेमा थाह पाएका छन् । त्यसपश्चात् मात्र साथीहरूबाट थाह पाउने देखिएको छ । सामाजिक सञ्जाल सूचना, पत्रिका, स्थानीय सरकार आदिबाट भन्दा पनि आफुले चिनेजानेका मान्छेमै वैदेशिक रोजगारीसम्बन्धी सूचनामा बढी भर पर्ने देखिएको छ । तथापि वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरूले भने नातागोताभन्दा पनि आफुहरू बढी साथीहरूलाई आधार मानेर (४४ प्रतिशत) बिदेसिएको बताए । साथीहरूबाट सूचना पाउने २९ प्रतिशत महिलाले बताउँदा १५ प्रतिशतले अन्य माध्यम र मात्र ९ प्रतिशतले सामाजिक सञ्जाललाई आधार बनाएका छन् । अध्ययनको क्रममा हाल वैदेशिक रोजगारीमा रहेका र जान लागेका महिलाहरूको उत्तर समान देखिएको छ अर्थात् पछिल्लो समयभन्दा वर्तमान अवस्थामा साथीभन्दा पनि नातागोतालाई आधार मानी वैदेशिक रोजगारीमा जाने प्रचलन बढेको देखिन्छ ।




## ३.८ विदेश भ्रमण र फ्री भिसा

हाल विदेशमा रहेका महिलाहरूमध्ये अधिकांशको यो पहिलो वैदेशिक अनुभव रहेको पाइएको छ । मात्र १३.३ प्रतिशत महिलाहरू पहिले पनि वैदेशिक रोजगारीको सिलसिलामा काम गर्न गएको पाइयो । विदेश जान लागेका महिलाहरूले पनि सोहीअनुसारको उत्तर दिएका छन् । विदेशमा काम गर्न लागेका महिलाहरूले समेत १३.३ प्रतिशत महिलाहरू पहिल्यै अरू देश गइसकेको बताए भने अन्य महिलाहरू अर्थात् जम्मा ८६.७ प्रतिशत महिलाहरूको पहिलो पटक वैदेशिक भ्रमण रहेको छ ।

फ्री भिसा पाउने हरूमा हाल वैदेशिक रोजगारीमा रहेका र अब वैदेशिक रोजगारीमा जान लागेका महिलाहरूमा ३३.३ प्रतिशत महिलाहरूले फ्री भिसा प्राप्त गरेका छन् । ६६.७ प्रतिशत महिलाहरूले आफुहरूले पैसा तिरेरै गएको बताएका छन् ।

## ३.९ खर्च र बचत

आफ्नो कमाइले घर चलाउन पुग्छ भन्ने प्रश्नमा वैदेशिक रोजगारीमा रहेका र हाल जान लागेका महिलाहरूमध्ये ३६.७ प्रतिशत महिलाहरूले मात्र पुग्ने बताएका छन् भने ३३.३ प्रतिशतले अझै पनि अपुग रहेको र ३० प्रतिशतले भने यस विषयमा अनभिज्ञ रहेको बताएका छन् । यस अर्थमा आफ्नो कमाइमा असन्तुष्टिका साथ पनि महिलाहरू वैदेशिक रोजगारीमा जान बाध्य भएको देखिन्छ ।

## ३.१० पारिवारिक जिम्मेवारी

वैदेशिक रोजगारीमा रहेका ३० जना महिलाहरूमध्ये २२ जना महिलाहरूमाथि पारिवारिक जिम्मेवारी रहेको पाइएको छ अर्थात् ७३.३ प्रतिशत महिलाहरूले आफुमाथि परिवार आश्रित रहेको बताएका छन् भने हाल जान लागेका महिलाहरूमध्ये पनि सोही तथ्याङ्क रहेको देखिएको छ ।

## ३.११ सम्पति

वैदेशिक रोजगारीमा रहेका र हाल जान लागेका महिलाहरूमध्ये ५७ प्रतिशत महिलाहरू ऋण लिएर बिदेसिने देखिन आएको छ भने ३ प्रतिशत महिलाहरूले मात्र जग्गा बेचेर, २७ प्रतिशतले आफ्नै कमाइबाट र १३ प्रतिशतले पैतृक सम्पत्ति बेचेर बिदेसिन लागेको बताए । यस आँकडाले ठुलो सङ्ख्यामा महिलाहरू कर्जा लिएर नै वैदेशिक रोजगारीमा जाने देखिन्छ । तथापि, महिलाहरूलाई ऋण पत्याउने अवस्था रहेको समेत यस तथ्याङ्कले पनि बिदेसिने महिलाहरूको ठुलो हिस्सा कमजोर आर्थिक अवस्थाका महिलाहरू रहेको इङ्गित गर्दछ ।




## ३.१२ उपलब्ध सुविधाहरु

यस अध्ययनका क्रममा वैदेशिक रोजगारीमा जाने महिलाहरूले तलबबाहेक पनि अन्य सुविधाहरू प्राप्त गर्ने गरेको देखिन्छ । अधिकांश महिलाले खाना र आवासको सुविधा प्राप्त गर्ने गरेका छन् । त्यसपश्चात्को सुविधामा स्वास्थ्य र बिमा सुविधा रहेका छन् । वैदेशिक रोजगारीबाट फर्किएका ३.३ प्रतिशत महिलाहरूले मात्र उल्लिखित चार सुविधाबाहेकका अन्य सुविधा प्राप्त गरेको देखिन्छ ।

| | स्वास्थ्य सुविधा | बिमा | खाना | आवास | यातायात | अन्य |
|---|---|---|---|---|---|---|
| फर्किएका | १९.७% | ११.५% | २७.९% | ३१.१% | ६.६% | ३.३% |
| जान लागेका | १५.९% | १९% | ३४.९% | २७% | ३.२% | फर्केर जान, उपचार गर्न सहयोग, छुट्टीमा जान टिकट फ्री, घरमा काम गर्दा टिकटमा सहयोग |
| हाल कार्यरत | १५.९% | १९% | ३४.९% | २७% | ३.२% | |

## ३.१३ अध्ययनको क्रममा वैदेशिक रोजगारीमा रहेका महिलाहरूले विदेशमा रहँदा भोगेका मुख्य समस्या

वैदेशिक रोजगारीमा रहेका महिलाहरूलाई विविध चुनौतीहरू रहेको देखिन आएको छ । अध्ययनमा सहभागी महिलाहरूमध्ये सबैभन्दा धेरै महिलाहरूले मानसिक समस्याबाट गुज्रनु परेको बताएका छन् । यो जम्मा सहभागीहरूको ३३ प्रतिशत हुन आउँछ । त्यसपश्चात् क्रमशः आर्थिक समस्या, शारीरिक, अन्य र कानुनी समस्याहरू देखिएको छ । त्यसै गरी वैदेशिक रोजगारीबाट फर्किएका एक जना महिला र ५ जना हाल पनि कार्यरत महिलाहरूले कुनै प्रकारको समस्याबाट गुज्रनु नपरेको बताएका छन् । अन्य अन्तर्गत सहभागीहरूले बिरामी हुँदा पनि काम गर्नुपर्ने, भनेको समयमा बिदा नपाइने, घरमा पैसा पठाउन अप्ठेरो हुने लगायतका विषयका उठान गरेका थिए ।




## ३.१४ भावनात्मक चुनौतीहरू

वैदेशिक रोजगारीमा रहँदा, जाँदा वा जान लाग्दा धेरै महिलाहरू भने विभिन्न समस्याका बाबजुद पनि आफुहरू खुसी नै रहेको बताएका छन् । झन्डै ४० प्रतिशत महिलाहरू वैदेशिक रोजगारीमा जाँदा वैदेशिक रोजगारीमा रहेका



महिलाहरूलाई विविध चुनौतीहरू रहेको देखिन आएको छ । अध्ययनमा सहभागी महिलाहरूमध्ये सबैभन्दा धेरै महिलाहरूले मानसिक समस्याबाट गुज्रनु परेको बताएका छन् । यो जम्मा सहभागीहरूको ३३ प्रतिशत हुन आउँछ । त्यसपश्चात् क्रमशः आर्थिक समस्या, शारीरिक, अन्य र कानुनी समस्याहरू देखिएको छ । त्यसै गरी वैदेशिक रोजगारीबाट फर्किएका एक जना महिला र ५ जना हाल पनि कार्यरत महिलाहरूले कुनै प्रकारको समस्याबाट गुज्रनु नपरेको बताएका छन् ।

## ३.१५ पारिवारिक प्रतिक्रिया

वैदेशिक रोजगारीमा जाँदा परिवारको सहमति हुने विषय सबै क्षेत्रका र सबै समूहका श्रम क्षेत्रमा संलग्न महिलाहरूमा रहेको अध्ययनले देखाएको छ । ६६.६६ प्रतिशत महिलाहरूले आफु वैदेशिक रोजगारीमा जाने निर्णय गर्दा परिवारको पनि साथ र सहयोग रहेको बताएको छ । यो आँकडा हरेक समूह अर्थात् फर्किएका, जान लागेका र हाल कार्यरत तीनै समूहमा समेत उस्तै रहेको छ । असहमति भने हाल फर्किएका महिलाहरूले मात्र अनुभव गरेको बताएका छन् भने १८.८८ प्रतिशत महिलाहरूले भने परिवारको निर्णय सुनिसकेपछि अन्योलको अवस्थामा पुगेको बताएका छन् । त्यसै गरी ७.७७ प्रतिशत महिलाले आफुहरूलाई कसैले केही नभनेको बताए भने २.२ प्रतिशित महिलाहरूले भने उत्तर दिएनन् । यस आँकडाले महिलाहरू वैदेशिक रोजगारीमा जाने परिवारको स्वीकृति हुने देखाउँदछ भने पहिले कामदारका रूपमा कतिपय महिलाहरू परिवारको असहमतिबीच पनि काम गर्न गएका थिए भन्ने समेत देखाएको छ ।




## ३.१६ वैदेशिक रोजगारीमा महिलालाई चुनौती

महिला भएकै कारण वैदेशिक रोजगारीमा जानु चुनौतीपूर्ण हुनेबारेमा कसैले केही बताएका थिए भन्ने प्रश्नमा मात्र १७.७७ प्रतिशतले त्यस्तो कुरा आफुलाई बताएको उत्तर दिए भने ८२.३ प्रतिशत उत्तरदाताहरूले आफुहरूले त्यस्तो केही नभोगेको बताए । ५० प्रतिशत महिलाले आफुले विदेश जाने बेलामा त्यस्तो जोखिम हुने भन्ने कुरा महसुस गरेको बताए । ३४ प्रतिशत उत्तरदाताले वैदेशिक रोजगार जानुअघि र १६ प्रतिशत महिलाले वैदेशिक रोजगारीमा रहँदा त्यस्तो किसिमको डर वा चुनौतीको महसुस गरेको बताएका छन् ।

## ३.१७ कामको प्रकृति

जम्मा उत्तरदाताको ५५ प्रतिशत महिलाहरूले विदेशमा रहँदा घरायसी कार्यमा आफु संलग्न भएको बताएका छन् । त्यसपश्चात् कतिपयले कुनै कार्यालयभित्र रहेर काम गर्ने जानकारी दिए, जुन ३० प्रतिशत रहेको छ । सप्लायर्स प्रकृतिको काममा ५ प्रतिशत, बाहिरी काममा १.७ प्रतिशत र अन्यमा ८.३ प्रतिशत महिला संलग्न देखिएको छ । अध्ययनमा सहभागी महिलाहरूमध्ये अधिकांश घरेलु श्रमिकको रूपमा बिदेसिने गरेको देखाएको छ तसर्थ कसरी घरायसी कामलाई मर्यादित र सुरक्षित बनाउने भन्ने विषयमा सरकार र दूतावासले खास ध्यान पुऱ्याउनु पर्ने देखिन्छ भने अध्ययन गरेर जाँदा पनि कसरी महिलाहरू घरभित्रकै काममा सीमित भइरहेका छन् भन्ने कुरा पनि तथ्याङ्कले उजागर गरेको छ ।




## ३.१८ तयारी र निर्णय

३४ प्रतिशत महिलाहरूले आफु कुन देश जान्छु भन्ने निर्णय परिवारको सल्लाहमा आधारित भएर गरेको बताएका छन् भने त्यसपश्चात् नातागोतासँगको सल्लाहमा जाने ३० प्रतिशत महिलाहरू रहेका छन् । त्यसै गरी साथीसँगको छलफलमा २५.५



प्रतिशत, कन्सल्टेन्सीको आधारमा २३ प्रतिशत र अन्यमा ६ प्रतिशत रहेका छन् । माथि पारिवारिक प्रतिक्रियामा वैदेशिक रोजगारीमा जाँदा ६६ प्रतिशत महिलालाई पारिवारिक सहमति देखिनुको आधार अधिकांश महिलाहरू परिवारकै सल्लाहमा बिदेसिनु पर्ने देखाउँछ ।

## ३.१९ बिदेसिने माध्यम

महिलाहरू कामका लागि बिदेसिँदा अध्ययनको क्रममा कोही पनि महिला कुनै पनि कन्सल्टेन्सीमार्फत बिदेसिने नगरेको बताए भने ४१ प्रतिशत महिलाहरू एजेन्टमार्फत बिदेसिने गरेको बताए । त्यसपश्चात् ठुलो सङ्ख्यामा महिलाहरू म्यानपावर (२७ प्रतिशत) र कन्सल्टेन्सी (२४ प्रतिशत) मार्फत बिदेसिने देखिन्छ । मात्र ५ प्रतिशत नातागोता र ३ प्रतिशत साथीभाइमार्फत वैदेशिक रोजगारीमा जाने गरेको पाइएको छ । अझै पनि अधिकांश महिलाहरू एजेन्टलाई आधार बनाएर जाने हुँदा कसरी यसलाई




राज्यले नियमन गर्न सक्ने निकायमार्फत लिएर आउने भन्ने विषयमा भने विमर्श आवश्यक देखिन्छ ।

सम्भवतः एजेन्टमार्फत जाने कारणले पनि हुन सक्दछ झन्डै ५५ प्रतिशत महिलाहरूले जानुअघि कुनै प्रकारको तालिम वा ओरियन्टेसन नपाएको हुन सक्दछ । यो सङ्ख्या फर्किएका, जान लागेका र हाल कार्यरत सबै वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको हो । ३८ प्रतिशत महिलाले मात्र आफुले जानुअघि ओरियन्टेसन पाएको बताएका थिए भने ८ प्रतिशत महिलाहरू यस विषयमा आफुलाई केही थाह नभएको बताउँछन् ।

## ३.२० वैदेशिक भ्रमणमा खर्च

विदेशमा काम गर्न जानका लागि महिलाहरूले केही हजारदेखि ५ लाखसम्म खर्च गर्ने गरेको देखिएको छ । हाम्रो अध्ययनको क्रममा ५२ प्रतिशत महिलाहरूले बताउन नचाहे तापनि उत्तर दिनेमध्येका ४० प्रतिशतले ५१ देखि १ लाखसम्म खर्च गरेर वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । त्यसपछि ३ लाखभन्दा कम खर्च गरी बिदेसिनेहरू एक चौथाइ अर्थात् २५ प्रतिशत रहेका छन् भने ५० हजार वा सोभन्दा कम खर्च गरेर जानेहरू २१ प्रतिशत रहेका छन् । ३ लाखभन्दा बढी तर ५ लाखभन्दा कम खर्च गरी जानेहरू २ प्रतिशत मात्र हुँदा १२ प्रतिशत महिलाहरू भने ५ लाखभन्दा बढी समेत खर्च गरेर बिदेसिने गरेको देखिन्छ । यसमा पनि खास गरी हाल कार्यरत र जान लागेका महिलाहरूको सङ्ख्या बढी रहेको छ ।




## ३.२१ वार्षिक कमाइ

वैदेशिक रोजगारीबाट फर्किसकेका र हाल कार्यरत महिलाहरूलाई हामीले उहाँहरूको वार्षिक कमाइका बारेमा प्रश्न गरेका थियौँ । जसमा हाल नेपालमै रहेका र वैदेशिक रोजगारीबाट फर्किसकेकाहरूमध्ये ७३ प्रतिशत उत्तरदाताले आफ्नो वार्षिक कमाइ ५ लाखभन्दा कम रहेको बताएका छन् । त्यस्तै गरी १३ प्रतिशतको कमाइ ५ देखि १० लाखको बीचमा र १४ प्रतिशतको कमाइ १० देखि १५ लाखको बीचमा रहेको छ । उता हाल वैदेशिक रोजगारीमा संलग्न महिलाहरूमध्ये भने ३७ प्रतिशतले महिलाले आफ्नो मासिक तथा वार्षिक कमाइका बारेमा खुल्न चाहेनन् । बाँकी उत्तरदातालाई शतप्रतिशत मान्दा ४२ प्रतिशत महिलाहरूको वार्षिक आम्दानी ५ लाखभन्दा कम रहेको, ४७ प्रतिशतको ५ देखि १० लाखसम्म रहेको र ११ प्रतिशतको १० देखि १५ लाखको बीचमा रहेको देखिन्छ ।



## ३.२२ बालबच्चासँगको सम्बन्ध

वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको आफ्ना बालबच्चाहरूसँगको सम्बन्ध खराब नभएको देखिन्छ । उत्तरदाताहरूमध्ये ३५ प्रतिशतले सम्बन्ध एकदमै राम्रो भएको बताए भने ४० प्रतिशतले राम्रो रहेको बताए । मात्र १२ प्रतिशतले सम्बन्ध ठिकै रहेको बताइरहँदा १३ प्रतिशतले मात्र सम्बन्धबारे खुल्न चाहेनन् । वैदेशिक रोजगारीमा जाँदा बालबच्चाहरूसँगको सम्बन्ध बिग्रने खास गरी आमाहरू नहुने भन्ने सामाजिक मान्यताको विपरीत यो तथ्याङ्कले फरक परिदृश्य देखाउँदछ ।




## ३.२३ महिलामाथिको सामाजिक दृष्टिकोण

वैदेशिक रोजगारीमा संलग्न महिलामाथि समाजले सम्मानजनक नै व्यवहार गर्ने महिलाले महसुस गरेका छन् । सबैभन्दा उच्च अर्थात् ७८ प्रतिशत महिलाले यस्तो महसुस गर्ने गरेको बताए । तथापि २२ प्रतिशत महिलाहरूले भने विभेदपूर्ण, हेलत्व र बेवास्ता भोगेको विषय पनि उजागर गरेका छन् ।



## ३.२४ वैदेशिक रोजगारीको सकारात्मक परिवर्तन

वैदेशिक रोजगारीमा जाँदा महिलाहरूको आत्मविश्वासमा उल्लेख्य वृद्धि हुने देखिएको छ । ६० प्रतिशत महिलाले वैदेशिक रोजगारीमा संलग्न भएर आफ्नो आत्मविश्वास बढेको बताएका छन् भने २० प्रतिशतले रहनसहनमा फरक आएको बताए । प्रश्नमा सहभागीहरूमध्ये १४ प्रतिशतले आफ्नो दृष्टिकोणमा र ६ प्रतिशतले आफ्ना मूल्यमान्यतामा परिवर्तन आएको बताएका छन् । यसले वैदेशिक रोजगारीमा जाँदा महिलालाई असर मात्र पर्ने भन्ने संरक्षणवादी दृष्टिकोणमा समेत चुनौती दिएको छ । वैदेशिक रोजगारीमा हाल संलग्न र फर्किसकेका महिलाहरूबीच सोधिएको यस प्रश्नमा १० जना महिलाले (८ जना फर्किसकेका र २ जना हाल कार्यरत) भने उत्तर दिन चाहेनन् ।



# ४. अध्ययनको निष्कर्ष र सुझाव

## ४.१ अध्ययनको निष्कर्ष

यस अध्ययनले वैदेशिक रोजगारीमा जाने महिलाहरूको सङ्ख्या अरू अध्ययनहरूले देखाएजस्तै वृद्धि भइरहेको देखाउँछ । वैदेशिक रोजगारीमा जाने महिलाहरूमा अधिकांश जनजाति समुदायका महिलाहरूको बाहुल्यता रहेको देखिन्छ । आफु जान लागेको मुलुकमा महिलामाथि हुने हिंसा र दमनका बारेमा पूर्व जानकार हुँदाहुँदै समेत महिलाहरू वैदेशिक रोजगारीमा जानका लागि बाध्य भएको देखिन्छ । यसले महिलाहरूका लागि रोजगारी र सम्मानजनक कामको वातावरण नेपालमा नभएको कुरा पुष्टि गर्दछ ।

शैक्षिक योग्यताको आधारमा हेर्दा नेपाली महिलाहरू निरक्षर भएकाले बिदेसिने भन्ने भाष्य गलत साबित यस अध्ययनले गरिदिएको छ । यस अध्ययनले वैदेशिक रोजगारीमा जाने अधिकांश महिलाहरू साक्षर मात्र नभएर माध्यमिक तथा उच्च शिक्षा हासिल गरेको देखाउँछ । वैदेशिक रोजगारीमा संलग्न विवाहित महिलाहरूमध्ये ९२ प्रतिशतको वैवाहिक सम्बन्ध राम्रो रहेको देखिन्छ । वैदेशिक रोजगारीमा जाने विवाहित महिलाहरूको सम्बन्ध श्रीमान् र परिवारसँग राम्रो हुँदैन भन्ने भाष्य यस अध्ययनले गलत साबित गर्दछ । तथापि महिलाहरूले आफुले कमाएको पैसामा श्रीमान्को नियन्त्रण बढी हुने कुरा व्यक्त गर्नुले सामाजिक लैङ्गिक चेतनामा उल्लेख्य परिवर्तन भने अझै नआइसकेको पनि प्रतिबिम्बित हुन्छ ।

हाम्रो अध्ययनमा झन्डै एक तिहाइ महिलाहरू कुवेतमा कामको सिलसिलामा जाने गरेको देखिएको छ । काम गर्न जान लागेका महिलाहरूमध्ये झन्डै ३७ प्रतिशत महिला संयुक्त अरब इमिरेट्स (युएई)मा जान लागेको तथ्याङ्कले देखाउँदा कतै कुवेतबाट अब पछिल्लो समय संयुक्त अरब इमिरेट्स महिलाको गन्तव्य मुलुकको रूपमा विकास भइरहेको त छैन भन्ने देखाएको छ । कुवेतमा घरेलु कामदारको रूपमा अधिकांश जाने गरेको देखिन्छ भने युएईमा घरेलु कामकाजको साथसाथै पसल र पार्लर जस्ता क्षेत्रमा पनि महिलाहरू जाने गरेको देखिन्छ । यसले पनि पछिल्लो समय महिलाहरू घरेलु काम मात्र भन्दा त्यसभन्दा बढी विकल्प भएको मुलुकमा रोजगारका लागि जाने गरेको देखिन्छ । यसका साथसाथै कतार, मलेसिया, जोर्डन, साइप्रस पनि महिलाहरूको वैदेशिक रोजगारीको गन्तव्य भएको देखिन्छ ।

वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको जीवनमा वैदेशिक रोजगारीले केही सकारात्मक परिवर्तन पनि ल्याएको देखिन्छ । वैदेशिक रोजगारीमा जाने अधिकांशको अनुभवअनुसार वैदेशिक रोजगारीकै कारण भए पनि उनीहरूले बाहिरी संसार देख्न र बुझ्न पाएका छन् । फरक फरक परिस्थिति र वातावरणमा आफुलाई अनुकूलन र परिचित गराउने मौका पाएका छन् जसले गर्दा उनीहरूमा आत्मविश्वास बढेको छ । आफैंले कमाउन थालेपछि आफु आत्मनिर्भर भएको अनुभूति गर्नुका साथसाथै आफ्नो परिवारको आर्थिक स्थिति सुधारमा महत्त्वपूर्ण भूमिका खेल्न पाउँदा छुट्टै खालको गौरवको महसुस गर्न पाएका छन् । सानो सानो कुरामा अरूमा निर्भर रहनुपर्ने बाध्यात्मक अवस्थामा परिवर्तन आएको छ । समाजले पनि महिलालाई घरायसीसँगसँगै आर्थिक रूपमा पनि योगदान गरेको कारणले उनीहरूलाई हेर्ने दृष्टिकोणमा पनि सकारात्मक परिवर्तन आएको अधिकांश वैदेशिक रोजगारीमा जाने महिलाहरूको अनुभव छ ।

### ४.१.१ झापा जिल्लाको मुख्य निष्कर्षहरु

वैदेशिक रोजगारीका लागि बिदेसिने महिलाहरूको तथ्याङ्कका आधारमा झापा जिल्ला प्रमुख जिल्लाहरूअन्तर्गत पर्दछ । विभिन्न सङ्घसंस्थाको तथ्याङ्कअनुसार पनि झापा जिल्लाका महिलाहरू बढी खाडी मुलुकमा घरेलु कामदारको लागि जान बाध्य भएको देखिन्छ । यस अध्ययनले पनि उक्त निष्कर्षलाई पुष्टि गर्न मद्दत गर्दछ । गरिबी, बेरोजगारी, आर्थिक अभाव, पारिवारिक जिम्मेवारी पुरा गर्नुपर्ने जस्ता कारणले धेरैजसो महिलाहरू वैदेशिक रोजगारीमा जाने गरेको यस अध्ययनले देखाएको छ । यस अलावा राम्रो जीवनस्तर र आर्थिक सम्पन्नताको आशाले पनि उनीहरू वैदेशिक रोजगारीमा आकर्षित भएको देखिन्छन् । यसरी वैदेशिक रोजगारीमा खाडी मुलुकमा घरेलु कामदारका रूपमा जाने महिलाहरू लुकीछिपी पनि जाने गरेको देखिन्छ । झापा जिल्लामा हाल फर्किसकेका महिलाहरूमध्ये अधिकांश कतार र मलेसियामा गएको देखिन्छ भने वैदेशिक रोजगारीमा हाल कार्यरत र जान लागेका महिलाहरू कुवेत र युएईपछि तेस्रो विकल्पको रूपमा मात्र कतार जाने गरेको देखिन्छ ।

वैदेशिक रोजगारमा पुगेका महिलाहरूले विभिन्न प्रकारका समस्याहरूको सामना गर्नुपरेको हुन्छ । घरेलु हिंसादेखि मानसिक, शारीरिक हिंसासमेत भोग्नुपरेको आमकास नेपालकी विजया राई श्रेष्ठ बताउँछिन् । अध्ययनको क्रममा अन्तर्वार्तामा विजया बताउँछिन्, "खाडी मुलुकमा जाने महिलाहरू प्रायजसो भिजिट भिसामा जाने गर्छन् । उनीहरूसँग कुनै सिपमूलक तालिम नहुने, कुनै कागजपत्र नहुँदा दलालले भनेअनुसार एकै ठाउँमा बस्नुपर्दा महिलाहरूले विभिन्न समस्या भोग्नुपरेको छ ।" महिलाहरूलाई नेपालको दलालभन्दा पनि विदेशकै एजेन्टहरूले फसाउने गर्छन् । उनीहरूले काम गरेअनुसारको पारिश्रमिक पाउँदैनन्, महिनामा जम्मा ३०/४० हजार नेपाली रूपैयाँ मात्र पाउँछन् । तसर्थ, वैदेशिक रोजगारीमा जाने महिलाहरूको सुरक्षाको ग्यारेन्टी र घरेलु कामदारमा जान नपाउने प्रतिबन्धलाई फुकुवा गरिदिनुपर्ने आमकास नेपालका विजया राई श्रेष्ठ बताउँछिन् ।

तर यी चुनौतीहरू बाबजुद पनि महिलाहरूले आफुलाई आत्मनिर्भर र आत्मविश्वास बढाउन पाएका छन् । उनीहरूले लैङ्गिक दृष्टिकोणबाट परिवारको मालिक पुरुष मात्र नभई महिला पनि हुन् भन्ने कुरालाई प्रमाणित गरेका छन् । वैदेशिक  रोजगारीको क्रममा कानुनअनुसार महिला पुरुषलाई विभेद गर्न नपाइने भनिएको छ । वैदेशिक रोजगारीमा जाने महिलाहरूको अवस्था र परिस्थितिलाई केलाउँदा सरकारले घरेलु कामदार महिलाहरूको लागि विभेद गरेको देखिन्छ । वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई सम्मानित र मर्यादित दृष्टिकोणले हेरिनुपर्ने र उनीहरूले देशको अर्थतन्त्रमा पारेको योगदानबारे पनि स्वीकार गर्नुपर्ने पौरखी नेपालका मञ्जु गुरूङ बताउँछिन् । त्यस्तै प्रवासी नेपाली समन्वय समिति (PNCC) का एक सदस्यका अनुसार, "वैदेशिक रोजगारीमा जान चाहने महिलाहरूका लागि सही सूचना र तालिमको व्यवस्था गर्न अत्यावश्यक छ । यसले उनीहरूको सुरक्षा र सफलतामा ठुलो भूमिका खेल्छ ।" झापा जिल्लामा वैदेशिक रोजगारीको प्रवृत्तिलाई बुझ्न र सुधार गर्नका लागि अझै धेरै काम गर्न आवश्यक छ । यसमा सरकारी निकाय, गैरसरकारी संस्था र समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको अधिकारकर्मीहरू बताउँछन् ।

## सामाजिक, मानसिक, र आर्थिक प्रभावहरू

### सामाजिक प्रभावहरू

वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई समाजले नकारात्मक दृष्टिकोणबाट हेर्ने गरेको अध्ययनले देखाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका विज्ञ सदस्य केशव बस्यालका अनुसार, "वैदेशिक रोजगारीमा जाने महिला कामदारहरूलाई समाजले मात्र होइन आफ्नै घरपरिवार समेतले गलत बाटो अपनाए कि भनेर शङ्का गर्ने गर्छन् ।" यस अध्ययनको क्रममा समाजले मात्र होइन आफ्नै घरपरिवार समेतले अविश्वास गर्ने गरेको थुप्रै वैदेशिक रोजगारीमा गएर फर्किएका महिलाहरूको अनुभवले पनि यस भनाइलाई बल पुऱ्याउँछ । विशेष गरी, घरेलु कामदार वा मनोरञ्जन क्षेत्रमा जाने कामदारहरू त यसको मारमा अझ बढी पर्ने गरेका छन् । यस अर्थमा समाजले उनीहरूलाई विभेद गर्छन् । उनीहरूलाई मात्र होइन, उनीहरूका परिवारलाई पनि समाजले फरक दृष्टिले हेर्ने गरेको धेरै परिवारका सदस्यहरूको बुझाइ छ । यी र यस्तै कारणहरू पनि वैदेशिक रोजगारीमा अवसर खोज्ने महिलाहरूका लागि वैदेशिक रोजगारी आफैमा चुनौती बन्ने गरेको छ । वैदेशिक रोजगारीमा जाँदा उनीहरूले सामाजिक स्थिति र व्यक्तिगत मर्यादा दाउमा राख्नुपर्ने यस अध्ययनले देखाउँछ । त्यसका साथसाथै, समाजमा विद्यमान लैङ्गिक भूमिकामा बालबच्चा महिलाले नै हेर्नुपर्ने, परिवारको रेखदेख महिलाले मात्र गर्नुपर्ने, वैदेशिक रोजगारीमै गए पनि परिवार र आफन्तको निगारानीमा रहनुपर्ने जस्ता मान्यताले समेत महिलाको गतिशीलता नियन्त्रण भइरहेको देखिन्छ ।

### मानसिक प्रभावहरूः

वैदेशिक रोजगारीकै कारण महिलाहरू आत्मनिर्भर र सशक्त बनेका छन् भने कतिपयले मनोवैज्ञानिक समस्याहरू पनि भोगिरहेका छन् । विज्ञ सदस्य बस्यालकै अनुसार पनि वैदेशिक रोजगारीमा गएर फर्केका कतिपय महिलाहरू आत्मनिर्भर भएर समाजमा अघि बढिरहेका धेरै उदाहरणहरू पाइन्छन् । सँगसँगै वैदेशिक रोजगारीमा व्यस्त हुँदा, आफ्नो घर परिवारबाट लामो समय टाढा रहँदा कतिपय महिलाहरू मानसिक रूपमा अस्वस्थ रहेको पनि यस अध्ययनले देखाएको छ । तर हाम्रो समाजले मानसिक समस्यालाई खासै समस्याको रूपमा पर्वाह गर्ने गरेको देखिँदैन । समाजले व्यक्तिको अझ खास गरी महिलाको मानसिक स्थितिलाई बुझ्न सकिरहेको छैन र यसले महिलाहरू विभिन्न प्रकारका मानसिक समस्या, डिप्रेसन लगायतबाट समस्याबाट गुज्रनु परेको देखिन्छ । तथापि, सकारात्मक प्रभाव यो छ कि महिलाहरूले आफ्नो लागि कमाइ गर्न सकिरहेका छन्, उनीहरूले आँट र साहस गर्न सिकिरहेका छन् र आफ्नो क्षमताहरूको खोजी, पहिचान र अभ्यास गर्न सिकेका छन् ।

**आर्थिक प्रभावहरूः**

वैदेशिक रोजगारीका कारण महिलाहरूको आर्थिक अवस्थामा सुधार आएको यस अध्ययनले देखाएको छ । आफु र परिवारमा मात्र नभएर देशकै आर्थिक अवस्थालाई चलायमान बनाउन पनि वैदेशिक रोजगारीले ठूलै भुमिका खेलिरहेको छ । वैदेशिक रोजगारीमा गएकै कारण कतिपय घरपरिवारले आफुलाई आर्थिक रूपमा सशक्त र समाजमा आफूलाई सम्मानित बनाउन सफल भएका छन् । यसै गरी आफ्ना सन्तान र परिवारका इच्छा, आकाङ्क्षा पुरा गरिदिन सकेका छन् । यसले समाजमा परिवारका सदस्यहरूको आत्मसम्मान बढेको छ । आफ्नै निर्णय क्षमतामा पनि विकास भएको छ । तर, सँगसँगै सामाजिक संरचना र पितृसत्तात्मक सोचको उपजको कारण अझै पनि धेरैजसो वैदेशिक रोजगारीमा संलग्न महिलाहरूले आफ्नै कमाइमा आफ्नो पूर्ण अधिकार जमाउन भने सकिरहेका छैनन् । अध्ययनमा सहभागी महिलाहरूका अनुसार वैदेशिक रोजगारीमा जाने पुरूषको अवस्था भने उनीहरूको भन्दा भिन्न छ । उनीहरूले आफुले कमाएको सम्पत्तिमा आफ्नो पूर्ण अधिकार जमाउने गर्दछन् । यसर्थ, अध्ययनले महिलाको आर्थिक सशक्तीकरणसँगसँगै महिलाको अस्तित्वलाई समेत सम्मान गर्नुपर्ने वातारवण सिर्जना गर्नुपर्ने देखाउँछ ।

## घरेलु हिंसाबाट घरेलु हिंसामै

झापा जिल्लाको भद्रपुर निवासी आनन्दी झा (नाम परिवर्तन गरिएको) को परिवारमा ६ जना सदस्य छन् । आनन्दी सामान्य लेखपढ गर्न सक्छिन् । श्रीमान् सधैँजसो रक्सी सेवन गरी झगडा गर्ने, पिट्ने, पारिवारिक आर्थिक अवस्था र वातावरण पनि राम्रो नभएको र ऋणसमेत भएकोले खास गरी आफ्नो बालबच्चाको भविष्य सुधार्ने निर्णय गर्दै उनले विदेश जाने सोच बनाइन् । यसबारेमा उनले आफ्ना वरपरका साथीहरूलाई समेत बताइन् । केही समयपछि कुवेतमा दैनिक ८ घण्टा मात्र काम गर्नुपर्ने, कामको वातावरण पनि एकदमै राम्रो भएको र मासिक ४८,००० रूपैयाँ पाइने जानकारी उनले एक एजेन्टमार्फत जानकारी पाइन् । बालबच्चाको भविष्य र पारिवारिक अवस्थालाई मध्यनजर गर्दै आनन्दीले मासिक ब्याजमा ऋण लिई भिसाका लागि एजेन्टले बताएअनुसारको रु ६०,००० बुझाइन् र केही दिनमै भिसा पनि आयो ।

कुवेतको कानुन, भाषा, संस्कृति, वातावरण आदिका बारेमा केही नबताई खाली काम गर्ने वातावरण एकदमै राम्रो छ भन्ने ढाडस दिँदै एजेन्टले उनलाई कुवेत पुऱ्याए । तर त्यहाँ पुग्नेबित्तिकै उनलाई घरेलु श्रमिकका रूपमा काम गर्न लगाइयो । उनले ८ घण्टाभन्दा बढी काम गर्नुपर्दथ्यो । भनेअनुसारको न काम भयो न ज्याला । त्यसमाथि ओभरटाइम पनि गर्नुपर्ने, परिवारसँग सम्पर्कसमेत गर्न नपाइने अवस्था थियो । मोबाइल खोसिदिएर कैयन् पटक कुटपिटसमेत सहनु पऱ्यो । तीन महिनासम्म आन्नदीको कुनै खबर नआएपश्चात् नेपालमा पनि परिवारले खोजी तीव्र बनाए । बल्ल त्यसपश्चात् एजेन्टले उनलाई अफिसमा बोलाए । तर उनको मोबाइल मात्र दिएर उनलाई नेपाल फर्काइदिए । हाल उनी चिया फ्याक्ट्रीमा मासिक १०,००० तलबमा काम गर्दै छिन् । यसले घर धान्नै मुस्किल रहेको उनी बताउँछिन् ।

नेपालको घरेलु हिंसा सहन नसकेर विदेश पुग्दा पुनः घरेलु हिंसा नै भोग्न बाध्य भएकी आनन्दी भन्छिन्, "यदि देशमै काम गर्ने वातावरण र राम्रो तलब हुँदो हो त कसलाई बिदेसिने रहर हुन्छ र ? अनि फेरि बिदेसिनुअघि अनिवार्य जाने देशको कानुन, वातावरण, भाषा, त्यहाँ रहेको नेपाली संस्थाहरूका बारेमा बताउने नियम भइदिएको भए पनि सजिलो हुने थियो ।

### ४.१.२ मकवानपुर जिल्लाको मुख्य निष्कर्ष

#### प्रमुख गन्तव्य देशहरु र भिसा प्रवृत्ति

मकवानपुर जिल्लाका धेरै महिलाहरू हाम्रो अध्ययनको क्रममा कुवेत र मलेसिया जाने गरेको देखिएको छ । तथापि अन्य देशहरू जस्तैः जोर्डन, कतार, साउदी आदि जानेको सङ्ख्या पनि उल्लेख्य भएको अध्ययनका क्रममा उत्तरदाताहरूले बताए । जोर्डन फ्री भिसामा जान पाइने र अन्य देशहरूमा पनि कम लागत र सजिलै जान सकिने भएकाले पनि धेरै जना यी देशहरूतर्फ पनि आकर्षित हुने गरेको पाइएको छ । साइप्रस जान चाहनेको सङ्ख्या यस जिल्लामा उलेख्य छ तर खर्च धेरै लाग्ने र पैसा लगानी गरिसकेपछि पनि फस्न सक्ने डर भने रहेको अध्ययनले देखाउँछ । तर हालका दिनहरूमा अलि हुनेखाने परिवारका महिलाहरू र शिक्षित महिलाहरू युरोपका देशहरू जस्तैः माल्टा, क्रोएसिया, पोल्यान्ड र पोर्चुगलतिर पनि जाने गरेका छन् । तर यस्ता देशहरूमा जान प्रयास गर्नेहरूले दसदेखि पच्चिस लाखसम्म पैसाको जोहो गर्नु उत्तरदाताहरूको भनाइ रहेको छ ।

#### वैदेशिक रोजगारीमा जाने महिलाहरूको सङ्ख्या र देश छनोट

जिल्लामा पहिलाको तुलनामा अहिले धेरै महिलाहरू विदेश जान थालेको देखिन्छ । विभिन्न अन्तर्वार्ताले पनि यसलाई पुष्टि गर्दछ । तर उत्तरदाताहरू पहिले नपढेका महिलाहरू बढी वैदेशिक रोजगारीमा जाने गरेको भए पनि आजभोलि प्लस टु सकाएर वैदेशिक रोजगारी जान चाहाने र जानेको सङ्ख्या उल्लेख्य रहेको बताउँछन् । उनीहरूमध्ये धेरैको सोच युरोपका देशहरू र नभए दुबई हुने गरेको छ । धेरैजसो आर्थिक स्थिति कमजोर भएका, परिवारको समर्थन नपाएका, ऋणग्रस्त, एकल महिला र पढेलेखेका भए तापनि बेरोजगारी महिलाहरू भने जुन देश सहजै जान सकिन्छ त्यही देश जाने गरेको देखिन्छ । जिल्लास्थित जिल्ला प्रशासन कार्यालयका एमआरसी परामर्शदाताका अनुसार उमेरगत हिसाबले हेर्दा १९ देखि ३० वर्षको उमेर समूहका महिलाहरू बढी वैदेशिक रोजगारीमा संलग्न भएको पाइन्छ । तथापि, ४० वर्ष काटेका महिलाहरू पनि घरको परिस्थितिका कारण पैसा कमाउन बिदेसिन खोजिरहेने उनले जानकारी दिए । नपढेका महिलाहरूले भन्दा पढेलेखेका महिलाहरूलाई देश रोज्ने विकल्प धेरै हुने गरेको कारण सक्दो उनीहरू आफुलाई उपयुक्त हुने काम खोजेर मात्र जाने गरेका छन् । पढेलेखेकाहरू आफु जाने देशका बारेमा सक्दो जानकारी लिने गर्दछन् भने नपढेकाहरूमा यो सचेतनाको कमी रहेको छ । एक जना पढेलेखेका उत्तरदाताका अनुसार उनी आफु जाने देशको सबै चालचलनदेखि, सुरक्षा, त्यहाँको वातावरण, भाषा, सामाजिक परिवेश बुझेर मात्र विदेश जाने गरेको बताउँछन् । यसका लागि उनले चिनेजानेका आफन्तदेखि साथीहरूसँग सोध्नेदेखि लिएर आफै पनि अनलाइन मिडिया प्रयोग गरेर सूचना सङ्कलन गर्ने गरेको समेत बताउँछन् । तर, शिक्षाको कमी भएका, घरपरिवार बिग्रिएका, सम्बन्धविच्छेद भएका, एकल, दलित, जनजाति, आर्थिक अवस्था कमजोर भएका महिलाहरू बाध्यात्मक परिस्थितिमा परेर र धेरै विकल्प नभएकै कारण पनि जुनसुकै देश जाने गर्दछन् । बिनायथेष्ट जानकारी जाने यस्ता महिलाहरू जोखिममा पर्ने, अलपत्र पर्ने, घरेलु हिंसा तथा दुर्व्यवहारको सिकार हुने र अवैध भिसामा बस्न बाध्य हुने गरेको अध्ययनमा पाइएको छ । यसरी जानेमा धेरैजसो घरेलु कामका लागि बिदेसिने पर्दछन् ।

#### भिसा प्रतिबन्ध र नक्कली एजेन्टको समस्या

नेपाल सरकारले केही देशहरूमा विशेष गरी घरेलु कामदारको भिसाका लागि प्रतिबन्ध लगाएको छ । यसले घरेलु कामदारका लागि वैदेशिक रोजगारीमा गएका र जान चाहने महिलाहरूको सङ्कट समाधान गर्नुको साटो उल्टो कठिनाइ उत्पन्न गरेको धेरैको बुझाइ छ । यसले गर्दा चोरबाटोको प्रयोग गर्दै विभिन्न नक्कली एजेन्टहरूले महिलाहरूको मजबुरीको फाइदा उठाउँदै उनीहरूलाई वैदेशिक रोजगारीमा लैजाने गरेका छन् । यसले उनीहरूलाई विभिन्न जोखिमको अवस्थामा पार्ने गरेको समेत धेरैको बुझाइ छ । यस्ता नक्कली एजेन्टहरूले भारत हुँदै विदेश लैजाने गरेको र उनीहरूको रेर्कड पनि सरकारसँग नहुने हुँदा यसरी जानेहरू झनै समस्यामा पर्ने गरेको देखिन्छ ।

#### कानुनी सहायता र समस्याहरु

वैदेशिक रोजगारीमा गएका धेरैजसो महिलाहरू कानुनी सहायता नभएको कारणले गर्दा अलपत्र परेका छन् । खास गरी जाने मुलुकको कामदारहरूसँग सम्बन्धित कानुनको विषयमा जानकारी नहुनु, कानुनी सहायता चाहिएमा कहाँ, कसलाई र कसरी

सम्पर्क गर्ने भन्ने समेत जानकारी नहुँदा उनीहरू समस्या पर्ने गरेका छन् । एउटा देशको भिसामा अर्कै देश जाने प्रचलनले गर्दा पनि कतिपय समस्या पर्ने गरेको उत्तरदाताहरूको बुझाइ छ । त्यसै गरी भिजिट भिसामा गएर एउटा मुलुक हुँदै अर्को मुलुक जाने र काम गर्ने क्रम पनि बढेका कारण विभिन्न समस्याहरू भाग्ने गरेको उत्तरदाताहरू बताउँछन् । हेटौंडा उपमहानगरपालिकामा कार्यरत सामी परियोजना संयोजक अञ्जिता थापा मगरका अनुसार, "अहिले हाम्रो (जिल्ला प्रशासन कार्यालय) मा दर्ता भएको चाहिँ भिजिट भिसा बनाएर दुबई हुँदै ओमान पुगेका पनि छन् ।"

## विशेष समुदाय र कामको प्रकृति

यस जिल्लामा तामाङ जातिका महिलाहरू धेरै विदेश जाने गरेको देखिन्छ । मनहरी गाउँपालिकाबाट धेरैजसो महिलाहरू वैदेशिक रोजगारीमा गइरहेका छन् । धेरैजसो जनजाति महिलाहरू सुपरमार्केटमा काम गर्न जाने भनेर घरेलु काम, गार्मेन्ट कम्पनी र सरसफाइमा काम गरिरहेका छन् । नेपाली महिलाहरू बढी मात्रामा कुवेत, लेबनान, जोर्डन र पढेलेखेका महिलाहरू दुबई जाने गरेको पाइएको छ । वैदेशिक रोजगारीमा काम गर्न जाने महिलाहरूको सङ्ख्या बढिरहेको छ र हालको सन्दर्भमा अझै बढी वैदेशिक रोजगारीतर्फ आकर्षण बढेको देखिन्छ ।

## वैदेशिक रोजगारीमा काम गर्ने महिलाहरुको अधिकांश रूपमा भोग्नुपर्ने चुनौतीहरू

### घरेलु कामका लागि एजेन्टमार्फत जाने महिलाहरू

धेरैजसो महिलाहरू घरेलु कामका लागि एजेन्टमार्फत गएका छन्, जसका कारण उनीहरू भिजिट भिसामा गएका र त्यहाँ गैरकानुनी रूपमा बसोबास गरिरहेको पाइएको छ । जसका कारण गएको देशबाट पनि कानुनी सहायता नपाउने र आफुले चाहेको जस्तो मर्यादित काम र सेवा सुविधा पनि नपाउने देखिन्छ । यसैले महिलाहरू झनै जोखियुक्त श्रममा लाग्न बाध्य भएको देखिन्छ । सामी परियोजना संयोजक, हेटौँडा उपमहानगरपालिका, मकवानपुरका अनुसार "वैदेशिक रोजगारीमा गैरहेका महिलाहरूको हाल चुनौती भनेको चाहिँ जे काम भनेर गएको हो त्यो काम नभई फरक काममा पर्नु हो । यसो गर्दा हामीले ओमनमा बन्धक बनाएर राखेको पनि भेटेका छौँ । यताबाट फ्याक्ट्रीको काम भनेर लैजाने पछि घरको काममा पर्ने, हामीले एक जना महिलालाई यस्तै अवस्थामा भेटेर उद्धार पनि गरेका थियौँ ।"

### दोहोरो मारमा महिला

घरेलु कामका लागि गएका महिलाहरू प्रायःले दुर्व्यवहार, घरेलु हिंसा भोगेको पाइएको छ । यसै गरी अन्यले एजेन्टले धोका दिएको, घर फर्किन समस्या भएको, भाषा नजानेको र परम्परा संस्कृति थाहा नभएर समस्यामा परेको बताए । त्यसै गरी महिलाहरू वैदैशिक रोजगारीको क्रममा बन्धक जसरी काम गर्नुपर्दा यता श्रीमान् र परिवारसँग पनि सम्पर्क नहुने र उल्टो समाजबाट लाञ्छना समेत भोग्नुपर्ने समस्याले महिलाहरू दोहोरो मारमा पर्ने गरेको समेत देखिन्छ । हामीले अध्ययनको क्रममा वैदेशिक रोजगारीका लागि गएका एक जना महिलाको श्रीमान्लाई उनको श्रीमती कहाँ छिन् भने सोध्दा उनले भने, 'एरपोर्टबाट बिदा गर्न गएको थिएँ । त्यसपछि श्रीमती सम्पर्कविहीन भएर हाम्रो घर भताभुङ भयो । तीन वर्ष भयो, छोराछोरी मैले एक्लै हेर्नुपरेको, मलाई त बाँच्ने रहर नै छैन । मलाई त मरुँ-मरुँ लाग्छ ।" समाजले पनि महिलाहरू वैदेशिक रोजगारीमा गएको अवस्थामा किन गएको, घरमा बच्चाबच्ची छोडी के चाहिँ अपुग थियो होला भन्ने कुराहरू गर्ने गरेको पाइएको छ ।

### अलपत्र हुने अवस्था

अधिकांश नेपालीहरू चिनेजानेका, आफन्त, साथीभाइले भनेका व्यक्तिहरू, एजेन्टसँग सम्पर्कमा आएका नेपालीहरूमार्फत जाँदा बढी सुरक्षित महसुस गर्ने गरेको अध्ययनले देखाउँछ । यद्यपि नेपाली चिनेजानेका नै भए पनि सहजै काम पाउने आशामा राम्ररी कुरा नबुझी जाँदा धेरै जना अलपत्र परेको र काम नपाएको अवस्था रहेको जिल्ला प्रशासन कार्यालयका मुद्दा शाखामा कार्यरत मुना बर्तौला बताउँछिन् । यसरी आधिकारिक संस्थाबाट नभएर व्यक्ति व्यक्तिसँगको सम्बन्धका आधारमा मात्र जाँदा जिल्लामा महिलाहरूले समस्या भोगिरहेको देखिन्छ ।

## वैदेशिक रोजगारीमा जाने नेपाली युवाको सङ्घर्ष र अपेक्षा

संयम (नाम परिवर्तन), १९ वर्षीया हेटौँडा, नेवारपानी निवासी, प्लस २ सम्मको अध्ययन पूरा गरेकी युवती, विदेश जाने तयारीमा छिन् । घरको आर्थिक अवस्था निकै कमजोर भएकाले उनलाई विदेश जानुपरेको हो । परिवारमा चार जना सदस्य छन् र उनी जेठी भएकीले सबै जिम्मेवारी उनैले लिनु पर्छ । बाबाको खुट्टा भाँचिएकोले घरको आर्थिक भार पनि उनकै काँधमा छ । उनले कफी बनाउने सिप सिकेर साइप्रस जान लागेकी बताउँछिन् । साथीहरूले विदेशमा राम्रो कमाइ गरेको देखेपछि उनी पनि विदेश जाने निर्णयमा पुगेकी छिन् ।

संयमले म्यानपावर कम्पनीमार्फत विदेश जाने तयारी गरेकी छिन् र उनलाई परिवार र साथीहरूको साथसहयोग प्राप्त भएको छ । यद्यपि परिवार छोडेर जानुपर्नेमा उनलाई डर पनि लागेको छ । उनले विदेशमा अलपत्र परिएमा दूतावास वा त्यहाँ बस्ने नेपालीहरूसँग सम्पर्क गर्ने योजना बनाएकी छन् । साथै, जाने देशको नियम कानुन बुझेर, खान, बस्न र स्वास्थ्य बिमाको सुविधा उपलब्ध छ कि छैन भनेर राम्ररी बुझ्न आवश्यक ठानेकी छन् ।

संयमले देशमा रोजगारको अवसर नपाएर विदेश जान बाध्य हुनुपरेकोमा दुःख व्यक्त गरे । उनले भनिन्, "हाम्रो देशमा पनि विदेशमा जस्तै धेरै रोजगार सिर्जना गरियो भने अनि काम गरेअनुसार पैसा दिइयो भने विदेशका बारे मा सोच्नु पर्दैनथ्यो । सारै दुःख लाग्छ, आफ्नो देशमा काम गरेर खान बस्न, परिवार पाल्न पुग्दैन अनि सबै नेपाली दाजुभाइ, दिदीबहिनी खाडी मुलुक जानुपर्ने बाध्यता छ । यस्तो कुरामा हाम्रो सरकारको छिटोभन्दा छिटो ध्यानाकर्षण होस् ।" संयमको अनुभव र सुझावले नेपालमा रोजगार सिर्जना र उचित तलबको महत्त्व दर्शाउँछ, जसले गर्दा नेपाली युवाहरूलाई विदेश जानुपर्ने बाध्यता कम हुनेछ ।

## कुवेतमा फसेकी छोरीको उद्धारको प्रयास

कुवेतमा फसेकी छोरीको उद्धारका लागि सानुकान्छी तामाङ (परिवर्तित नाम) सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र (MRC) मा सहयोगको अपेक्षासहित आइपुगिन् । छोरीको विवाहपश्चात् आर्थिक स्थिति अत्यन्तै कमजोर भएको र छोराछोरीलाई पढाउन सक्ने स्थिति नभएकाले वैदेशिक रोजगारीका लागि कुवेत गएकी थिइन् । सानुकान्छी पनि कुवेत गैसकेकी भए पनि, उनको अनुभव भने सकारात्मक रहेको छ ।

उनकी छोरी फ्री भिसामा घरेलु कामका लागि कुवेत गएको थियो । नेपालबाट सो भिसा गैरकानुनी भएकोले छोरी एक एजेन्टको मार्फत भारत हुँदै कुवेत गएको उनले बताइन् । भिसा तीन महिनापश्चात् सकिएकाले उनकी छोरी त्यहाँ गैर कानुनी नागरिक भएर बसेकी छन् । छोरीको स्वास्थ्य स्थिति एकदम नाजुक रहेको छ । उनलाई छारे रोग लागेको छ र घरधनीले यो कुरा बुझेर उपचार गराइरहे पनि नेपाल फर्किने कुरा गर्दा मानसिक यातना दिने गरेको छ । यसका कारण छोरी मानसिक रूपमा पीडित भएको कुरा उनले बताइन् ।

MRC काउन्सिलरले सानुकान्छीलाई सोध्दा उनले भनिन्, "मलाई त केही पनि समस्या आएको थिएन । म पनि छोरीजस्तै फ्री भिसामा गएको थिएँ, इन्डिया हुँदै । मेरो त घरधनी र एजेन्ट दुवै राम्रो हुनुहुन्थ्यो, कमाइ पनि राम्रो नै हुन्थ्यो अनि समयमा घर फर्किन पाएँ ।" काउन्सिलरले सानुकान्छीलाई फ्री भिसाको जोखिम र गैरकानुनी अवस्थाका बारेमा जानकारी गराएपछि, उनी यसबारेमा अनविज्ञ रहेको थाहा पाएर दुःखी भइन् । उनले साथीभाइ र छरछिमेकमा यो कुरा फैलाउने प्रतिबद्धता व्यक्त गरिन् ।

छोरीको पासपोर्टको अत्तोपत्तो नभएको, व्हाट्सएप नम्बर पनि नभएको अवस्थामा इमोमा सम्पर्क भएको कुरा उनले काउन्सिलरलाई जानकारी दिइन् । सकेसम्म छिटोभन्दा छिटो छोरीलाई उद्धार गरिदिन अनुरोध गर्दै उनी जिल्ला प्रशासन कार्यालय सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्रबाट बिदा भइन् ।

## विदेशबाट फर्किएर स्वदेशमै रोजगारी

वैदेशिक रोजगारीका लागि गएका सपना गोतामे (परिवर्तित नाम) अहिले फर्किएर फेरि स्वदेशमै रोजगारी गर्दै छिन् । उनी मलेसियाबाट फर्किएको त्यस्तै लगभग २-३ वर्ष भएको छ । उनको अनुभवमा वैदेशिक रोजगार एकदमै राम्रो रहेको छ । उनी गएको देशमा खान, बस्न, मार्केट, बैङ्कदेखि सबैको सुविधा भएको र उनलाई बस्न पनि सजिलो रहेको बताइन् । मेरा श्रीमान् पनि त्यहीँ नै हुनुहुन्थ्यो र मैले भिसा आवेदन गरेको दुई महिनामा नै आयो र वैदेशिक रोजगारका लागि चाहिने सबै प्रक्रियाहरू पनि सजिलै सँग भएको थियो" उनले भनिन् । उनी कम्पनीमार्फत गएकाले र कम्पनीकै कामका लागि गएकाले स्वास्थ्य उपचार पनि कम्पनीले नै गरिदिने र अन्य सुविधाहरू पनि कम्पनीले बेहोर्ने कुरा बताइन् । उनी भन्छिन्, "धेरैजसो नेपालबाट जाने महिलाहरू घरायसी कामकाजका लागि जानुहुन्छ, उहाँहरूलाई म कहाँ जाँदै छु, कत्तिको सुरक्षित छु, के कस्ता सुविधाहरू छन्, कतै ठगिएको त छैन आदि कुराहरूबारे थाहा नै हुँदैन । त्यसैले धेरै जना पीडित हुन्छन् । त्यसैले यो विषयमा सरकारको ध्यानाकर्षण हुनु नै पर्छ ।"

उनले आफुले खास गरी भाषाको कारणले गर्दा धेरै गाली, अपमान सहनु परेको बताइन् । सपना थप्छिन्, "मेरो श्रीमान्, नातागोता सबै मसँगै हुँदा त मैले विभिन्न समस्या भोग्नुपरेको थियो भने एक्लै कोही नहुने महिलाहरू जो गैरकानुनी रूपमा, कुनै सिप र ज्ञान बेगर आउँछन् उनीहरूलाई त गाह्रो छ विदेशमा ।" जे जस्तो भए तापनि स्वदेशको माया, यहाँ परिवारसँगै बसेर काम गर्न पाउने, आफुमा पनि आत्मविश्वास भएको र स्वदेशमै केही गर्न चाहन्छु भन्ने उद्देश्यले नेपाल फर्किएको उनले बताइन् । उनका अनुसार परिवार र समाजले उनलाई हेर्ने दृष्टिकोण पनि सकारात्मक रहेको छ ।

सपना भन्छिन्, "म अहिले नेपालमै छु र यहाँ नै काम गर्दै छु । म खुसी छु, यहाँ आफ्नै देशमा केही गर्ने मौका मिलेकोमा र परिवारसँग बस्न पनि आनन्द लाग्छ । उताको जस्तो १२-१४ घण्टा उभिनु पनि पर्दैन, दिनमा ८ घण्टा काम गरे, आफ्नै घरमा बस्न पाइन्छ । त्यसैले मलाई यही नै ठीक छ ।"

## ४.१.३ सिन्धुपाल्चोक जिल्लाको मुख्य निष्कर्षहरु

नेपालको सिन्धुपाल्चोक जिल्लाबाट उच्च शिक्षा प्राप्त नगरी वैदेशिक रोजगारीका लागि विदेश जाने युवाहरू र महिलाहरूको सङ्ख्या उल्लेख्य छ । विशेष गरी खाडी मुलुकहरू जस्तैः कतार, दुबई र साउदी अरबमा कामको खोजीमा जाने प्रवृत्ति धेरै देखिन्छ । यी मुलुकहरूमा प्रायः घरायसी काममा बढी जान्छन् । हाम्रो अध्ययनमा सहभागी महिलाहरूमध्ये ४० प्रतिशत यस जिल्लाका महिलाहरू कुवेतमा र ३० प्रतिशत युएईमा गएको र जान लागेको देखिन्छ ।

यस जिल्लाका ग्रामीण क्षेत्रका महिलाहरूको ठुलो सङ्ख्या खाडी मुलुकहरूमा घरेलु कामका लागि जाने गरेको अध्ययनले देखाउँछ । आर्थिक अवस्थाको कमजोरी र रोजगारीका अवसरहरूको अभावले गर्दा धेरै महिलाहरू विदेशमा काम गर्न बाध्य छन् । यस प्रतिवेदनमा सिन्धुपाल्चोक जिल्लाका महिलाहरूका अनुभव र चुनौतीहरूको विश्लेषण प्रस्तुत गरिएको छ । सिन्धुपाल्चोकमा उच्च शिक्षा प्राप्त गर्नेको सङ्ख्या न्यून रहेको छ । अधिकांश व्यक्तिहरूले आधारभूत शिक्षा सकेपछि विदेश जाने गरेका छन् । अध्ययनको क्रममा हामीले 'केही सिप सिक्नु भएको छ ?' भनेर सोध्दा अधिकांशले छैन भन्ने उत्तर दिए । सिप र भाषा नसिकी जाने भएकाले विदेशमा घरायसी काममा बढी संलग्न हुने गरेका छन् ।

### वैदेशिक रोजगारका लागि गएका महिलाहरुको वर्तमान स्थिति

**बिचौलियाहरूको धोकाधडी**

यस जिल्लाका ग्रामीण क्षेत्रका महिलाहरू बढी बिचौलियाहरूको फन्दामा पर्ने गरेका छन् । ग्रामीण क्षेत्रतिर केही समयअघिसम्म पनि विदेशमा धेरै पैसा आउँछ, उता पठाइदिन्छु भनेर बिचौलियाहरू घरघरमा सम्पर्क गर्न जाने गरेको तर आजभोलि यो अवस्थामा केही कमी आउन थालेको स्थानीयहरू बताउँछन् । उनीहरूका अनुसार बिचौलियाहरूले ठग्ने र गलत सूचनाहरू दिने गर्छन् । यस विषयमा सिन्धुपाल्चोक जिल्लास्थित चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटाले हालको अवस्थाका बारेमा आफुलाई पूर्ण जानकारी नभए तापनि वैदेशिक रोजगारीमा महिलाहरू संलग्न भइरहेको र विभिन्न समस्याहरू भोग्ने गरेको सूचना भने पाइरहेको बताउँछन् । कैयन् महिलाहरू भने चिनेजानेकाको भरमा परेर पूर्ण सूचनाबिना बिदेसिने गरेकाले कतिपय समस्यामा पर्ने गरेको पाइएको छ ।

**सिप र भाषाको अभाव**

महिलाहरू सिप र भाषाको तालिमबिना नै विदेश जाने गर्छन् । यसले गर्दा उनीहरू घरेलु काममा सीमित हुने गरेका छन् । काम, भाषा नसिकी जाँदा गाह्रो नै हुन्छ भन्ने प्रतिक्रिया धेरैले दिएका छन् । जसका कारण भिसा लिएर जाने महिलाहरूले समेत तोकेको काम नपाएर समस्यामा पर्ने गरेका छन् । आफन्तको लहैलहैमा लागेर जाँदा पछिल्लो समयमा भिसिट भिसामा जाने अनि जानेबित्तिकै काम नपाउने समस्या पनि देखिएको छ । अर्कोतर्फ वैदेशिक रोजगारीका लागि जाने महिलाहरूको समस्यालाई सम्बोधन गर्ने कुनै प्रभावकारी व्यवस्था छैन । यसले स्वदेश र विदेश दुवै ठाउँमा महिलाहरू दोहोरो मारमा पर्ने गरेका छन् ।

**अवैध मार्गहरू:**

सरकारले घरेलु कामका लागि खाडी मुलुकमा जान प्रतिबन्ध लगाएपछि महिलाहरू अवैध मार्गहरू प्रयोग गरेर जान थालेका छन् । एकातर्फ देशमा काम गर्ने अवस्था नहुनु र अर्कोतर्फ विदेशमा काम र दामको अवसर देखेर महिलाहरू अवैध मार्ग नै अवलम्बन गरेर भए पनि बिदेसिने गरेका छन् । चौतारा साँगागढीचोक नगरपालिका, वडा नं. ५ का वडाअध्यक्ष शिव श्रेष्ठका अनुसार, "अवैध रूपमा जानु भनेको नै जोखिममा पर्नु हो । त्यसैले त्यहाँ पनि बन्दी भएर बस्नु पर्ने हुन्छ ।"

**आर्थिक तथा मानसिक समस्याहरू:**

वैदेशिक रोजगारीमा गएका महिलाहरूले मानसिक रूपमा धेरै समस्याहरू सामना गर्नुपरेको छ । राम्रै कमाइ भए पनि मानसिक चुनौतीहरू हुन्छ । अझ कमाइ राम्रो भएन भने त अर्कै खालको पीडा नै भोग्नु पर्ने स्थानीय महिलाहरूले बताएका छन् । महिलाहरूले विदेशमा कमाएको पैसा परिवारले दुरुपयोग गर्ने गरेको पनि पाइएको छ । महिलाले आफू दुःख गरेर घरमा पैसा पठाउने गरेको तर यता परिवारबाट चाहिँ व्यक्तिगत रूपमा चलाएर पैसाको दुरुपयोग गरेका घटनाहरू अध्ययनका क्रममा पाइएको छ । वैदेशिक रोजगारीमा जाने महिलाहरू मूलतः आर्थिक रूपमा बाध्य भएर नै जोखिम मोल्न तयार भएको अध्ययनले देखाउँछ । सहभागी एक महिलाले बताएअनुसार आफ्नो देशमा पाँच सय कमाउन नसक्दा उता दुई चार हजार कमाउने अवसर देखेपछि महिलाहरू जोखिम मोलेरै भए पनि बिदेसिन तयार हुन्छन् ।

## सिन्धुपाल्चोकदेखि कुवेतसम्म

सिन्धुपाल्चोक जिल्लामा बस्ने ४३ वर्षीया गीता (परिवर्तित नाम) लगभग एक दशकअघि कुवेत गएकी थिइन् । उनको संयुक्त परिवारमा सासू, श्रीमान्, र दुई छोरा थिए । गीताको परिवारमा ससुरा बिरामी हुँदा लागेको ऋण थियो । ठुलो चुनौती ऋण तिर्नु थियो । उनको श्रीमान् विदेश जान चाहन्थे तर मेडिकल परीक्षणमा फेल भएपछि जान सकेनन् । यसपछि उनीले आफैं विदेश जाने निर्णय गरिन् र परिवारले पनि निर्णयलाई समर्थन गऱ्यो ।

गीताले गाउँको सुनपसले दाइको सहयोगमा सबै प्रक्रिया पूरा गरिन् । उनी १०,००० रूपैयाँ मासिक तलब पाउने आशामा २५,००० रूपैयाँ ऋण लिएर पासपोर्ट बनाइन् । साथीसँग लिएको ऋण भएकाले ब्याज तिर्नु परेन । नेपालमा राम्रोसँग खान पनि नपुग्ने र ऋणका कारणले गीता विदेश जान बाध्य भइन् । नेपालमा दिनभरि काम गरे पनि उनीले ६०-७० रूपैयाँ मात्र पाउँथे, जब कि पुरुषले १०० रूपैयाँसम्म पाउँथे ।

पासपोर्ट बनाएको तीन महिनापछि माया कुवेत पुगिन् । सुरुमा उनले घरायसी कामका लागि राम्रो घर पाइन् तर गाईको मासु खानुपर्ने भएकाले मन नलागेपछि अर्को घरमा सर्नु पऱ्यो । दोस्रो घरमा झनै दुःख भयो । सुरुका तीन महिनामा ९,००० रूपैयाँ तलब पाइन् तर पछि तलब नै रोकियो । ११ महिनासम्म काम गरे पनि तलब नपाएपछि गिताले त्यो घर छोडिन् । तेस्रो घरमा जाँदा भने राम्रो अनुभव भयो । त्यस घरका मालिकले मायाको स्वास्थ्य समस्या थाहा पाएर डाक्टरकोमा लगे । गीताको प्रेसर बढेको थियो र एक महिना औषधी खाइन् । त्यसपछि ठीक भइन् । गीताले आफुले पहिले तलब नपाएको कुरा पनि भनिन् । त्यहाँका मालिकले सहयोग गर्दै नेपालमा खबर गर्न भने । सुनपसले दाइले पनि धैर्यता राख्न सुझाव दिए । तीन महिनापछि गीता आठ महिनाको तलब पाउन सफल भइन् ।

कुवेतमा उसको तलब १६,००० रूपैयाँ थियो र उनले छोराहरूलाई काठमाडौँमा होस्टल राखेर पढाउन थालिन् । उनी छ वर्षसम्म त्यही घरमा बसिन् र भिसा विस्तारमा पनि कुनै समस्या भएन । तर, एक दिन शनिबार बजार गएर ढिलो फर्किंदा थाहा भयो कि सानो छोरो अस्पतालमा थियो । छिटो नेपाल आउनु भन्ने ठुलो छोराको फोन पाएपछि गिता नेपाल फर्किइन् । नेपाल आइपुग्दा उनका १० वर्षका छोरा बितिसकेका थिए ।

यस घटनापछि विदेशिएका उनका श्रीमान् पनि नेपाल फर्किए । पछि उनी पुनः विदेश गए तर दुई वर्षअघि बिते । अहिले गिताको ठुलो छोराले पढ्न छोडेको छ र कुनै काम गर्दैन । गिता अहिले गाउँमा खेतीपाती गर्दै बस्छिन् । पहिले विदेश गएको बेला गाउँलेहरूले उनलाई नराम्रो काम गरेको हुन सक्छ भन्थे तर अहिले विदेश जानेहरूको सङ्ख्या बढेको छ र समाजको दृष्टिकोण पनि फेरिएको छ ।

विदेशमा काम गरेर गीतामा आत्मविश्वास बढेको छ । एक अक्षर नपढेकी गीता विदेशमा बसेर त्यहाँको भाषा बोल्न सक्ने भइन् । उनी पुनः विदेश जाने सोचमा छिन् तर के हुन्छ, थाहा छैन ।

## ४.२ सुझाव

### ४.२.१ महिला केन्द्रित नीति निर्माण र पुनरावलोकन

सरकारका नीति र कानुनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु जरुरी छ । बिचौलियाहरूको प्रभाव कम गर्न कानुनी संरचना कडा बनाउन आवश्यक छ । नीति बनाउनु मात्रै पर्याप्त छैन, व्यावहारिक रूपमा लागु गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । नीतिगत विषयको क्रममा महिला आयोगले लैङ्गिक हिंसा निवारणका लागि सुरु गरेको हटलाइन ११४५ मा समेत वैदेशिक रोजगारीको सिलसिलामा हिंसा भोगेका महिलाहरूको समस्यालाई सम्बोधन गर्नका लागि आवश्यक संयन्त्र तथा कार्यक्रमहरू लागु गर्नुपर्ने देखिएको छ । महिला केन्द्रित यस्ता सुविधाहरूको अभावमा पनि राज्यका कार्यक्रम र सेवामा महिलाको पहुँच नपुगेको देखिन्छ । यसका साथै, समयानुसार

हाम्रा वैदेशिक नीतिहरूको लैङ्गिक विश्लेषण गरी आवश्यक परिमार्जन गर्नु पनि आवश्यक देखिन्छ । हामीले अध्ययन गर्ने क्रममा समेत नीतिहरूको प्रभावकारिता नभएको र कतिपय नीतिगत व्यवस्थाले महिलाहरूको गतिशीलतामाथि अङ्कुश लगाउने खालका भएका कारण समेत महिलाहरू गैरकानुनी बाटो रोज्न बाध्य भएको देखिएको छ । तसर्थ एकातर्फ भएका असल नीतिहरूको कडाइका साथ परिपालन र महिला केन्द्रित नीति पुनरावलोकनबाट आएका सुझावहरूका आधारमा नीतिको परिमार्जन तत्काल गर्नुपर्ने देखिन्छ ।

## ४.२.२ कानुनी उपाय

अवैध मार्गबाट जानेहरूलाई रोकथाम गर्नका लागि कानुनी नियम तथा नीति कडा पारिनुपर्दछ । तर यसको अर्को पाटो भनेको किन महिलाहरू अवैध मार्गबाट गइरहेका छन् त्यसको पनि सोधीखोजी जरूरी छ । अध्ययनले अधिकांश महिलाहरू रोजगार, मर्यादित सेवा र सुविधाको आशमा अवैध मार्गबाट जोखिमको बारेमा थाहा हुँदाहुँदै पनि जाने गरेको पाइएको छ । तसर्थ स्थानीय, प्रादेशिक र सङ्घ तीनै तहको समन्वयमा एकअर्काको सहयोगी हुने नीति तथा कानुनको तर्जुमा र अवलम्बन अवाश्यक देखिन्छ । खास गरी स्थानीय स्तरमा महिलाहरूको अवस्था, समस्या आदिका बारेमा थप जानकारी हुने भएकाले स्थानीय तहमा वैदेशिक रोजगारीमा जाने महिलाहरूको मर्यादित काम, सुरक्षा र संरक्षणको सुनिश्चितता गर्नका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्नुका साथै स्थानीय तहले सङ्घसँग समन्वय पनि गर्नुपर्ने देखिन्छ । महिलाहरूले वैदेशिक रोजगारीमा संलग्न हुँदा धेरै प्रकारका चुनौतीहरू भोगिरहेका छन् । बिचौलियाहरूको धोकाधडी, सिप र भाषाको अभाव, अवैध मार्गहरू, सामाजिक र पारिवारिक विखण्डन, आर्थिक समस्याहरू, काम नपाउने समस्या, समर्थनको अभाव र मनोवैज्ञानिक चुनौतीहरू प्रमुख चुनौतीहरूमा पर्छन् । त्यस्तै गरी सिप र परामर्शको अभाव, स्वास्थ्य र सुरक्षामा ध्यान दिनुपर्ने आवश्यकता, आर्थिक जोखिम र बाध्यता, अवैध र झूटा कागजातको प्रयोग पनि महिलाहरूले भोग्ने गरेका चुनौतीहरू हुन् । हाम्रा कानुन र त्यसको व्यावहारिक प्रयोगको क्रममा के कस्ता खाडलहरू छन् त्यसको निर्क्योल गरी वैदेशिक रोजगारीलाई सहज र सुरक्षित बनाउनु पर्दछ ।

अध्ययनको क्रममा एकातर्फ आफु जान लागेको देशको कानुनका बारेमा र अर्कोतर्फ नेपालकै कानुनका बारेमा थाहा नहुनाले महिलाहरू अझै समस्यामा परेको देखिन्छ । उनीहरूले कानुनी भाषा गाह्रो, नबुझिने र दोहोरो अर्थ दिने खालको हुँदा पनि समस्या हुने अनौपचारिक कुराकानीको क्रममा बताए । तसर्थ वैदेशिक रोजगारसम्बन्धी कानुनी व्यवस्थाहरूको विषयमा सरल भाषामा आम मानिसहरूले बुझ्ने तरिकाबाट प्रचारप्रसार गर्नु पर्ने देखिन्छ । साथै, महिलाहरू जान लागिरहेको र गइरहेको मुलुकको पनि आप्रवासी कामदारसम्बन्धी खासखास कानूनी व्यवस्थाहरूको बारेमा समेत सरल भाषामा जानकारीहरू उपलब्ध गराउनु पर्ने देखिन्छ ।

## ४.२.३ सीप विकास कार्यक्रमहरु

महिलाहरूलाई वैदेशिक रोजगारीमा जानुअघि अनिवार्य रूपमा सिप विकास र भाषाको तालिम दिनु आवश्यक छ । यसले उनीहरूको काम गर्ने क्षमतामा सुधार ल्याउन र विदेशी कामको वातावरणमा अनुकूलन हुन मद्दत गर्छ । सरकारले कुन ठाउँमा के-कस्तो कामको माग छ भनेर अवलोकन गरेर त्यो अनुसारको सिप तालिमहरू प्रदान गर्नु पर्छ । वैदेशिक रोजगारका लागि जाने क्रममा शिक्षा, सिप र आर्थिक अवस्थाको महत्त्वपूर्ण भूमिका रहेको पाइएको छ । महिलाहरूले वैदेशिक रोजगारीमा जाने क्रममा विभिन्न समस्याहरूको सामना गरिरहेका छन् । सिप र भाषाको अभावले गर्दा उनीहरू घरायसी काममा मात्र सीमित हुने गरेका छन् । यस समस्याको समाधानका लागि सरकार, गैरसरकारी संस्थाहरू र स्थानीय समुदायबीचको सहकार्य आवश्यक छ । विदेश जानुअघि सिप विकास र भाषाको तालिम अनिवार्य गर्नुपर्ने र वैदेशिक रोजगारका लागि सुरक्षित र संरक्षित वातावरण सुनिश्चित गर्नुपर्ने देखिन्छ । यसका लागि हामी नेपाल सरकारले महिला केन्द्रित तालिम केन्द्र प्रत्येक प्रदेशमा बनाउनुपर्ने सुझाव पेस गर्दछौँ । वडा, पालिका र जिल्ला प्रशासन कार्यालय हुँदै व्यक्ति उक्त तालिम केन्द्रमा अनिवार्य तालिम लिएपश्चात् मात्र बिदेसिन पाउने व्यवस्था गरिनु पर्दछ । साथै उक्त तालिम केन्द्रमा श्रम बजारमा माग भएको विषयअनुसार र व्यक्तिको अवस्थाअनुसारको तालिम प्याकेजको पनि व्यवस्था गरिनु पर्दछ । जहाँ एकातर्फ काम गर्न जान लागेको क्षेत्रको विषयमा सिप विकास गरिनेछ भने अर्कोतर्फ जान लागेको देशका राजनीतिक तथा धार्मिक र सांस्कृतिक चालचलन, वैदेशिक रोजगारप्रतिको उक्त देशको कानुन तथा नीति, सामान्य बोलीचालीका लागि आवश्यक भाषा, त्यहाँको रहनसहन, खाना, सुरक्षा निकाय र मौसम लगायतका विषयमा समेत जानकारी गराइनु पर्दछ ।

### ४.२.४ शिक्षा र चेतना

अध्ययनले उच्च शिक्षा हासिल गर्ने महिलाहरू बढी वैदेशिक रोजगारको बारेमा सोधखोज गर्ने, आफुलाई पायक पर्ने देश छनोट गर्ने देखिएको हुँदा बालिका शिक्षा र महिलाहरूको लागि पनि अनौपचारिक शिक्षामा अझै पनि जोड दिनु पर्ने देखिन्छ । शिक्षाले महिलाको क्षमता र आत्मविश्वास दुवै बढाउने देखिन्छ । त्यसका लागि महिलाहरूलाई उच्च शिक्षा प्राप्त गर्न प्रोत्साहित गर्दै शिक्षा क्षेत्रमा सुधार गर्नु आवश्यक छ । सँगसँगै वैदेशिक रोजगारमा जाने प्रक्रिया, सेवा सुविधा, महिलाले भोग्ने गरेका समस्या, आवश्यक पहलहरू आदिका बारेमा पनि व्यापक जनचेतना जागृत भएमा मात्र महिलाहरूले सही काम र देशको छनोट गर्न सक्नेछन् । प्रवासी नेपाली समन्वय समिति (PNCC) का एक सदस्यका अनुसार, "वैदेशिक रोजगारीमा जान चाहने महिलाहरूका लागि सही सूचना र तालिमको व्यवस्था गर्न अत्यावश्यक छ । यसले उनीहरूको सुरक्षा र सफलतामा ठुलो भूमिका खेल्छ ।" तसर्थ व्यापक रूपमा शिक्षा र जनचेतना अभिवृद्धिको काम गर्न आवश्यक देखिएको छ ।

### ४.२.५ स्वरोजगारको वातावरण सिर्जना

अध्ययनको क्रममा अन्तर्वार्ता गरिएका वैदेशिक रोजगारीबाट फर्कने, हाल कार्यरत र जान लागेका अधिकांश महिलाहरूले स्वदेशमै राजेगारको अवसर नभएको कारण बिदेसिन बाध्य भएको बताएका थिए । यसर्थ, स्वदेशमा रोजगारको अवसर नहुनुले नै धेरैजसो महिलाहरू बिदेसिन बाध्य भएको देखिन्छ । तसर्थ सरकारले लैङ्गिक समानतासम्बन्धी कार्यक्रमहरू वैदेशिक रोजगारीसँग सम्बन्धित छलफलहरूमा पनि ल्याउनुपर्ने देखिन्छ । यसै गरी स्वदेशमै महिला केन्द्रित रोजगारीको वातावरण सिर्जना गर्नुपर्ने पनि देखिन्छ । रोजगारको अवसर सिर्जना गर्दा बजारलाई ध्यानमा राखेर परम्परागत लैङ्गिक भूमिका प्रवर्द्धन गर्नेभन्दा बजार आवश्यकतालाई परिपूर्ति गर्ने खालका कार्यक्रमहरूलाई प्राथमिकताका साथ अघि सार्नुपर्ने देखिन्छ । कार्यक्षेत्रमा हुने हिंसा अन्त्यका लागि महिलाहरूले काम सिक्ने तथा गर्ने स्थानहरूमा यससँग सम्बन्धित संयन्त्र निर्माणको सुनिश्चितता गर्नु पनि निकै आवश्यक देखिन्छ ।

### ४.२.६ सुरक्षित वैदेशिक रोजगार

वैदेशिक रोजगारीका लागि सुरक्षित र संरक्षित वातावरण सुनिश्चित गर्नु अत्यन्त आवश्यक छ । अध्ययनको क्रममा महिलाहरू चिनेजानेका, नातागोता आदिबाट वा एजेन्टहरूमार्फत गइरहेको हुँदा कसरी यसलाई आधिकारिक निकायबाटै जाने बनाउन सकिन्छ र जानुअघि सबै जानकारी र सिप हासिल गर्नका लागि आवश्यक व्यवस्था गर्न सकिन्छ सो बारेमा स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्म सबै जना तत्पर हुनुपर्ने देखिन्छ । यसका लागि वैदेशिक रोजगारीमा जाने महिलाका मुद्दामा कार्यरत विभिन्न निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, दातृ निकाय लगायतसँग पनि सहकार्य गर्न आवश्यक छ । सँगसँगै वित्तीय साक्षरतासम्बन्धी पनि जानकारी दिनुपर्ने त्यत्तिकै धेरै आवश्यक देखिएको छ । अध्ययनको क्रममा कतिपय महिलाहरूले आफुहरूलाई अनलाइनमार्फत पैसा पठाउन नआउँदा, कम्प्युटर, मोबाइल आदि राम्रोसँग चलाउन नआउँदा अरू व्यक्ति तथा उनको अकाउन्टमार्फत पैसा वा अन्य सामग्री पठाउँदा परिवारसँग नपुगेको गुनासो गरेका छन् । त्यसै गरी महिलाहरूसँगको अनौपचारिक कुराकानीको क्रममा अन्तर्वार्ता कसरी दिने, बायोडाटा कसरी बनाउने, निवेदन, पत्र लेख्ने जस्ता सिपहरूले समेत राम्रो काम पाउने अवस्थाको सिर्जना गर्न सक्ने बताएका हुनाले समेत तसर्थ वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका खातिर वित्तीय शिक्षा पनि उत्तिकै आवश्यक देखिन्छ ।

### ४.२.७ जोखिम पक्षहरुको अध्ययन

नेपाली महिलाहरूले वैदेशिक रोजगारीमा विशेष गरी खाडी मुलुकहरूमा साउदी अरब, कुवेत, दुबई जस्ता स्थानहरूमा अवैध तरिकाले जाने क्रममा गैरकानुनी रूपमा बस्दा शारीरिक र मानसिक यातनाको सामना गर्नुपर्ने देखिन्छ । यसका साथै उनीहरूले नक्कली कागजपत्र बनाएर विभिन्न कानुनी समस्याहरू र अन्य जोखिम पनि मोल्ने गरेको देखिन्छ । यसरी जोखिम पर्दा परिवारसँग सम्पर्क नगर्ने वा गर्न नपाउने, मानसिक तनाव र श्रमिक अधिकारको अभावले उनीहरूको स्थिति थप जोखिम बन्न जान्छ । खाडी देशहरूमा वैदेशिक रोजगारीमा काम गर्दा महिलाहरूले अधिकार सुरक्षित गर्नका लागि कानुनी र प्रशासनिक समर्थन मात्रै नभएर श्रमिक अधिकारको विषयमा समेत राज्यले कूटनीतिक पहल गर्नु आवश्यक देखिन्छ ।

### ४.२.८ महिला सशक्तीकरण

वैदेशिक रोजगार महिलाको बाध्यता मात्र होइन यो उनीहरूको इच्छा पनि हो तसर्थ महिलाहरू आफुले रोजेको काममा जान पाउनु आफुले रोजेको मुलुकमा काम गर्न जान पाउनु महिलाले स्व:निर्णयको अधिकार समेत हो । यसका लागि राज्यको जिम्मेवारी भनेको उचित वातावरण निर्माण गर्नु हो । तर हाम्रो लैङ्गिक अवधारणाको जगमा उभिएको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक व्यवस्थाले महिलालाई विचार बोग्ने मान्छेको रूपमा हेर्दैन जसका कारण उनीहरूमाथि लगानी पनि गर्न हिचकिचाउँछ । तर महिलाहरू सक्षम छन् र बनाइनु पर्दछ भन्ने सोचका साथ महिला सशक्तीकरणका कार्यक्रम र अभियानहरू अघि सारिनु पर्दछ । अध्ययनकै क्रममा महिलाहरूले आफुले कमाएको पैसामा आफ्नो पूर्ण नियन्त्रण नहुने बताउनाले महिला सशक्तीकरणका अत्यावश्यक देखिन्छ । तसर्थ महिलाले नेपालमै होस् वा नेपालबाहिर काम गर्ने उचित वातावरण निर्माण गर्नु र आवश्यक परेको समयमा सेवा उपलब्ध गराउने पद्धतिको विकास गर्नु जरुरी देखिन्छ ।

### ४.२.९ सामुदायिक समर्थन र मनोवैज्ञानिक परामर्श

वैदेशिक रोजगारीमा जाने महिलाहरूको मानसिक स्वास्थ्यको विषयमा पनि राज्यले विशेष ख्याल राख्नुपर्ने देखिन्छ । विदेशस्थित कूटनीतिक नियोग वा उक्त मुलुकमा रहेको प्रवासी नेपालीहरूसँग सम्बन्धित सङ्घसंस्थाहरूसँगको समन्वयमा होस् मानसिक स्वास्थ्यबारे जानकारी र आवश्यक टोल फ्री नम्बरबाट परामर्श प्रदान गर्ने लगायतका सेवाहरू उपलब्ध गराउनु पर्दछ । त्यसै गरी नेपालभित्रै पनि मानसिक समस्याका साथ आएका महिलाहरूलाई परामर्श दिने व्यवस्था राज्यले गर्नुपर्दछ । यसका लागि महिला आयोगले पनि पहल गर्नुपर्ने देखिन्छ । सँगसँगै विदेशमा काम गर्न गएका महिलाहरूलाई अझै पनि समाजमा गलत नजरले हेर्ने, विश्लेषण गर्ने परिपाटी अझै पनि विद्यमान भएकाले यसको समाधानका लागि समाजमा महिला तथा बालिकाको स्थिति र अवस्था दुवै परिवर्तन गर्नका लागि समुदाय केन्द्रित अभियानहरू, विद्यालय लगायतका शैक्षिक सामग्रीहरूमा विषयवस्तुहरू संलग्न गरेर कामहरू अघि बढाउनु पर्ने देखिन्छ ।

### ४.२.१० उद्धार र पुनर्स्थापना

अध्ययनको क्रममा अधिकांश महिलाहरूले आफुमाथि हिंसा हुँदा उक्त देशमा भएको नेपालको कूटनीतिक निकायमा जाने गरेको बताएका छैनन् । यदि गए पनि पहिलो विकल्पको रूपमा उक्त जाने गरेका छैनन् । यस अर्थमा राज्यले हिंसा प्रभावित महिलाहरूको उद्धार र पुनर्स्थापनामा प्रभावकारी भूमिका खेल्न नसकेको देखिन्छ । तसर्थ, काम गर्न जाने मुलुक र नेपाल दुवैतर्फ हिंसा, मानवीय सङ्कट मानसिक समस्या भोगेका महिलाहरूको उद्धार र पुनर्स्थापनाका लागि अवाश्यक संयन्त्र, सुविधा र कार्यक्रमहरू आवश्यक देखिन्छ । पछिल्लो समयमा महिलाहरूले मानसिक समस्या पनि एउटा मुख्य समस्याको रूपमा उजागर गरेका कारण पनि यसका लागि पहल गर्नुपर्ने आवश्यक देखिन्छ ।

### ४.२.११ पुरुषसँगाको सहकार्य र संलग्नता

हाम्रो सामाजिक तथा राजनीतिक शक्ति संरचनामा घरदेखि राज्यको निकायसम्म पनि पुरुषहरू केन्द्रमा छन् । महिलामाथि हुने अधिकांश हिंसाको जिम्मेवार पनि पुरुष र पितृसत्ता नै रहने गरेको छ । नेपालभित्र होस् वा विदेशमा, महिलामाथि हुने हिंसाका जिम्मेवार व्यक्ति पुरुषहरू हुने देखिएको छ । यस सन्दर्भमा वैदेशिक रोजगारीमा जाने महिलाहरूको अधिकार सुनिश्चितताका लागि कसरी पुरुषहरूसँग सहकार्य गर्न सकिन्छ, पुरुषका के कस्ता भूमिका हुन सक्छन् भन्ने सन्दर्भमा व्यापक छलफल हुन आवश्यक छ । नेपाल सरकारले वि.सं. २०७५ सालमा महिला तथा बालिकाउपर हुने हिंसाविरुद्ध पुरुष सहभागिता राष्ट्रिय रणनीति ल्याएको छ । कसरी यस्ता रणनीतिहरूको पालना वैदेशिक रोजगारीका क्षेत्रमा पनि गर्न सकिन्छ भन्ने बारेमा बहस तथा कार्यक्रम आवश्यक देखिन्छ । यसले मात्र एकातर्फ महिलालाई आफुले रोजगारीका लागि रोजेको ठाउँमा काम गर्ने वातावरण निर्माण गर्दछ भने कामको वातावरणलाई पनि मर्यादित बनाउन सहयोग पुऱ्याउँदछ ।

# ५. अनुसूची

## अनुसूची १ : अध्ययन टोली

- अध्ययन टोली प्रमुख - डा. सुदीप सिंह नकर्मी
- अध्ययन टोली उपप्रमुख - विवेका थापा, सन्जोग ठकुरी
- अध्ययन टोली सदस्य - साहारा शिवाकोटी र स्मिता यादव (झापा जिल्ला), सुयशा अधिकारी र सुस्मिता हुमागाईं (मकवानपुर), सञ्जिता बज्राचार्य र मन्दिरा बानियाँ (सिन्धुपाल्चोक) र मनिका विश्वकर्मा (द्वितीय तथ्याङ्क सङ्कलक)
- तथ्याङ्क विश्लेषण - किरण भट्टराई
- भाषा सम्पादन - पुष्पराज राई
- लेखा - सन्तोष कुमार अधिकारी
- कार्यालय सहयोगी - लिला नेपाल

## अनुसूची २ :

## वैदेशिक रोजगारीमा संलग्न भई हाल नेपाल फर्कनुभएका महिलाहरुको व्यक्तिगत अन्तर्वार्ताको प्रश्नावली

# वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था, चुनौती र जोखिम पक्षको अध्ययन तथा अनुसन्धान

## Personal Interview (Returnee)

- व्यक्तिको नाम :
- उमेर :
- लैङ्गिकता :
- जात/जाति :
- कामदारको प्रकार : ☐ Returnee ☐ Potential ☐ Current
- हालको बसोबासको स्थान :
- पालिकाको नाम :
- जिल्लाको नाम : मोबाइल नं. :
- सम्बन्ध : ☐ स्वयं कामदार ☐ श्रमिकको परिवार

**खण्ड १ : परिचय**

१. तपाईंको परिवारको प्रकारबारे बताइदिनुहोस् ।

☐ एकल ☐ संयुक्त ☐ बृहत्

२. परिवारमा सदस्य सङ्ख्या कति छन् ? :

३. वैवाहिक स्थिति

☐ विवाहित ☐ अविवाहित ☐ सम्बन्धविच्छेद

४. शिक्षाको स्तर

☐ साक्षर ☐ आधारभूत तह ☐ माध्यमिक तह ☐ उच्च शिक्षा

**खण्ड २ : आधारहरू**

५. तपाईंले विदेश जाने सोच किन बनाउनुभयो ?

६. तपाईं जानुभएको देश कुन हो ?

☐ साइप्रस ☐ जोर्डन ☐ कुवेत ☐ लेबनान ☐ साउदी अरब
☐ कतार ☐ मलेसिया ☐ संयुक्त अरब इमिरेट्स

७. उक्त देशका बारेमा तपाईंले कसरी थाहा पाउनुभयो ?

☐ सामाजिक सञ्जाल ☐ नातागोता ☐ साथी ☐ अन्य

८. उक्त देशमा मासिक कतिसम्म कमाइ गर्ने सोच्नुभएको थियो ?

९. सो देश जानुअघि अन्य कुनै देश कामको सिलसिलामा जानुभएको थियो ?

☐ छ ☐ छैन

१०. किन त्यही देश जान चाहनुभएको थियो ?

**क. आर्थिक**

११. तपाईंले जान चाहेको देशमा जान फ्री भिसामा जान चाहनुभएको थियो वा पैसा तिरेर ?

☐ फ्री भिसा ☐ पैसा तिरेर

१२. पैसा तिरेर जाँदा कति खर्च लागेको थियो ?

१३. तपाई आफैं कमाउनुहुन्छ कि परिवारमा आश्रित हुनुहुन्छ ?

☐ आफै कमाउने ☐ परिवारमा आश्रित

१४. कमाउने गर्नुभएको छ भने मासिक आम्दानी कति हुने गर्छ ?

१५. के उक्त आम्दानीले घर चलाउन पुग्छ ?

☐ पुग्छ ☐ पुग्दैन

१६. तपाईंसँग कोही परिवार सदस्य आश्रित छन् ?

☐ छन् ☐ छैनन्

१७. विदेश जान चाहिने पैसाको व्यवस्था कसरी गर्नुभएको थियो ? (एकभन्दा बढी विकल्प छनोट गर्न सकिने)

☐ जग्गा बेचेर ☐ कर्जा लिएको ☐ पैतृक सम्पत्ति ☐ आफ्नै कमाइबाट

१८. यदि तपाईंले ब्याङ्कबाट ब्याजदरमा ऋण लिनुभएको थियो भने कति ब्याजदरमा लिनुभएको थियो ?

१९. उक्त आर्थिक प्रबन्ध गर्नमा कुनै कठिनाइ भोग्नुभयो ?

☐ भोगेँ ☐ भोगिन

**ख. कामको अवस्था**

२०. सामाजिक सुरक्षा कोषमा गएको देशबाट प्राप्त पैसाबाट केही रकम जम्मा गर्नुभएको थियो ?

☐ छ ☐ छैन

२१. छैन भने, किन राख्नुभएन ?

२२. जुन काममा जाने भनिएको थियो, के सोही काममा जान पाउनुभयो ?

☐ भयो ☐ भएन

२३. तपाईंले काम गर्नुभएको स्थानको अवस्था कस्तो थियो ?

☐ राम्रो ☐ नराम्रो

२४. काम गर्ने स्थानमा तलब सुविधा कस्तो थियो ?

☐ भने अनुसारको थियो ☐ भने अनुसारको थिएन

